जेठ – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २६, अङ्क ४ | २०७४, जेठ १६–३१ | पूर्णाङ्क ५९८ |
|---|---|---|





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

**माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन - सदस्य**
**अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री ठगिन्द्र कट्टेल

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी
कार्यालय सहयोगी श्री रामचन्द्र खड्का


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | १२ | इजलास नं. १० | ७ |
| इजलास नं. १ | ३ | इजलास नं. ११ | ४ |
| इजलास नं. २ | ३ | इजलास नं. १२ | २ |
| इजलास नं. ३ | ७ | इजलास नं. १३ | ५ |
| इजलास नं. ४ | ५ | इजलास नं. १४ | २ |
| इजलास नं. ५ | ६ | इजलास नं. १५ | ३ |
| इजलास नं. ६ | ७ | इजलास नं. १६ | ३ |
| इजलास नं. ७ | ७ | इजलास नं. १७ | १ |
| इजलास नं. ८ | ६ | इजलास नं. १८ | २ |
| इजलास नं. ९ | ४ | एकल इजलास | ३ |
| जम्मा | ६० | जम्मा | ३२ |

**कूल जम्मा ६० + ३२ = ९२**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, जेठ – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ८** |
| १. | अंश | भुल्या मियाँ वि. मुहमद अहमद शेष | |
| २. | अबन्डा जग्गा बन्डा गरी खिचोला मेटाई पाऊँ | जिवछ राय वि. रामेश्वर राय | |
| ३. | उत्प्रेषण / परमादेश | शान्ति प्रधान वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत | |
| ४. | कर्तव्य ज्यान | लेबर कान्छा भन्ने तिलकबहादुर कालामगर वि. नेपाल सरकार | |
| ५. | अपहरण तथा कर्तव्य ज्यान | नेपाल सरकार वि. टेकराज जोशी | |
| ६. | कर्तव्य ज्यान | लालप्रसाद तिलिजा वि. नेपाल सरकार | |
| ७. | लागु औषध खैरो हेरोइन | सिंहेश्वर यादव वि. नेपाल सरकार | |
| ८. | कर्तव्य ज्यान | बाबुकाजी महर्जन वि. नेपाल सरकार | |
| ९. | कर्तव्य ज्यान | समिर विष्ट वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **८ - १०** |
| १०. | डाँका / चोरी | सोमबहादुर तामाङ वि. नेपाल सरकार | |
| ११. | उत्प्रेषण / परमादेश | मलुक चन्द राजवंशी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत | |
| १२. | उत्प्रेषण / परमादेश | गुनजेश्वरप्रसाद यादव वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | |
| **इजलास नं. २** | | | **१० - १३** |
| १३. | कर्तव्य ज्यान | लालबहादुर वि.क.समेत वि. नेपाल सरकार | |
| १४. | लागु औषध (अफिम) | राकेशराय यादव वि. नेपाल सरकार | |
| १५. | ज्यान मार्ने उद्योग | संजोक जोशी वि. नेपाल सरकार | |
| **इजलास नं. ३** | | | **१३ - १८** |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. देबकु सदा | |
| १७. | कर्तव्य ज्यान | रामकुमार यादव वि. नेपाल सरकार | |
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुरेन्द्र साह | |
| १९. | अवैध मोहीयानी लगतकट्टा | रामएकवाल प्रसाद वि. सत्यनारायणदाश तत्मा | |
| २०. | अवैध मोहीयानी लगत कट्टा | रामएकवाल प्रसाद वि. शिवराम महतो कोइरी | |
| २१. | अदालतको अपहेलना | राजेशप्रसाद रौनियार वि. भगवतीकुमार काफ्लेसमेत | |

| | | |
|---|---|---|
| २२. | बन्दी प्रत्यक्षीकरण | अरूणकुमार साह वि. सप्तरी जिल्ला अदालतसमेत |
| **इजलास नं. ४** | | **१८ - २१** |
| २३. | कर्तव्य ज्यान | डिमा शेर्पा वि. नेपाल सरकार |
| २४. | उत्प्रेषण / परमादेश | हेमराज कुम्हार वि. मीना खटिक |
| २५. | निषेधाज्ञा | झरकी देवी थरूनी वि. दरोगी ऋषिदेव |
| २६. | निषेधाज्ञा / परमादेश | गंगिता देवी जयसवाल वि. नापी शाखा कार्यालय, बारासमेत |
| २७. | उत्प्रेषण / परमादेश | माधव घिमिरे वि. तिर्थकुमार सुवेदीसमेत |
| **इजलास नं. ५** | | **२१ - २५** |
| २८. | उत्प्रेषण | उपेन्द्र अर्याल वि. नेपाल सरकारसमेत |
| २९. | उत्प्रेषण | वेदप्रसाद भण्डारी वि. लोक सेवा आयोग के.का. अनामनगर काठमाडौंसमेत |
| ३०. | अदालतको अवहेलना | वेदप्रसाद भण्डारीसमेत वि. राजेन्द्रप्रसाद साह, सदस्य लोक सेवा आयोग के.का. अनामनगर काठमाडौंसमेत |
| ३१. | उत्प्रेषण | रणधीर तुम्बा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल काठमाडौंसमेत |
| **इजलास नं. ६** | | **२५ - ३१** |
| ३२. | वैदेशिक रोजगार ठगी | विक्रम चौधरी वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ३३. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | कैलासकुमार सिंह वि. नेपाल सरकार |
| ३४. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. रमेश न्यौपानेसमेत |
| ३५. | उत्प्रेषण | सुरेशचन्द्र पौडेल वि. पुनरावेदन अदालत, पाटनसमेत |
| ३६. | उत्प्रेषण | हरिप्रसाद न्यौपानेसमेत वि. नेपाल विद्युत् प्राधिकरण, सञ्चालक समिति, काठमाडौंसमेत |
| ३७. | उत्प्रेषण | श्यामसुन्दर प्रसाद यादव वि. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, के.का.दू.भ. काठमाडौंसमेत |
| ३८. | उत्प्रेषण | अधिवक्ता जगन्नाथ मिश्रसमेत वि. स्थानीय विकास मन्त्रालय, श्रीमहल पुल्चोक, ललितपुरसमेत |
| **इजलास नं. ७** | | **३१ - ३६** |
| ३९. | टिप्पणी आदेश बदर | झोलाई मण्डलको मु.स. गर्ने सिन्धुमण्डल खत्वे वि. खंग खत्वे |
| ४०. | निकास बाटो खुलाई पाऊँ | तिर्थ कुर्मी वि. सीयाराम लोध |
| ४१. | बाटो कायम | प्रेमलता गुप्ता वि. रामशंकर खड्कासमेत |

| | | |
|---|---|---|
| ४२. | कर्तव्य ज्यान | हाङ्गस्रोङ्ग लिम्बू वि. नेपाल सरकार |
| ४३. | कर्तव्य ज्यान | लोकबहादुर भूल वि. नेपाल सरकार |
| ४४. | परमादेश | उमेशकुमार मण्डल वि. परमेश्वर महतो |
| **इजलास नं. ८** | | **३६ - ३८** |
| ४५. | कर्तव्य ज्यान | साजन तामाङ वि. नेपाल सरकार |
| ४६. | निषेधाज्ञा | रामबहादुर गौतम वि. मनु रौनियार |
| ४७. | उत्प्रेषण / परमादेश | रमरतिया धानुक वि. हरिनारायण महतो धानुक |
| ४८. | अवैध बाघको आखेटोपहार ओसारपसार | धनमाया लामा वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | **३८ - ४२** |
| ४९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सनोज सहनीसमेत |
| ५०. | कर्तव्य ज्यान | कवेला चौधरी वि. नेपाल सरकार |
| ५१. | कर्तव्य ज्यान | रविन्द्रराज राईसमेत वि. नेपाल सरकार |
| ५२. | कर्तव्य ज्यान | मकसुद मन्सुर वि. नेपाल सरकार |
| **इजलास नं. १०** | | **४२ - ४७** |
| ५३. | जग्गा खिचोला चलन | रामनरेश शर्मा वि. रामशंकर यादव |
| ५४. | हातहतियार खरखजाना | नेपाल सरकार वि. रामकुमार यादवसमेत |
| ५५. | उत्प्रेषण | धर्मेन्द्रकुमार खिडहरी वि. पुनरावेदन अदालत, जनकपुर, धनुषासमेत |
| ५६. | उत्प्रेषण | सुनरमाया राजपुउगमी तेलीनतनी वि. जयप्रकास केशरीसमेत |
| ५७. | परमादेश | राजलाल यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल |
| ५८. | निष्क्रिय मोही लगत कट्टा | सुनरमाया राजपुतनी वि. जयमंगल दास बैरागी |
| ५९. | मोही नामसारी | लक्ष्मी चौधरी वि. कृष्णदेव चौधरी |
| **इजलास नं. ११** | | **४७ - ४९** |
| ६०. | निर्णय दर्ता बदर हक कायम | पुरूषोत्तम नारायण श्रेष्ठसमेत वि. साबिक पशुपति प्रा.वि. को हाल श्री पशुपति माध्यमिक विद्यालय, कोटिहवासमेत |
| ६१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जयधन भन्ने दर्मन राई |
| ६२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. इन्द्रबहादुर पुन |
| **इजलास नं. १२** | | **४९ - ५०** |
| ६३. | उत्प्रेषण | नवीन अर्याल वि. पुनम मुडभरीसमेत |
| ६४. | चोरी | नेपाल सरकार वि. दिपककुमार झा |

| | | |
|---|---|---|
| **इजलास नं. १३** | | **५० - ५३** |
| **६५.** | उत्प्रेषण / परमादेश | रामशंकर खड्का वि. नेपाल सरकार |
| **६६.** | परमादेश / प्रतिषेध | दिपेन्द्रकुमार यादव वि. घनश्याम आचार्यसमेत |
| **६७.** | अंश चलन | विश्वनाथ भुर्तेलसमेत वि. चिना भुर्तेलसमेत |
| **६८.** | जालसाजी | चिना भुर्तेल वि. दामोदरप्रसाद भुर्तेल |
| **इजलास नं. १४** | | **५३ - ५५** |
| **६९.** | बन्दी प्रत्यक्षीकरण | चक्रवर्ती लोहनी वि. वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहलसमेत |
| **७०.** | उत्प्रेषण | भागवत भण्डारी वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत |
| **इजलास नं. १५** | | **५५ - ५८** |
| **७१.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिपकबहादुर सिंह |
| **७२.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुरेन्द्र मग्राती मगर |
| **७३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबहादुर राई |
| **इजलास नं. १६** | | **५८ - ६१** |
| **७४.** | परमादेश | दुर्गा थापा वि. श्रीमती शान्ति थापासमेत |
| **७५.** | उत्प्रेषण | सीता भट्टराई (पोखरेल) समेत वि. लोक सेवा आयोग, के.का., अनामनगर, काठमाडौंसमेत |
| **७६.** | उत्प्रेषण / परमादेश | राजकिशोर साह वि. श्रीमती अन्जुदेवी साहसमेत |
| **इजलास नं. १७** | | **६१ - ६२** |
| **७७.** | उत्प्रेषण | कृष्णप्रसाद ढकाल वि. वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालसमेत |
| **इजलास नं. १८** | | **६२ - ६५** |
| **७८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. गोगनबहादुर मल्ल |
| **७९.** | कर्तव्य ज्यान | शुक्रराज राईसमेत वि. नेपाल सरकार |
| **एकल इजलास** | | **६५ - ६८** |
| **८०.** | उत्प्रेषण / परमादेश | अशोककुमार देवकोटा वि. विमला धिताल (पोखरेल) समेत |
| **८१.** | उत्प्रेषण / परमादेश | पूर्णचन्द्र पौडेल वि. सम्मानीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **८२.** | उत्प्रेषण | राकेशकुमार रावल वि. महानगरीय प्रहरी परिसर, कालीमाटी काठमाडौंसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-CI-०२४७, अंश, भुल्या मियाँ वि. मुहमद अहमद शेष

प्रतिवादीले आफ्नो प्रतिउत्तर जिकिरमा यी वादी भारतीय नागरिक चिस्ती सैयद गुलाम अब्दुल कादिर हुन् भनी निजको पासपोर्टको प्रतिलिपिसमेत पेस गरेको देखिन्छ भने उक्त विषयलाई यकिन गर्न उक्त व्यक्ति एउटै हुन् होइनन् भन्ने सम्बन्धमा फोटो परीक्षण गर्ने तथा सो सम्बन्धमा अन्य प्रमाण बुझेकोसमेत देखिँदैन। झुठा विवरण पेस गरी वादीले नागरिकताको लिएको विषयमा नागरिकता बदर गरिपाउँ भनी प्रतिवादीले दिएको मुद्दामा मिति २०६१।८।१ गते इलाका प्रहरी कार्यालय, चन्द्रौटाबाट भएको सर्जमिन मुचुल्कामा भुले मियाँ भन्ने व्यक्ति र महमद अहमद शेष भन्ने व्यक्ति नसरूल्ला मियाँको एक मात्र छोरा हुन् भनी भइरहेको किटानी सर्जमिनसमेतलाई आधार मानी जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुबाट मिति २०६२।१।९ मा विवादित नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकताबाट हटाउनु पर्ने भनी गृह मन्त्रालयमा च.नं. १५४५ को विस्तृत विवरणसहितको राय प्रतिवेदन प्रस्तुत गरेकोमा सो नागरिकतासम्बन्धी विवादको निरूपण गर्ने आधिकारिक निकाय गृह मन्त्रालयबाट नागरिकता सम्बन्धमा निर्णय हुन बाँकी नै रहेको अवस्थामा नै मिति २०६२।१०।११ गते कपिलवस्तु जिल्ला अदालतबाट बुझ्नुपर्ने र बुझ्न मिल्ने प्रमाणहरू समेत सबै नबुझी प्रतिवादीले दाबी जिकिर यथेष्ट प्रमाणहरूको सङ्कलन र मुल्याङ्कनसमेत नगरी फैसला भएको देखिन्छ । यी वादी प्रतिवादीका बीचमा नातातर्फको विवादका सम्बन्धमा प्रमाणको यथेष्ट मुल्याङ्कन एवम् परीक्षण हुन नसकेको अवस्थामा सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६२।१०।११ को फैसला बदर गरी अब उपर्युक्त प्रमाणहरूका अतिरिक्त वादी प्रतिवादीका जे जो प्रमाण बुझ्नुपर्ने हो बुझी फैसला गर्नु भनी पक्ष विपक्षलाई तारिख तोकी सुरू मिसिल कपिलवस्तु जिल्ला अदालतमा पठाइदिने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

यस अदालतबाट विपक्षी झिकाउने आदेश गर्दा पुनरावेदन अदालत, बुटवलले आफैँले प्रमाण बुझी निर्णय पनि नगरेको र लगत कायमै राखी प्रमाणसम्म बुझ्न पठाएको पनि नदेखिएको आधार लिई विपक्षी झिकाउने आदेश भएको सम्बन्धमा विचार गर्दा बुझ्नुपर्ने प्रमाण नबुझी गरिएको फैसला त्रुटिपूर्ण देखिएको कुरामा उक्त आदेश सहमत नै रहेको देखिन्छ । यद्यपि विपक्षी झिकाउने आदेश गर्दा यस अदालतको संयुक्त इजलासले आफैँले बुझी निर्णय गर्नसक्नेमा सुरू जिल्ला अदालतमा पठाएको भन्नेसम्म आधार लिएको देखिन्छ। बुझ्नुपर्ने सबै प्रमाण नबुझी फैसला भएको भन्ने विषयमा सहमत नै रहेको देखिँदा बुझ्नुपर्ने प्रमाण आफैँले नबुझेको भन्ने आधारमा पुनरावेदन अदालत, बुटवलको फैसला उल्टी हुनसक्ने भन्ने संयुक्त इजलासको विपक्षी झिकाउने आदेशसँग सहमत हुन नसकिने।

तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणहरू समेतबाट वादी प्रतिवादीका जे जो प्रमाण बुझ्नुपर्ने हो बुझी फैसला गर्नु भनी पक्ष विपक्षलाई तारिख तोकी सुरू मिसिल कपिलवस्तु जिल्ला अदालतमा पठाइदिने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।११।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन अदालत, बुटवलको फैसला उल्टी गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन

जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल माघ १७ गते रोज १ शुभम्।

- यसै लगाउको ०६८-CI-०२४७, अंश, भुल्ला मियाँ वि. मुहमद अहमद शेष भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-CI-११५८, अबन्डा जग्गा बन्डा गरी खिचोला मेटाई पाऊँ, जिवछ राय वि. रामेश्वर राय

कुनै पनि अंशियारहरूका बीचमा कानूनबमोजिम अंश छुट्टिई अंशको भरपाई वा अंशबन्डा भएको अवस्था वा अंशबन्डाको ३० नं. बमोजिम छुट्टिई भिन्न भएको जुनसुकै अवस्थामा पनि कुनै जग्गा अबन्डामा छ भने त्यस्तो अबन्डाको जग्गा हो भनी वादी पक्षले नै त्यसको प्रमाण गुजार्नु पर्ने हुन्छ। कुनै जग्गा अबन्डा जग्गा हो भनेर मात्र पुग्दैन त्यस्तो जग्गा अबन्डाको देखिनुपर्छ। जग्गा खिचोला मुद्दामा एकाको हकको जग्गा अर्को पक्षले अतिक्रमण साँध मिच्ने वा कुनै व्यहोराले टण्टा खडा गरे खिचोला हुनसक्छ। यस मुद्दामा अबन्डा र खिचोलामा एकैसाथ फिराद गरेको देखिन्छ तथापि मिति २०५०/१२/११ को अंशको भरपाईले प्राप्त गरेको जग्गा विवादित जग्गा हो भन्ने देखिँदैन। सो मितिमा अबन्डा जग्गा भनी छुट्याई राखेको पनि देखिँदैन। जहाँ अबन्डा जग्गा छ भन्ने यकिन हुन सक्दैन त्यहाँ अबन्डाको जग्गा हो भनी अनुमान गर्न पनि नमिल्ने।

तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणहरूबाट पुनरावेदन अदालत, राजविराजले विवादित जग्गा अबन्डा राखेको भन्ने स्पष्ट आधार देखाउन नसकेको र अंशबन्डाको लिखतमा उल्लिखित वादीको भोगको भन्ने पनि स्थापित हुन नआएकोले अंश भरपाईको लिखतभन्दा बाहिर गई गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६५।५।१७ को फैसला मिलेको नदेखिएकोले केही उल्टी हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ १७ गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०७३८, उत्प्रेषण / परमादेश, शान्ति प्रधान वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत

मिसिल अध्ययन गरी हेर्दा तत्कालीन भिमसेनगोला गा.वि.स.वडा नं.२/ङ कि.नं.१८० क्षेत्रफल ०-१२-३-० जग्गामा रिट निवेदकले मिति २०३९।२।२ मा नन्दबहादुर खत्री क्षेत्रीबाट हालैको बकसपत्रबाट प्राप्त गरेको मिसिल संलग्न बकसपत्र लिखतको फोटोकपीबाट देखिन्छ। साबिक कि.नं.१८० ज.क्षे.०-१२-३-० जग्गा पुनः नापी हुँदा कि.नं.११२ क्षेत्रफल ०-१०-१-३ नापी भएकोमा निवेदकले पुनः रेखाङ्कन गरी हाल साबिक गरिपाउँ भनी दिएको निवेदनमा कारवाही भई कि.नं.११२को जग्गामा जाने आउने गरी निवेदकले बनाएको सिँढीले चर्चेको ०-०-१-३ जग्गा निवेदकको निजी भऱ्याङ भनी जग्गाधनी प्रमाण पुर्जामा कैफियत खुलाउने गरी मालपोत कार्यालयबाट मिति २०५३।११।२७ मा हाल साबिक निर्णय भएकोमा उक्त निर्णय अनुचित देखिएको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सच्याउनका लागि भूमिसुधार मन्त्रालयलाई निर्देशन दिएको देखिन आउने।

सार्वजनिक बाटोको जग्गा व्यक्ति विशेषले दर्ता गरी उपभोग गर्न नहुने भन्ने सम्बन्धमा विवाद हुन सक्दैन। तर कुनै पनि जग्गा सार्वजनिक हो होइन भन्ने कुराको निरूपण सम्बद्ध तथ्य र प्रमाणको समुचित मुल्याङ्कनद्वारा साधिकार निकायबाट ठहर गरिनु पर्छ। निवेदकले सार्वजनिक बाटो मिची

सिँढी बनाएकोले भत्काइ पाउँ भनी टोलवासीहरूको तत्कालीन नगर विकास योजना कार्यालय र काठमाडौं नगरपालिकासमेतमा उजुरी परेकोले छानबिन हुँदा विवादित सिँढी सार्वजनिक जग्गामा नपर्ने भनी मिति २०५४।०९।०२ मा तत्कालीन नगर विकास योजना कार्यालयले निर्णय गरेको देखिन्छ। सार्वजनिक बाटो मिची सिँढी बनाएको देखिए त्यस्तो संरचना भत्काई हटाउन सक्ने अधिकारसमेत रहेको निकायबाट भएको निर्णयलाई आधिकारिक मान्नुपर्ने हुन्छ। कानूनविपरीत सार्वजनिक बाटो मिची निजी भऱ्याङ बनाएमा कारवाही गर्ने स्वतन्त्र निकायले छानबिन गरी सार्वजनिक बाटो नमिचिएको ठहर भइसकेकोमा पुन: सोही विषयमा कसैको उजुरी परेकै भरमा तथ्ययुक्त प्रमाणबिना विवादित सिँढी सार्वजनिक बाटोमा परेको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि रहेको देखिन आउने।

निवेदकको हकभोगको जग्गाको हालसाबिक गर्ने निर्णय अनुचित देखिएको भनी दुष्परिणाम सच्चाउने निर्णय गर्नुपूर्व आफूलाई सुनुवाईको मौका नदिएको हुँदा प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको निर्णय बदर गरिपाउँ भनी निवेदकले दाबी लिएको देखिन्छ। विपक्षी आयोगले निवेदकलाई सुनुवाईको मौका प्रदान गरी निर्णय गरेको हो भन्न सकेको छैन। कसैको हक हितविपरीत हुने निर्णय गर्दा त्यसबाट प्रतिकूल असर पर्ने व्यक्तिलाई आफ्नो भनाई राख्न पाउने मौका दिनुपर्ने हुन्छ। सुनुवाइको मौका नदिई कुनै प्रतिकूल निर्णय गरिन्छ भने त्यस्तो निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई कायम रहन नसक्ने।

तसर्थ माथि विवेचित आधार कारणबाट निवेदकको हक स्वामित्वको जग्गामा जान आउनको लागि बनाएको सिँढीले चर्चेको क्षेत्रफल ०-०-१-३ सार्वजनिक बाटो देखिएको हुँदा मालपोत कार्यालय को मिति २०५३।११।२७ हाल साबिक गर्ने निर्णय अनुचित देखिएकोले यस कार्यबाट उत्पन्न दुष्परिणामलाई सच्याउनका लागि लेखी पठाउने भनी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७०।१२।०९ मा भएको निर्णय अधिकारक्षेत्रविहीन एवम् प्राकृतिक न्यायको सिद्धान्तविपरीत समेत देखिँदा उक्त निर्णय तथा सो निर्णयको आधारमा विपक्षी मालपोत कार्यालय, काठमाडौंबाट जारी भएको सूचनासमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: सुरेशराज खनाल
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७१-WO-००८२, उत्प्रेषण, वीरेन्द्रनारायण श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंसमेत
- ०७१-WO-००८३, उत्प्रेषण, उर्मीला प्रधान वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत

४

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-CR-०१६२, कर्तव्य ज्यान, लेबर कान्छा भन्ने तिलकबहादुर कालामगर वि. नेपाल सरकार

प्रस्तुत मुद्दामा प्रतिवादी लेवर कान्छा भन्ने तिलकबहादुर काला मगरले मृतकलाई दाउराले हानी निज भुइँमा ढलेपछि पुनः सिलौटो प्रहार गरेका र चक्कु जस्तो धारिलो र जोखिमी हतियारसमेत प्रहार गरी मारेपछि पनि मृतकको कानसमेत काटी दिएको अवस्था देखिँदा यस्तो अवस्थाको वारदातमा उक्त १४ नं. को व्यवस्था आकर्षित हुने देखिँदैन। तसर्थ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम कम सजाय हुनुपर्छ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। चक्कुजस्तो जोखिमी र धारिलो हतियारको प्रहारबाट मृतकको मृत्यु हुन

गएको भन्ने देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. नै आकर्षित हुने देखिँदा पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा गरी रहन नपर्ने।

अतः प्रतिवादी लेवर कान्छा भन्ने तिलकबहादुर काला मगरलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर गरी प्रतिवादीले मनसायप्रेरित हत्या गरेको नदेखिएको र प्रतिवदीले घटनाको सम्बन्धमा सत्यतथ्य बताई अनुसन्धान एवम् न्यायिक प्रक्रियालाई सहयोग पुर्‍याएको समेतका आधारमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई १५(पन्ध्र) वर्ष कैद सजाय गर्ने राय व्यक्त गरी भएको पाल्पा जिल्ला अदालतको फैसलालाई रायसहित सदर ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६७।१०।१० मा भएको फैसला मिलेको देखिँदा रायसहित सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-CR-०९४०, १०५६, ०७०-RC-०११७, अपहरण तथा कर्तव्य ज्यान, नेपाल सरकार वि. टेकराज जोशी, टेकराज जोशी वि. नेपाल सरकार, नेपाल सरकार वि. धनबहादुर राना

वारदातमा मेरो कुनै संलग्नता नरहेको भन्ने प्रतिवादी टेकराज जोशीको पुनरावेदन जिकिर रहेको भए पनि प्रतिवादीहरू मिली एकआपसमा सरसल्लाह गरी कार्य विभाजन गरेअनुसार बाहिरी परिस्थितिको अध्ययन गरी अन्य प्रतिवादीहरूलाई जानकारी गराउने कार्य प्रतिवादी टेकराज जोशीको जिम्मामा परेको र प्रतिवादी टेकराज जोशीले सो जिम्मेवारी बहन गरेको भन्ने निजको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, सहप्रतिवादीहरूको मौकाको तथा अदालतसमक्षको बयानमा प्रहरी परिचालन भइसकेको भनी टेकराज जोशीले जानकारी दिएपछि मृतकको हत्या गरेको भनी खुलाएको र निज प्रतिवादी टेकराज जोशीको अदालतसमक्षको बयानमा मृतकको हत्या गरी सकेपछि अन्य सहप्रतिवादीहरूले मृतक विशाल जैनको हत्या भएको भनी फोनमार्फत जानकारी गराएका थिए भनी लेखाएको तथ्यबाट समर्थित भएको पाइँदा उक्त घटनाको श्रृङ्खलाहरूको अध्ययन गर्दा प्रतिवादी टेकराज जोशी निर्दोष रहेछन् भन्ने नदेखिने।

फौजदारी मुद्दामा शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको छ। तर घटनाको प्रकृति र श्रृङ्खलाबद्ध स्वरूपबाट प्रतिवादीको कसुरमा संलग्नता रहेको देखिएको अवस्थामा प्रतिवादीलाई निर्दोष रहेछन् भनी अनुमान गर्न मिल्ने हुँदैन। कुनै पनि प्रतिवादीले निजको कसुरमा रहेको संलग्नताको आधारमा सजाय पाउनुपर्छ भन्ने फौजदारी कानूनको उद्देश्य रहेको हुँदा प्रतिवादी टेकराज जोशीको प्रस्तुत मुद्दामा संलग्नता रहेको आधारमा निजलाई सजाय हुनुपर्ने नै देखियो। प्रतिवादी टेकराज जोशी र अन्य सहप्रतिवादीहरू समेतको मिलेमतो र योजनाबाट प्रस्तुत वारदात हुन गएको भन्ने देखिएको, मृतकलाई अपहरण गर्ने तथा हत्या गर्ने कार्यमा प्रतिवादी टेकराज जोशीको घटनास्थलमा उपस्थित रहे भएको नदेखिए पनि निजले उक्त कार्य गर्न अन्य सहप्रतिवादीहरूलाई बचन दिई बाहिर बसी सूचना दिनेसमेतको कार्य गरेको पुष्टि हुन आएकाले प्रतिवादी टेकराज जोशीलाई निजको संलग्नताको आधारमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर भएको देखिँदा कसुरबाट सफाइ पाउनु पर्छ भन्ने प्रतिवादी टेकराज जोशीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

कानूनन ठूलो सजायमा सानो सजाय गाभिन जाने र लगत कायम गर्दा ठूलो सजायको लगत कायम हुने भई सानो सजायको अस्तित्व रहने हुँदैन। प्रस्तुत मुद्दामा पहिले अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअनुसार प्रतिवादीहरूलाई सजाय गरी तत्पश्चात् ज्यानसम्बन्धीको महलअनुसार सजाय गर्दा प्रतिवादीहरूले पाउने सजायमा फरक पर्नसक्ने अवस्था देखिएमा पहिले अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअनुसार सजाय गरी तत्पश्चात् ज्यानसम्बन्धीको महलअनुसार सजाय गर्नुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा दुवै कसुर कायम गरी दुवै कसुरको सजाय गर्दा पनि ठूलो कसुरको सजायमा लगत कायम हुन गई सानो कसुरको सजायको लगत त्यसैमा गाभिन जाने हुँदा सानो कसुरको सजाय उल्लेख नभएकोसम्म अवस्थालाई अपहरणको कसुरमा कसुरदार ठहर नगरेको वा अपहरणको कसुरको गणना नभएको भन्ने अर्थ गर्न मिल्ने नदेखिने।

प्रतिवादीहरू धनबहादुर लामा र गणेशबहादुर धामीको हकमा साधकको रोहबाट विचार गर्दा निज प्रतिवादीहरू अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दा कसुरमा साबित रही बयान गरेको पाइन्छ । प्रतिवादीहरूले उक्त वारदातको सम्बन्धमा सिलसिलाबद्ध ढङ्गबाट उल्लेख गरी मृतकलाई अपहरण गरी पुनरपानीको जङ्गलमा पुर्‍याएको र सहप्रतिवादी टेकराज जोशीले प्रहरी परिचालन भइसकेको जानकारी दिएपछि मृतकलाई मार्ने सल्लाह गरी गोली हानी हत्या गरेको भनी खुलाई दिएकोसमेतका प्रमाणहरूबाट निज प्रतिवादीहरू उक्त वारदात घटनाका मुख्य कसुरदार रहेको पुष्टि हुन आएको देखिँदा प्रतिवादी धनबहादुर लामा र गणेशबहादुर धामीको हकमा साधक सदर हुने नै देखियो । तसर्थ पुनरावेदन अदालत, महेन्द्रनगरको फैसलालाई अन्यथा गरी रहन पर्ने देखिन नआउने।

माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाण तथा आधारसमेतबाट प्रतिवादीहरू धनबहादुर राना र गणेशबहादुर धामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी टेकराज जोशीलाई ऐ. महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी निजहरूलाई सोभन्दा सानो खतको अपहरणसम्बन्धमा सजाय नहुने ठहर्छ भनी भएको सुरूको फैसला अपहरण गर्ने तथा शरीरबन्धक लिने र ज्यानसम्बन्धी कसुर र सजायको दाबी लिएपछि दुवै व्यवस्थाको विवेचना गरी कसुर कायम गरी फैसला गर्नुपर्नेमा सो नगरेको हदसम्म सुरूको फैसला नमिलेको भए पनि परिणाममा सजाय कायम गर्दा वस्तुतः अन्तर नदेखिई सो फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६८।८।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार तथा प्रतिवादी टेकराज जोशीको पुनरावेदन जिकिर पुग्न सक्दैन । साथै प्रतिवादीहरू धनबहादुर राना र गणेशबहादुर धामीको हकमा साधक सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल असार १५ गते रोज ४ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-१०४३, कर्तव्य ज्यान, लालप्रसाद तिलिजा वि. नेपाल सरकार

मिसिल संलग्न घटना तथा लास जाँच मुचुल्का हेर्दा मृतक किरणको बायाँ आँखीभौँ माथि घाउचोट भएको, टाउकोमा चोट, घुँडामा नीलडाम र नलीहाडमा चोट, बायाँ पुट्ठामा पूरै नीलो र सुन्निएको, बायाँ स्तनमा नीलडाम, बायाँ र दायाँ कुममा नीलडाम र बायाँ घुँडामा नीलडाम भएको भन्ने देखिन्छ ।

निजको शव परीक्षण प्रतिवेदन (Autopsy Report) बाट शरीरको विभिन्न भागमा घाउचोट नीलडाम देखिई Cause of death: Hypovolemic shock due to massive haematoma भन्ने उल्लेख भएको देखिन्छ । तसर्थ, मृतक किरण तिलिजाको मृत्यु स्वाभाविकरूपमा नभई कर्तव्यबाट भएको तथ्य पुष्टि हुन आउने ।

पुनरावेदक प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त, प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा गरेको साबिती बयान, सहप्रतिवादी निरमती तिलिजाको बयान र प्रत्यक्षदर्शी छोरी बिमला तिलिजाको बकपत्र, मृतकको शव परीक्षण प्रतिवेदन, घटनास्थल प्रकृति मुचुल्का तथा लास प्रकृति मुचुल्का, बरामदी मुचुल्कासमेतका मिसिल संलग्न कागजातबाट प्रतिवादी लालप्रसाद तिलिजाले आफ्नै श्रीमती किरण तिलिजालाई दाउरा तथा फलामको बाउसोले प्रहार गरी हत्या गरेको पुष्टि भएको हुँदा प्रतिवादी लालप्रसाद तिलिजालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर्‍याएको सुरू म्याग्दी जिल्ला अदालतको फैसलालाई साधक सदर हुने ठहर गरेको पुनरावेदन अदालत, बागलुङको फैसला मिलेकै देखिन आउने ।

अतः माथि विवेचित तथ्य, कानून एवम् आधार प्रमाणबाट प्रतिवादी लालप्रसाद तिलिजालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर्‍याएको सुरू म्याग्दी जिल्ला अदालतको फैसलालाई साधक सदर हुने ठहर गरी पुनरावेदन अदालत, बागलुङबाट मिति २०६८।१२।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः शिवहरि पौड्याल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल वैशाख २ गते रोज ५ शुभम् ।

७

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-१०५८, लागु औषध खैरो हेरोइन, सिंहेश्वर यादव वि. नेपाल सरकार

मिति २०६७।७।३० गते राति अं. २०:०० बजेको समयमा जिल्ला धनुषा गा.वि.स. यज्ञभूमि वडा नं.७ स्थित धारापानी चौक सडकमा प्रतिवादी सिंहेश्वर यादवलाई प्रहरी कर्मचारीहरूले चेकजाँच गर्दा निजको साथबाट लागु औषध खैरो हेरोइन ४५ ग्राम बरामद भएको हो भन्ने वस्तुस्थिति मुचुल्काबाट देखिन्छ । प्रतिवादीको सर्टको गोजीबाट बरामद लागु औषध फेला परेको हो भन्ने प्रतिवेदक प्र.ना.नि. रेवतकुमार पोख्रेलले अदालतमा उपस्थित भई बकपत्र गरेका छन् । यसरी मिसिल संलग्न प्रहरी प्रतिवेदन, बरामदी मुचुल्का, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयान र प्रतिवेदकको अदालतमा भएको बकपत्रसमेतका कागज प्रमाणहरू मालाकार कडीको रूपमा रहेको देखिँदा आफ्नो शरीरबाट कुनै चिजवस्तु बरामद नभएको भन्ने प्रतिवादीको अदालतसमक्षको इन्कारी बयान र सो सम्बन्धमा निजले लिएको पुनरावेदन जिकिर खण्डित भएको देखिने ।

वीरगञ्जबाट रू.५०,०००।- मा खरिद गरी मधुवनी पुर्‍याउनको लागि ल्याउँदा शङ्कास्पद अवस्थामा प्रहरी गस्ती टोलीको चेकजाँच क्रममा पुनरावेदक प्रतिवादीको लागु औषध कारोबारको कसुर उजागर भएको घटनाक्रमबाट देखिएको छ । लागु औषधको कारोबार गर्ने व्यक्ति होइन भनी प्रमाणित गर्ने भार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले प्रतिवादीमा नै रहेकोमा पुनरावेदक प्रतिवादीले आफू निर्दोष रहेको कुरा प्रमाणित गर्न सकेको देखिएन । तसर्थ, अभियोग दाबीबाट सफाइ पाउनु पर्छ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादी सिंहेश्वर यादवलाई ४५ ग्राम लागु औषध खैरो हेरोइन खरिद सञ्चय

ओसारपसारको कसुरमा सजाय गर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला अन्यथा नभई मिलेकै देखिन आउने।

अतः माथि विवेचित आधार प्रमाणबाट यी प्रतिवादीले ४५ ग्राम लागु औषध खैरो हेरोइन खरिद, सञ्चय, ओसारपसार गर्ने कार्य गरेकोमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(घ)(२) बमोजिम अपराधको मात्रा तथा बरामद लागु औषधको परिमाण विचार गरी दश वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने तथा बरामद लागु औषध ऐ. ऐनको दफा १८ बमोजिम जफत हुने ठहर्‍याई सुरू धनुषा जिल्ला अदालतबाट मिति २०६९।१।३ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः शिवहरि पौड्याल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल वैशाख २ गते रोज ५ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-१२५७, कर्तव्य ज्यान, बाबुकाजी महर्जन वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादी र मृतक बाबुछोरा रही अंशसम्बन्धमा पटक पटक वादविवाद भएको भन्ने कुरा पुनरावेदकको अदालतसमक्षको बयान तथा जाहेरी दरखास्तबाट खुल्न आएको, जाहेरवालाको किटानी जाहेरी र निजको बकपत्र, बुझिएका मानिसहरूको मौकाको कागज तथा बकपत्रसमेतबाट पुनरावेदक प्रतिवादीको अधिकारप्राप्त अधिकारीमा साबिती बयानलाई समर्थन गरेको देखिएको र पुनरावेदक प्रतिवादीले अदालतमा इन्कारी बयान गरेको भए पनि सो बयानलाई प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिमको व्यवस्थाअनुसार आधारयुक्त प्रमाणहरू पेस गरी प्रमाणित गर्न सकेको नपाइएको अवस्थामा पुनरावेदक प्रतिवादीको सो कार्य भवितव्यवश भएको हो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित तथ्य एवम् आधार प्रमाणबाट प्रतिवादी बाबुकाजी महर्जनलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी भएको ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।४।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-१०८५, कर्तव्य ज्यान, समिर विष्ट वि. नेपाल सरकार

प्रतिवादीले घाँटी समाउँदा मृतक छटपटाएको र सिथिल भएपछि आपराधिक दायित्वबाट उन्मुक्ति पाउनको लागि झुण्डी मरेको भनी बनाउन झुण्ड्याएको देखिन्छ। यसरी निजले ज्यान मार्ने मनसायसहित जया विष्टको घाँटी थिचेको र सोबाट मानिसको मृत्यु हुनसक्छ भन्ने कुरा साधारण मानिसलाई समेत थाहा हुने भएकोले प्रस्तुत वारदातलाई भवितव्य ठहर गर्न मिल्दैन। मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत ऐजनको १३(३) नं. बमोजिमको अपराध कायम हुने देखिने।

प्रतिवादीले जया विष्टलाई मारी हाल्नु पर्नेसम्मको पूर्व रिसइवी कुनै रहेको देखिँदैन। हत्या गर्न कुनै पूर्वयोजना बनाएको पनि देखिँदैन। प्रतिवादीले जया विष्टलाई मार्नुपर्ने कारण के हो भन्ने कुरा प्रतिवादी समिर विष्टको भनाई बाहेक अरू कुनै तथ्य मिसिलबाट

देखिँदैन । तथापि लोग्ने स्वास्नीबीच केही हुन गई कसै गरी लोग्नेले स्वास्नीलाई मारेको अवस्था छ । प्रतिवादीले अनुसन्धानको क्रममा एवम् अदालतमा समेत उपस्थित भई बयान गर्दा आरोपित कसुरमा साबित भई बयान गरी अनुसन्धान र न्याय निरूपणको कार्यमा कुनै अवरोध पुर्‍याएको देखिएको पनि छैन । यसका साथै पहिलो चोटी आपराधिक कार्य गरेका यी प्रतिवादी कुनै पेशेवर अपराधी भएकोसमेत देखिँदैन । मिसिल संलग्न कागजबाट निजको एकजना नाबालक छोरी रहेको देखिन्छ र आमाको मृत्युपश्चात् छोरीको हेरचाह गर्नुपर्ने कुरा पनि निजको सजायबाट प्रभावित हुने अवस्था छ । निज लामो सयमसम्म कैदमा बस्दा छोरीको पालन पोषणको असुविधा र त्यसको पीडा र दुःख छोरीले पनि भोग्नुपर्ने निश्चित छ । बाबुको पूर्व तयारीबिना झोंकाझोंकबाट भएको कसुर र सजायबाट घुमाउरो तवरबाट नाबालिका छोरीले समेत सजायको भागीदार प्रतीत हुने गरी बाबुलाई बढी सजाय गर्नु न्यायोचित नहुने । प्रतिवादीले कसुर गरेकोले सजायको भागीदार हुने नै हुन्छ । तर के कति सजाय गर्ने भन्नेतर्फ वारदात हुँदाको परिस्थिति र प्रतिवादीको पारिवारिक अवस्थासमेतलाई मध्यनजर गरी हेर्दा यी प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्नजाने देखिन्छ । तसर्थ मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम प्रतिवादी समिर विष्टलाई १४ वर्ष कैद सजाय गर्दा प्रतिवादीलाई सजायको महसुस हुने भई ऐनको मनसाय पनि पूरा हुने देखिने ।

अतः उल्लिखित तथ्य, विवेचना एवम् प्रमाणहरूको आधारमा गोरखा जिल्ला अदालतबाट प्रतिवादी समिर विष्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी भएको फैसलालाई केही उल्टी गरी ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६८/०६/३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । तर प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम प्रतिवादी समिर विष्टलाई १४ वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल जेठ १७ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-००६५ र ०७०-CR-०५७६, डाँका / चोरी, सोमबहादुर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. मापन तामाङसमेत

प्रतिवादीहरूले चस्मदिद् गवाह नभई सुनेको भरमा मात्रै चोरी गरेको भन्न नमिल्ने भन्ने कुरा कानूनसङ्गत देखिँदैन किनभने चोरी गर्ने भनेको अरू मानिसको सामुन्नेमा देखाई या कसैले देख्ने गरी चोरी गर्न सक्ने अवस्था रहँदैन । मुलुकी ऐन, चोरीको महलमा चोरी कुन कुन किसिमले हुन्छ र कुन प्रकारको चोरी गरेमा कति सजाय हुने भन्ने कानूनी व्यवस्थासमेत भएको छ । रातिको समयमा ७० वर्षको उमेर पार भएका बुढा बुढीको घरमा गई शरीरमा घाउ खतसमेत बनाइ शरीरको संवेदनशील अङ्ग कानमा लगाएको सुनको गहना जबरजस्ती निकाली लैजानुलाई चस्मदिद् गवाह नभएकोले अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

दुईजना प्रतिवादीहरू सोताम भन्ने मापन तामाङ र सोमे भन्ने सोमबहादुर तामाङलाई प्रतिवादी बनाई अभियोग पत्र दायर भएकोमा अन्य चार जना

व्यक्तिहरू को को थिए भनि पुष्ट्याईं हुने गरी वादी पक्षबाट प्रमाण पेस गर्न नसकेको अवस्थामा प्रस्तुत वारदातमा जाहेरीमा खुलाइएबमोजिम ६ जनाको संलग्नता रहेको थियो भनी अनुमान गर्न तर्कसङ्गत हुने नदेखिएकाले प्रस्तुत चोरीको घटना विवरण हेर्दा चोरीको महलको ४ नं. ले परिभाषित गरेको जबरजस्ती चोरीअन्तर्गत नै पर्ने देखिएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने।

डाँका चोरी अपराधमा अपराधीहरूको संख्याले महत्त्वपूर्ण स्थान लिने भई सो संख्याकै आधारमा सजाय गर्ने व्यवस्था ऐनमा रहेको देखिन्छ । प्रस्तुत मुद्दामा ६ जना प्रतिवादीहरूको संलग्नता रहेको पुष्टि हुन नसकेको अवस्थामा शङ्का र तथ्यविहीन प्रमाणको भरमा प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम डाँका चोरीमा कैद सजाय गर्नु न्यायोचित नहुने हुँदा पुनरावेदन अदालत, पाटनले गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने।

पुनरावेदक प्रतिवादीहरूलाई नुवाकोट जिल्ला अदालतले चोरीको १, ४ नं. को कसुरमा चोरीको १४(२) नं. बमोजिम सजाय गर्नुपर्नेमा ६ नं. को कसुर ठहर्‍याई भएको नुवाकोट जिल्ला अदालतको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी गरी चोरीको १, ४ नं. को कसुरमा १४ (२) नं. बमोजिम जरिवाना जनही रू. १,९९,९१२।५० र १ महिना १५ दिन कैद गरी जरिवानाबापत समेत कैद हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१०।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः अर्जुनप्रसाद कोइराला

कम्प्युटर: विक्रम प्रधान

इति संवत् २०७२ साल कात्तिक १० गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०४५५, उत्प्रेषण / परमादेश, मलुक चन्द राजवंशी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ख को (घ) मा भएको कानूनी व्यवस्था हेर्दा "कर्मचारीलाई सरूवा गर्दा सामान्यतया पहिले जुन पद वा कार्यालयबाट सरूवा भई आएको हो पुन: सोही कार्यालयको सोही पदमा सरूवा गरिदिने छैन" भन्ने पाइन्छ । उक्त कानूनी व्यवस्थाको मनसाय के देखिन्छ भने कर्मचारीलाई सरूवा गर्दा सामान्यतया जुन पद वा कार्यालयबाट सरूवा भई आएको हो पुन: सोही कार्यालयको सोही पदमा सरूवा नगरिने भन्ने हो । यसर्थ उक्त कानूनी प्रावधानको मनसाय विशेष अवस्थामा त्यस्तो पद वा कार्यालयमा पुन: सरूवा गर्न रोक लगाएको नदेखिएको र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ को (ग) बमोजिम अधिकृत तहको कर्मचारीलाई एउटै कार्यालयको एउटै पदमा पाँच वर्षभन्दा बढी नराख्ने भन्ने व्यवस्था रहेको देखिँदा निवदेकलाई विपक्षीबाट गरिएको सरूवालाई स्वभाविक नै मान्नुपर्ने।

अधिकृत सातौं तहको व्यक्तिलाई अधिकृत छैठौं तहमा घटुवा गरी सरूवा गरेको भन्ने निवेदन जिकिरतर्फ विचार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ हेर्दा तह फरक परेको भन्ने विषयमा सो सम्बन्धमा सम्बन्धित निकायमा निवेदन गरेमा तह सच्याउन सकिने भनी उल्लेख गरेको र स्वास्थ्य सेवा विभागको लिखित जवाफ हेर्दा प्राविधिक कारणवस पदनाम र पद अन्यथा हुन गएको भनी पदनाम र तह फरक परेको कुरालाई स्वीकार गरी लिखित जवाफ पेस गरेको देखिएबाट रिट निवेदकलाई कुनै कारवाही गर्ने उद्देश्यले पद घटुवा नभई प्राविधिक कारणले सरूवा पत्रमा अधिकृत सातौं तह लेखिनु पर्नेमा अधिकृत छैठौं तह लेखिन गएकाले सो पदनाम सच्याउन रिट निवेदकले सम्बन्धित निकायमा निवेदन दिएमा सच्चिन सक्ने नै देखियो।

आफूलाई पायक पर्ने स्थानमा मात्रै बस्ने र

जिम्मेवारीको हिसाबले सरूवा गरिएको स्थानमा गई सेवा नगर्ने हो भने सो क्षेत्रमा बस्ने असहाय, अशक्त, गरिब व्यक्तिहरू र सुत्केरी महिलाहरू स्वास्थ्य अधिकारबाटै वञ्चित हुन पुग्ने हुँदा कानूनको रीत र प्रक्रिया पुर्‍याई स्वास्थ्य सेवा विभागले मिति २०७१।७।२८ को निर्णयानुसार मिति २०७१।८।२५ को पत्रबाट रिट निवेदकलाई गरेको सरूवालाई अन्यथा भएको भन्न मिल्ने अवस्था नदेखिने हुँदा रिट खारेज हुने र मिति २०७१।९।६ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेश स्वत: निष्कृय हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७२ साल मङ्सिर ९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-RC-०४५३, उत्प्रेषण / परमादेश, गुनजेश्वरप्रसाद यादव वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत

नेपाल स्वास्थ्य सेवासम्बन्धी नियमावली, २०५५ को नियम ३१(ख) मा सरूवाका आधारहरू उल्लेख छ । जसअनुसार अशक्त अपाङ्गता भएका कर्मचारीलाई निजले मागेको स्थानमा सरूवा गर्न प्राथमिकता दिइनेछ भन्ने व्यवस्था छ । निवेदक अशक्त र अपाङ्गता भएको कर्मचारी देखिन्न । मेडिकल बोर्डको मिति २०६३।५।७ को निर्णयानुसार निज निवेदकलाई लागेको रोग निको नहुने रोग भन्ने पनि देखिँदैन। उक्त रोगको उपचार हुनसक्ने अवस्था हुँदा बोर्डले सिफारिस गरेको १० वर्षसम्म पनि सोही मेडिकल बोर्डको सिफारिसको आधारमा सरूवा हुन नसक्ने भन्नु तर्कसङ्गत नदेखिने।

रिट निवेदक एउटै कार्यालयमा एउटै पदमा विगत ९।१० वर्षदेखि कामकाज गरी रहेको र शारीरिक रूपमा अशक्त तथा अपाङ्ग पनि नदेखिएको, ताप्लेजुङ जिल्लाको सदरमुकाम सुगम स्थान नै भएको र आफ्नो पदीय जिम्मेवारीअनुसार पाँच वर्षको सेवा अवधिपछि अर्को ठाउँमा सरूवा गर्नैपर्ने कानूनी व्यवस्थासमेत रहे भएको र आफूलाई पायक पर्ने स्थान र उमेर हदसमेत खुलाई सरूवा माग गरेको नदेखिएको अवस्थामा रिट निवेदकलाई सरूवा गर्ने गरी विपक्षी स्वास्थ्य सेवा विभागबाट भएको निर्णय मनासिबै हुँदा रिट निवेदन खारेज हुने र यस अदालतबाट मिति २०७१।९।४ मा जारी गरिएको अन्तरिम आदेश स्वत: निस्क्रिय हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७२ साल मङ्सिर ९ गते रोज ४ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०९२४, ०७१-RC-००९०, कर्तव्य ज्यान, लालबहादुर वि.क.समेत वि. नेपाल सरकार र नेपाल सरकार वि. पिमबहादुर वि.क.

ज्यानसम्बन्धीको महलको ६ (४) नं. अनुरूपको सजाय केबल ज्यानसम्बन्धीको महलको ५ नं. अनुरूप भवितव्य ठहरिएको अवस्थामा मात्र हुन सक्छ। ज्यानसम्बन्धीको महलको ५ नं. अनुरूप भवितव्य ठहरिनका लागि ज्यान मार्ने इवीलाग वा मनसाय हुनु हुँदैन । गरिएको कार्यबाट मानिस मर्ला जस्तो देखिनु पनि हुँदैन । ज्यान मार्ने इवीलाग वा मनसाय र गरिएको कार्यबाट ज्यान मर्नसक्छ भनी पूर्वदृष्टि (Foresee) रहेको अवस्थामा ज्यान मरेमा त्यो ज्यानसम्बन्धीको महलको ५ नं. को कसुर नभई ज्यानसम्बन्धीको महलको १३ नं. अनुरूपको कसुर हुनजान्छ। ज्यानसम्बन्धीको महलको ५ नं. अनुरूपको कसुर ठहरिएमा मात्र ज्यानसम्बन्धीको महलको ६ नं. अनुरूप सजाय हुने हो । तर, ज्यानसम्बन्धीको महलको १३ नं. को कसुर ठहरिएको अवस्थामा भने

ज्यानसम्बन्धीको महलको ६ (४) नं. अनुरूपको सजाय नभई ज्यानसम्बन्धीको महलको १३ नं. अनुरूप नै सजाय गर्नुपर्ने।

ज्यानसम्बन्धीको महलको १३ (३) नं. अनुसार प्रतिवादीलाई सजाय हुन प्रतिवादी मानसिकरूपमै ज्यान मार्ने नियत वा मनसायले अग्रसर भएको हुनुपर्ने तथ्यलाई इंगिग गरेको देखिँदा मनसाय तत्त्वले प्रमुख भूमिका खेलेको हुन्छ। मनसाय तत्त्वलाई कार्यान्वयन गर्न पूर्वतयारी र योजनाको तर्जुमा भएको हुनुपर्छ । तर, सबै मनसायप्रेरित हत्यामा योजना र तयारी हुनैपर्छ भन्ने अवस्था पनि रहँदैन। प्रतिवादीले आफूले गरेको कार्यले मानिसको मृत्यु हुन्छ भन्ने पूर्वज्ञान भई त्यो परिणामको प्राप्तिका लागि प्रयत्नशील रहेको देखिएमा त्यँहा ज्यान मार्ने मनसाय रहेको छ भनी मान्नुपर्ने हुन्छ । प्रस्तुत वारदातमा तीन जना प्रतिवादीहरूले लगातार लात मुक्काले प्रहार गरेकोबाट ज्यान जान सक्ने गरी चोट मृतकलाई लाग्नसक्छ भनी पूर्वज्ञान (Foresee) हुनुपर्ने कुरा नै हो। यस्तो अवस्थामा दुराषय (Malice) तत्त्व रहेको नै हुन्छ । तथापि, कुटपिट भएको मितिले ज्यानसम्बन्धीको महलको १० नं. अनुरूप तीन दिनको दिन पीडितको मृत्यु भएकोले प्रतिवादीहरूकै कर्तव्यबाट ज्यान मरेको भनी मान्नु पर्ने स्थिति रहने।

प्रस्तुत मुद्दामा मृतक मनप्रसाद वि.क ६० वर्षको वृद्ध व्यक्तिलाई २०।२५ वर्षका युवा अवस्थाका प्रतिवादीहरूले मादक पदार्थ सेवन गरी पटक पटक निर्मम तरिकाले लात्ता मुक्काले शरीरको विभिन्न भागमा प्रहार गरेको देखिन्छ। त्यसरी लात्ता मुक्काले प्रहार गर्दा मनप्रसाद वि.क.को मृत्यु हुने तथ्य यी प्रतिवादीसमेतले पहिले नै देखी सो मृत्युको परिणाम प्राप्तिका लागि उत्प्रेरित भई कुटपिट गरेको देखिन आयो । यसरी प्रतिवादीहरू लालबहादुर वि.क., पिमबहादुर वि.क. र घमबहादुर वि.क.समेतले प्रहार गरेको लात्ता मुक्काको चोटबाट मृतक मनप्रसाद वि.क. को मृत्यु भएको देखिँदा यी प्रतिवादी लालबहादुर वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने।

अतः माथि उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादीहरूलाई भवितव्यको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ६(४) नं. अनुसार जनही ६(छ) महिना कैद र रू.५००।- जरिवाना गर्ने ठहर्‍याएको सुरू बागलुङ जिल्ला अदालतको मिति २०६७।१।२८ को फैसला उल्टी गरी प्रतिवादीहरू लालबहादुर वि.क., घमबहादुर वि.क. र पिमबहादुर वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, बागलुङको मिति २०६८।१।१४ को फैसला मिलेको देखिँदा सदर हुने।

प्रतिवादीहरू र मृतकसमेत रक्सी खाई मातेको अवस्थामा यी प्रतिवादी लालबहादुरसमेतले मृतकको शरीरको विभिन्न भागमा लात्ता मुक्काले प्रहार गरेको देखिन्छ। घटनामा धारिलो खुकुरी, छुरा, बन्चरो तथा अन्य कुनै जोखिमी हातहतियारको प्रयोग भएको देखिँदैन। गाउँघरमा भएको कुटपिटका घटनामा मिलापत्र गराउँदा यी प्रतिवादीहरू र मृतकका बीच मनमुटावसम्म भएको पाइन्छ। तर, त्यतिकै आधारमा यी मृतकलाई मार्नुपर्नेसम्मको अवस्था सिर्जना भएको भन्न मिल्दैन । मादक पदार्थ सेवन गरी मातेको अवस्थामा कुटपिट भएको ३ (तीन) दिनपछि उपचारका लागि लैजाने क्रममा बाटैमा मनप्रसादको मृत्यु भएको देखिन्छ । तसर्थ यस्तो अवस्थामा प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा यहाँ अ.बं. १८८ नं. को प्रयोग हुन उचित देखिन आउने।

साधारण अवस्थामा तत्काल उठेको रिस थाम्न नसकी एकपटक प्रहार गर्दा मृतकको ज्यान मर्न गएमा ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार १० (दश) वर्ष कैद हुनसक्ने पनि

हुन्छ। तर, कुटपिटको घटनालाई गाउँघरमा मिलाएकोमा रिसइवी लिई पटकपटक लात्ती मुक्काले प्रहार भएको कारणबाट ज्यान मरेकोमा ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिमको कसुर ठहरिएको अवस्था छ । तसर्थ प्रतिवादीहरूलाई हुने सजाय कायम गर्दा उक्त सजायहरूलाई आधार बनाउन सकिन्न । ज्यानसम्बन्धीको महलको १४ नं. अनुरूप हुनसक्ने सजाय १० (दश) वर्षभन्दा माथि तथा ऐ.को १३(३) नं. अनुसार हुनसक्ने कैद २० (बीस) वर्षभन्दा कम सजाय गर्नु उचित हुने देखिन आउने ।

प्रस्तुत मुद्दामा मृतक र प्रतिवादीहरूले सँगै रक्सी खाएको र एकै ठाउँमा एउटै खाटमा सुतेको देखिन्छ । तीन जना प्रतिवादीहरूमध्ये कुन प्रतिवादीले मृतकको शरीरको कुन ठाउँमा प्रहार गरेको चोटको कारणले थला परेको हो अथवा शरीरको कुन ठाउँमा लागेको चोटपीरका कारणले मृतकको मृत्यु भएको हो भन्ने उल्लेख हुन सकेको छैन । मृतक ६० वर्षको बिरामी अवस्थामा रहेको देखिँदा मदिरा सेवन गरेको अवस्थामा साधारण कुरामा वादविवाद भई मृतकलाई कुटपिट गरेको र सोही चोटबाट मृतकको मृत्यु भएको भन्ने देखिँदा प्रतिवादीहरू लालबहादुर वि.क., पिमबहादुर वि.क. र घमबहादुर वि.क.लाई जनही १३ (तेह्र) वर्ष कैद सजाय गर्नु न्यायोचित हुने देखिन आयो । तसर्थ मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम तीनैजना प्रतिवादी लालबहादुर वि.क., पिमबहादुर वि.क.र घमबहादुर वि.क. लाई जनही १३(तेह्र) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०८१७, लागु औषध (अफिम), राकेशराय यादव वि. नेपाल सरकार

प्रतिवादी २३ वर्षको देखिएको र निजको लागु औषध कारोबार गर्ने अन्य कुनै सांगठित गिरोहसँग सम्पर्क वा सम्बन्ध रहे भएको तथ्य मिसिल संलग्न प्रमाणबाट देखिँदैन । कुनै अपरिचित व्यक्तिले एउटा सामान बेल्दारी गाउँबाट भारतको रेलवे स्टेशनसम्म पुर्‍याई दिएबापत रू.५००।- दिन्छु भनी भनेकोले सोही रूपैयाँको लोभ प्रलोभनमा परी आपराधिक कार्यमा सरिक भएको देखिन्छ । प्रतिवादीले गरेको कसुरमा कमसेकम सजाय १५ वर्ष र बढीसे बढी सजाय जन्मकैदसम्म हुने देखियो । एक सय ग्रामदेखि माथि जतिसुकै परिमाणको लागु औषध ल्याए पनि यिनै सजाय हुने हुन्छ । १५ वर्षभन्दा माथि कति सजाय गर्ने भन्ने कुरा लागु औषधको परिमाण र आपराधिक संगठन आदिलाई विचार गर्नुपर्ने हुन्छ । जतिसुकै लागु औषध बोक्नेभन्दा १ किलो बोक्नेलाई तुलनात्मकरूपमा कम सजाय गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीको यो यस्तो आपराधिक गिरोहसँग संलग्नता रहेको छ भनी स्पष्ट नदेखिएको हुँदा पनि निजलाई जन्मकैदभन्दा कम नै सजाय हुनु उपयुक्त देखिन्छ । पुनरावेदकलाई जन्मकैद भन्दा कम नै वर्ष १८ कैद र जरिवाना दश लाख गरेको देखिन्छ । लागु औषधको परिमाण जम्मा एक किलो र आपराधिक संगठन स्पष्ट देखिने प्रमाणको अभाव रहेकोले निजलाई कैद वर्ष १८ भन्दा पनि कम वर्ष १६ र जरिवाना रू. ६ लाख गर्दा न्यायोचित हुन्छ । तसर्थ प्रतिवादीलाई १८ वर्ष कैद र रू. दश लाख जरिवाना सजाय गर्दा कसुरको तुलनामा सजाय केही चर्को पर्ने देखिएकोले निजलाई १६ वर्ष कैद र रू. ६ लाख रूपैयाँ जरिवाना गर्नुपर्ने देखिने ।

अतः उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी राकेश राय यादवलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) अनुसार १६ वर्ष कैद र रू. ६ लाख जरिवाना गर्नुपर्नेमा १८ वर्ष कैद र रू. दशलाख जरिवाना हुने ठहर्‍याएको सुरू बारा जिल्ला अदालतको मिति २०६७।१०।१२ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको

मिति २०६८।६।३ को फैसला सो हदसम्म मिलेको नदेखिँदा सजायका हकमा केही उल्टी हुने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CR-०१४९, ज्यान मार्ने उद्योग, संजोक जोशी वि. नेपाल सरकार

जाहेरवालालाई मार्ने योजना बनाई तयारीसाथ रड र दाउराको चिरपट बोकी २२.३० को रातको समयमा यी पुनरावेदकसमेतका प्रतिवादीहरूले जाहेरवालाको बायाँ आँखा फुटाई मरणासन्न बनाई कुटपिट गरेका र तत्काल घटनास्थलमा बुद्ध शाही (खड्गी) र मधु श्रेष्ठ उपस्थित नभएको भए पीडितउपर अझै प्रहार भई जाहेरवालाको मृत्यु हुनसक्ने सम्भावना रहेको देखिँदा त्यस्तो वारदातलाई अङ्गभङ्ग कुटपिटको वारदात भन्न मिल्ने नदेखिने।

तसर्थ प्रतिवादी संजोग जोशी भन्ने संजोक जोशीलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. अनुसार ७ (सात) वर्ष कैद सजाय हुने ठहर्‍याई सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।१०।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७३ साल जेठ १३ गते रोज ५ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-RC-००८२, कर्तव्य ज्यान, नेपाल सरकार वि. देबकु सदा

जाहेरी दरखास्त, प्रतिवादीले बाँसको लाठीले प्रहार गरी मारेको भनी गरेको साबिती बयान र मौकाको घटना विवरण कागजबाट समर्थित भएको अतिरिक्त शव परीक्षण प्रतिवेदनबाट पनि सोही तथ्यगत अवस्था पुष्टि भएबाट तारा सदाको कर्तव्यबाट मृत्यु भएको देखिन आयो। उक्त मृत्युको सम्बन्धमा प्रतिवादी देबकु सदाले मौका र अदालतमा समेत आफ्नै कर्तव्यले मृतकको मृत्यु भएको भनी कसुर अपराध स्वीकार गरी बयान गरेको देखिन्छ। सो बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निजको विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखियो। त्यसैगरी जाहेरवाला, घटना विवरण कागज लेखाउने जोखन सदा, घडरू सदा, वस्तुस्थिति मुचुल्काका मानिस सन्तोषिया सदाले अदालतमा साक्षीसरह उपस्थित भई मौकाको बयान व्यहोरा समर्थन गरी बकपत्र गरेको देखिन्छ। उक्त बकपत्र पनि प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम वस्तुनिष्ठ र विश्वसनीय प्रमाणको रूपमा लिन मिल्ने नै देखिने।

प्रस्तुत मुद्दामा प्रतिवादी देबकु सदाले बाँसको लाठीले प्रहार गरी आफ्नी श्रीमतीको कर्तव्यद्वारा मृत्यु गराएको देखिन्छ। कानूनमा नै लाठा र सानातिना हातहतियारले कुटी, हानी, रोपी घोची वा अन्य तरिकाले मारेमा चोट छाड्ने वा कर्तव्य गर्ने व्यक्तिलाई सर्वस्वसहित जन्मकैद गर्ने व्यवस्था भएको परिप्रेक्ष्य र पुनरावेदकले कसुर स्वीकार गरी पुनरावेदन नगरेको सन्दर्भमा पुनरावेदन अदालत, राजविराजले प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

पुनरावेदन अदालत, राजविराजले १० वर्ष मात्र सजाय गर्ने गरी राय व्यक्त गरेको छ, सो सम्बन्धमा विचार गर्दा समग्र घटनाको विवेचनाबाट चाडपर्वको समयमा प्रतिवादी र मृतक दुवै जनाले मादक पदार्थ रक्सी सेवन गरेको अवस्थामा रिसको आवेगमा बाँसको लाठीले कम्मरमा प्रहार गर्दा टाउकोमा लागि

वारदात भएको, श्रीमतीको मृत्युपश्चात् प्रतिवादीमा चार जना छोरा छोरी आश्रित रहेका, कसुरमा साबित भई अनुसन्धानमा सहयोग पुर्‍याएको र प्रतिवादीले आफ्नी श्रीमती मार्नुपर्नेसम्मको कुनै रिसइवी नदेखिएको समेतका आधार र कारणबाट प्रतिवादी देबकु सदालाई १० वर्ष कैद सजाय निर्धारण गर्दा पनि न्यायोचित हुने र कानूनको मनसाय पूरा हुने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने ठहरी पुनरावेदन अदालत, राजविराजबाट व्यक्त राय पनि सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७३ साल वैशाख ८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०८६६, कर्तव्य ज्यान, रामकुमार यादव वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादीको मौकाको बयानलाई शव परीक्षण प्रतिवेदनले पुष्टि गरिरहेको छ । अनिता यादवलाई साथमा लिई मिति २०६७।१।१८ का दिन बिर्तामोड आएको भन्ने कुरा मौका र अदालतको बयानमा समेत उल्लेख भएको छ । शव परीक्षण प्रतिवेदनसहितका मिसिल संलग्न कागजातबाट मृतकको मृत्यु कर्तव्यबाट भएको कुरा पुष्टि भइरहेको तथा प्रतिवादीले अनुसन्धानको क्रममा गरेका बयानसमेतका कागजातबाट अनितालाई आफूले मारेको कुरा उल्लेख गरी घटनाको क्रमबद्ध सिलसिला उल्लेख गरे मुताबिकका चोटहरू लास प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनबाट देखिएको र लास हेर्न जाँदा प्रहरी आएकाले डरले मुख्य शिविरमा गएँ भनी अदालतको बयानमा उल्लेख भएकोसमेत अवस्थामा अदालतको बयानमा आफूले नमारेको भनी गरेको इन्कारीलाई प्रमाणको रूपमा लिन नसकिने ।

शव परीक्षण प्रतिवेदनबाट देखिएका घाउ चोटहरू परिस्थितिजन्य प्रमाणबाट पुष्टि भइरहेको छ । शव परीक्षण प्रतिवेदनबाट देखिएका घाउ चोटहरू अन्यथा नहुँदासम्म प्रतिवादीको इन्कारी बयानलाई प्रमाणयोग्य मान्न सकिँदैन । कुनै व्यक्तिको साबिती वा इन्कारी बयानलाई अन्य प्रमाणबाट पुष्टि नहुँदासम्म त्यस्तो साबिती वा इन्कारी दुवै बयानलाई प्रमाणयोग्य मान्न सकिँदैन । मृतक अनिता र प्रतिवादी घटना भएको समय र स्थानमा गएको कान्छी श्रीमतीको माइतमा जान नमानेको विषयमा विवाद भएको सो अवस्थामा कुटाकुट भएको कुरालाई प्रतिवादीले अदालतको बयानमा समेत स्वीकार गरेको अवस्थामा यी प्रतिवादीले आरोपित कसुर गरेका होइनन् भन्न मिल्ने कुनै आधार प्रमाणसमेत रहेको नपाइएबाट प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिँदा माथि विवेचित आधार कारणहरूबाट पुनरावेदन अदालत, इलामबाट मिति २०६९।८।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल जेठ ३० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-RC-०११४, कर्तव्य ज्यान, नेपाल सरकार वि. सुरेन्द्र साह

घटनास्थल लास जाँच मुचुल्कामा २"/२" को सुनिएको डाम देखिएकोमा प्रतिवादीको मौका र अदालतको बयानबाट समेत मृतकको शरीरमा चोट पटक लागेको देखिएकोमा मेडिकल अधिकृतले शव परीक्षण प्रतिवेदनमा मृतकको शरीरमा Injury अर्थात् चोटपटक नदेखिएको भनी बकपत्र गरेको कुरालाई तथ्यहरूको रोहमा प्रमाणमा लिन नमिल्ने भनी पुनरावेदन अदालत, जनकपुरले मेडिकल अधिकृत डा. गौराङ्ग मिश्रलाई रू. ५०।– जरिवाना गरेको

अवस्थालाई हृदयंगम गर्दा निजको बकपत्र प्रमाणमा लिन मिल्ने नदेखिने।

प्रतिवादीले मौकामा श्रीमती ललितादेवीलाई दहेजको विषयमा आफूले मुक्काले कुटपिट गरेको कारण घाइते भई उपचारको पर्खाइमा रहेकी श्रीमतीलाई वारदातको ३/४ दिनसम्म पनि उपचार नगराई बेहोस हालतमा सिरहास्थित माइतीघरमा पुर्‍याएको देखिन्छ। मौकामा गरेको बयानले आफू कसुरदार हुने मनोभावनाले अदालतमा मृतक पहिलेदेखि नै टि.बी., दमसमेतबाट पीडित थिइन् र त्यसैका कारणसमेत मृत्यु भएको भन्ने देखाउन खोजेको भए तापनि आफूले अदालतको बयानमा दम, टि.बी. र मानसिक रोगकी बिरामी हुन् भनेकोमा प्रतिवादीले मृतक श्रीमतीलाई उल्लिखित रोगहरूको उपचार गराएको प्रमाण मिसिलमा देखिँदैन । यसबाट प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउन मात्र इन्कारी बयान गरेको पुष्टि हुने।

माथि गरिएको विवेचनाबाट पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।११।३० मा भएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी सुरेन्द्र साहलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष मात्र कैद सजाय गर्ने गरी पुनरावेदन अदालत, जनकपुरले राय व्यक्त गरेको सम्बन्धमा विचार गर्दा प्रतिवादीले दाइजोको विषयमा झगडा हुँदा आफ्नी श्रीमतीलाई हातको मुक्काले टाउकोमा प्रहार गरेको देखिन्छ । मारौं भन्नेसमेतको कुनै योजना बनाई पूर्वरिसइवी राखी जोखिमी हतियारको प्रयोग गरेको देखिँदैन । हातको मुक्काले टाउकोसमेतमा प्रहार गरेको ३/४ दिनपछि मृत्यु भएको अवस्था र प्रकृतिसमेतलाई दृष्टिगत गर्दा सर्वस्वसहितको जन्मकैद गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई १० वर्ष कैद सजाय गर्न मनासिब नै हुने हुँदा पुनरावेदन अदालत, जनकपुरले १० वर्ष कैद सजाय गर्न व्यक्त गरेको राय पनि मनासिब देखिँदा सो पनि सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७२ साल चैत ५ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०७१९, अवैध मोहीयानी लगतकट्टा, रामएकवाल प्रसाद वि. सत्यनारायणदाश तत्मा

प्रमाण ऐन,२०३१ को दफा २६ अनुसार कुनै कुराको कसैले जिकिर वा दाबी गर्छ भने सोको प्रमाण सम्बन्धित पक्षले पुष्टि गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा विवादित घर जग्गाधनीको हो भनी जग्गाधनीले ठोस आधार प्रमाण पेस गरी पुष्ट्याईं गर्न सकेको अवस्था छैन । ठोस आधार प्रमाणबिना विवादित घर जग्गाधनीको हो भन्न नसकिने।

विवादित जग्गामा मोहीको नामबाट १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भएको छ भन्ने कुरा वादीले फिराद (प्रकरण ३) मा स्वीकार गरेको पाइन्छ । मिसिलमा १ नं. लगत पनि संलग्न रहेको पाइन्छ भने २ नं. अनुसूची प्रकाशित भइसकेको छ भनी स्वीकार गरिसकेको पाइन्छ । साथै विवादित जग्गा सरजुग महतोबाट ध्रुवप्रसाद र तत्पश्चात् तहतह हुँदै हालका जग्गाधनीलाई स्वामित्व प्राप्त हुन आएको पाइन्छ । यसरी साबिकको जग्गाधनीले वंशी दासलाई मोही स्वीकार गरेको अवस्थामा त्यसपछिका जग्गाधनीले मोही जोताहा मान्दिन भन्न मिल्ने अवस्था देखिँदैन । पहिलेका जग्गाधनीसित जग्गाका सम्बन्धमा जेजस्ता सर्तहरू जोडिएका हुन्छन्, पछिल्ला जग्गाधनीहरूले सो सर्तलाई मान्नुपर्ने हुँदा मोही लगत कट्टा गर्ने गरेको सुरू भूमिसुधार कार्यालयको निर्णय उल्टी हुने ठहर्‍याई मोही यथावत् कायम हुने गरी

पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

विवादित कि.नं. ६९/२४ को जग्गाको मोही महलमा रहेको वंशीदास तत्माको मोही लगत कट्टा हुने ठहर्‍याई सुरू भूमिसुधार कार्यालय, रौतहटबाट मिति २०६६।५।२९ मा भएको फैसला उल्टी गरी मोही लगत यथावत् कायम हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल फागुन २८ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०७२०, अवैध मोहीयानी लगत कट्टा, रामएकवाल प्रसाद वि. शिवराम महतो कोइरी

साबिक सर्भे नापीका बखत पुनरावेदक वादीका पिता बाबुलालले नै मोही स्वीकारेको र बन्डापत्र तथा तत्पश्चात पुनरावेदक वादीलाई प्राप्त जग्गाधनी प्रमाणपुर्जामा समेत मोही जनिएको जग्गामा १६ वर्षपछि आई यी पुनरावेदक वादी रामएकवाल प्रसादले मोहीमा विवाद उठाएको देखिन्छ । पुनरावेदक वादीका बाबुको पालामा मोही स्वीकार गरी सकिएकोमा पछि बन्डापत्र हुँदासमेत मोही देखिएको व्यक्तिलाई मोही होइन भन्न मिल्ने देखिएन । यस स्थितिमा फिल्डबुकमा घडेरी लेखिएकोसम्म आधारमा विवादित जग्गामा जग्गाधनीको घरबास रहेको मानी मोही लगत कट्टा गरेको भूमिसुधार कार्यालयको फैसला बदर गरी कि.नं.६९/२६ को जग्गाको मोही लगत यथावत् कायम राख्नु भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।२।२९ मा भएको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने ।

विवादित कि.नं. ६९/२६ को जग्गाको मोही महलमा उल्लिखित मोही शिवराम महतो कोइरीका नाउँको मोही लगत कट्टा हुने ठहर्‍याई सुरू भूमिसुधार कार्यालय, रौतहटबाट मिति २०६६।५।२९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी गरी मोही लगत यथावत् कायम राख्नु भनी पुनरावेदन अदालत, हेटौंडाले गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल फागुन २८ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-MS-००१०, अदालतको अपहेलना, राजेशप्रसाद रौनियार वि. भगवतीकुमार काफ्लेसमेत

वस्तुतः परमादेशको आदेश कानूनद्वारा तोकिएको कर्तव्य पालना गर्न सार्वजनिक संस्था वा पदाधिकारीले इन्कार गरेको अवस्थामा जारी हुने संवैधानिक व्यवस्था हो । यसले तल्लो निकाय वा अधिकारीबाट हुनसक्ने गल्ती कमजोरीलाई रोक्छ भन्ने हाम्रो विश्वास रहिआएको छ भने त्यसरी कुनै कार्य गर्न वा गराउनको लागि जारी भएको आदेशसमेत सम्बन्धित निकायले पालना नगरेमा अदालतको अपहेलना गरेको मान्न सकिने ।

सर्वोच्च अदालत, ऐन, २०४८ को दफा ७ को उपदफा (१) मा हेर्दा "सर्वोच्च अदालतले आफ्नो र आफ्नो मातहतका अदालत वा न्यायिक निकायहरूको अपहेलनामा कारवाही चलाएको मुद्दामा कसुरदार ठहर्‍याएको व्यक्तिलाई एक वर्षसम्म कैद वा दशहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ" भन्ने उल्लेख भएको छ । अदालतको अपहेलनाको विषयलाई कुनै यान्त्रिक सुत्रमा आवद्ध गरी मुल्याङ्कन गर्न सकिँदैन । कुनै कार्य अदालतको अपहेलनाजन्य हो, होइन भनी निर्धारण गर्न त्यस्तो

कार्यबाट अदालतको निस्पक्ष न्याय सम्पादनको प्रक्रियामा अवरोध भएको छ, छैन र त्यस्तो कार्यले अदालतप्रतिको जनआस्थामा प्रतिकूल असर पुर्‍याएको छ, छैन भन्ने मुलभूत पक्षलाई ख्याल गर्नुपर्ने हुन्छ। अपहेलनाको विषयमा उठेको विवादमा न्यायिक निष्कर्षमा पुग्दा त्यस्तो विवादित कार्यको प्रकृति, सो कार्य गर्ने निकायको कार्य अवस्था, समय, परिस्थिति र समग्र पक्षलाई गम्भीरतापूर्वक लिनुपर्ने हुन्छ । अतः विवादित क्रियाबाट अदालतको न्याय सम्पादनको प्रक्रिया र अदालतप्रतिको जनविश्वासमा नकारात्मक असर र भ्रम भएको देखिन आएमा त्यस्तो कार्यलाई अदालतको अपहेलना मान्न सकिने।

लिखित जवाफसाथ अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट पेस भएको मिति २०६८।१।२५ को निर्णय संख्या २४२ को बैठकको निर्णय उतार निवेदकले मिति २०६२।१०।३० मा दिएको निवेदन र यस अदालतबाट जारी गरी भएको परमादेशलाई सम्बोधन गर्न निर्णय गरी विद्यालयको लेखा परीक्षणबाट औंल्याएको पेश्की बेरूजु, विद्यालयको जग्गाको कुतबालीलगायतका बेरूजुहरू तीन महिनाभित्र असुलउपर / फछ्र्यौट गर्न विद्यालय व्यस्थापन समितिलाई र समयमा लेखापरीक्षण नगराएको, लेखा परीक्षणबाट देखिएको बेरूजु फछ्र्यौट गर्ने गराउने कार्य नगरेको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका सदस्यसचिव एवम् प्रधानाध्यापक वीरेन्द्र मिश्रलाई विभागीय कारवाही गर्न र गराउन जिल्ला शिक्षा कार्यालय, सर्लाहीमा लेखी पठाउने भन्ने व्यहोरा उल्लेख भएबाट यस अदालतको मिति २०६६।३।१७ को आदेश कार्यान्वयन भएको देखियो । निवेदक र निवेदकतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले तोकिएको समयभित्र कार्यान्वयन नगरेको भनी निवेदन र बहसमा औंल्याएको भए पनि प्रस्तुत रिट निवेदन फैसला हुनु अगावै कार्यान्यवन भएको देखिन्छ। यसरी प्रारम्भमा जुन आदेश विपक्षी एवम् विपक्षी निकायबाट पालना नगरी अदालतको अपहेलना भयो भनिएको हो, सो नै पछिल्लो समयमा कार्यान्वयन भएको देखिँदा निवेदन मागबमोजिम अदालतको अपहेलना ठहर गरी विपक्षीहरूलाई सजाय गर्न मिलेन । प्रस्तुत निवेदन / मुद्दा खारेज हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-WH-००७९, बन्दीप्रत्यक्षीकरण, अरूणकुमार साह वि. सप्तरी जिल्ला अदालतसमेत

सप्तरी जिल्ला अदालतबाट निवेदकको घर ठेगानामा म्याद तामेल गर्न गएका विपक्षी तामेलदार संजिवकुमार सिंहको लिखित जवाफ हेर्दा निजले निवेदक / प्रतिवादीलाई भेटी कानूनअनुरूप निज साक्षीहरूको रोहवरमा म्याद तामेल गरेको भन्ने देखिन्छ । विपक्षी संजिवकुमार सिंहले सो व्यहोराले पेस गरेको लिखित जवाफलाई निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले अन्यथा भन्न सकेको देखिँदैन । केवल निवेदक २०५६ सालदेखि राजनीतिक पार्टीको सक्रिय कार्यकर्ताको हैसियतले काम गरेका र २०५९ सालदेखि भूमिगत हुँदा घाइते भएकाले उपचारको लागि भारतमा गएका थिए भन्ने उल्लेख गरेको देखिन्छ। तर उपचारको लागि भारतमा रहे बसेको भन्ने कुराको प्रमाण पेस गर्न सकेको देखिँदैन । यसरी जबरजस्ती चोरी मुद्दामा मिति २०६०।५।५ मा तामेलदार विपक्षी संजिवकुमार सिंहद्वारा निवेदकको नाममा तामेल भएको म्याद रीतपूर्वकको देखिँदा निवेदकको थुनालाई संविधान प्रदत्त न्यायसम्बन्धी हकको विपरीत गैरकानूनी थुना

भन्न मिल्ने नदेखिएबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CR-०३४७, ०७२-CR-०३४५, ०७२-CR-०३४६ र ०७२-RC-०००८, कर्तव्य ज्यान, डिमा शेर्पा वि. नेपाल सरकार, डेण्डी शेर्पा वि. नेपाल सरकार, जाङबु शेर्पा वि. नेपाल सरकार र नेपाल सरकार वि. फुर्तिकी शेर्पा

आफू कसुरमा साबित रही अन्य सहअभियुक्तलाई पोल गर्ने प्रतिवादीको बयानलाई मिसिल संलग्न अन्य प्रमाणले समर्थित गरेको अवस्थामा प्रमाणको रूपमा लिन सकिने नै हुन्छ। प्रस्तुत अवस्थामा प्रतिवादी फुर्तिकी शेर्पाको घरमा रातको समयमा बास बस्ने क्रममा जाँड रक्सी खाएको अवस्थामा मृतकलाई कुटपिट गर्ने भन्ने कुरा उठी प्रतिवादीहरू फुर्तिकी शेर्पा, डेण्डी शेर्पा, जाङबु शेर्पा र खुडे काइला भन्ने डिमा शेर्पा मिली मृतक निर्मल विश्वकर्मालाई कुटपिट गरी ज्यान मारी खोल्सामा लगी फालेर ढुङ्गाले थिची कर्तव्य ज्यानको कसुर अपराध गरेको भन्ने पुष्टि हुन आउने।

तसर्थ उल्लिखित तथ्य प्रमाणहरूका आधारमा प्रतिवादीहरू फुर्तिकी शेर्पा, डेण्डी शेर्पा, जाङबु शेर्पा र खुडे काइला भन्ने डिमा शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।३।२४ र मिति २०६८।६।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

वारदात हुँदा निज प्रतिवादीहरूले पूर्व रिसइवी लिई तथा पूर्वतयारी गरी मृतकको ज्यान मारेको अवस्था नदेखिएको, साङ्घातिक प्रकृतिको हात हतियार प्रयोग भएको नदेखिएको, मौकामा पक्राउ परेका प्रतिवादीले अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीलाई सहयोग गरेको देखिएको तथा प्रतिवादीहरूले अदालतसमक्षको बयानमा समेत घटनाको वस्तुस्थिति खुलाई बयान गरेको देखिएको, घटनाको स्थिति, घटना घट्दाको समग्र परिस्थितिसमेतलाई विचार गर्दा निज प्रतिवादीहरूलाई ऐनबमोजिम हुने हदैसम्मको सजाय गर्दा चर्को पर्ने देखिएको र मुलुकी ऐन, अ.ब. १८८ नं. बमोजिम १५ वर्ष कैद गर्दा न्यायको उद्देश्यसमेत परिपूर्ति हुने देखिएकोले प्रतिवादीहरू फुर्तिकी शेर्पा, डेण्डी शेर्पा, जाङबु शेर्पा, खुडे काइला भन्ने डिमा शेर्पालाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष (पन्ध्र) हुन्छ। प्रतिवादीमध्येकी फुर्तिकी शेर्पालाई अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १५ हुने पुनरावेदन अदालत, राजविराजको राय मनासिब नै देखिने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल पुस १९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WI-१०५१, उत्प्रेषण / परमादेश, हेमराज कुम्हार वि. मीना खटिक

बाँके बसुदेपुर गा.वि.स. वडा नं. १क कि.नं.४७६ को ०–४–१८ को जग्गाधनी यी निवेदक मीना खटिक रहेको कुरा मिसिल संलग्न जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिएको र मिसिल संलग्न रहेको यसै मुद्दाका प्रत्यर्थी हेमराज कुम्हारले निवेदिका मीना खटिकलाई प्रतिवादी बनाई बाँके जिल्ला अदालतमा दायर गरेको २०७० सालको जालसाजी मुद्दामा उपर्युक्त जग्गा फिरादीका बाबु गयाप्रसादले मिति

२०६६।९।१२ मा र.नं.२०७१ख बाट बिक्री गरेको कुरा उल्लेख गरेबाट प्रस्तुत निवेदकले आफ्नो निवेदनमा आफ्नो हो भनी उल्लेख गरेको जग्गा निवेदकले खरिद गरी लिई निवेदकको नै हक भोगको देखिन आउने। मिसिल संलग्न र.नं.७१७९ मिति २०५९।२।१ गतेको राजीनामाको कागजको प्रतिलिपिबाट उक्त जग्गा गयाप्रसाद कुम्हारले कञ्चनबहादुर श्रेष्ठलाई राजीनामा गरी बिक्री गरेको र कञ्चनबहादुर श्रेष्ठले सो जग्गा बलराम सिनलाई राजीनामा गरी बिक्री गरेकोमा यी निवेदकले निज बलराम सिनबाट राजीनामा गरी खरिद गरेको देखियो। पेस हुन आएका कुनै पनि राजीनामाको कागजमा जग्गा मात्र बिक्री गरेको र सो जग्गामा भएका रूख विरूवा बिक्री नगरेको भन्ने कुरा उल्लेख भएको नदेखिँदा आफ्नो नाउँको जग्गामा भएको विषयलाई लिएर यदि कसैबाट कुनै काम हुन्छ र सो कार्यले आफ्नो हकाधिकारमा असर पुर्‍याएको अवस्था हुन्छ भने त्यसमा यी निवेदकलाई मुद्दा गर्ने हक अ.बं. ८२ नं.ले दिएकै देखिँदा प्रस्तुत निवेदन दिने हक यी निवेदकलाई भएकै देखिन आउने।

स्थानीय प्रशासन ऐन, २०२८ ले प्रमुख जिल्ला अधिकारीलाई शान्ति सुरक्षा र सार्वजनिक जग्गा तथा बाटो संरक्षण गर्ने दायित्व दिएको भए तापनि व्यक्ति विशेषको सम्पत्तिमा असर पर्ने गरी कुनै व्यक्तिको निवेदनमा एकतर्फीरूपमा निर्णय गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई भएको देखिँदैन। वन ऐन, २०४९ बमोजिम जिल्ला वन कार्यालयले आफूलाई कानूनले निर्दिष्ट गरेको अधिकारको सीमाभित्र सीमित रही कानूनले अख्तियार गरेको कार्य मात्र गर्नु निजको कर्तव्यभित्र पर्दछ। प्रमुख जिल्ला अधिकारको तोक आदेशका आधारमा कुनै व्यक्तिको हक अधिकारमा असर पार्ने गरी एकतर्फीरूपमा निर्णय गर्ने र सो तोक आदेशलाई सिरान हाली सोहीबमोजिमको कार्य गर्न जिल्ला वन अधिकृतलाई छुट दिएको देखिँदैन। अदालतमा विचाराधीन मुद्दामा अदालतबाट नै कानूनबमोजिम निर्णय हुनेमा जिल्ला प्रशासन कार्यालय र जिल्ला वन कार्यालयले सो विषयको निवेदन लिएर आदेश गर्न मिल्ने।

अतः उल्लिखित आधार, कारणसमेतबाट प्रमुख जिल्ला अधिकारीलाई स्थानीय प्रशासन ऐन, २०२८ तथा अन्य कुनै कानूनसमेतले अदालतमा विचाराधीन मुद्दाको विषयलाई लिएर आदेश गर्ने अधिकार भएको नदेखिँदा जिल्ला प्रशासन कार्यालय, बाँकेबाट मिति २०७०।९।२१ मा अदालतबाट अन्तिम फैसला नहुँदासम्म उक्त जग्गामा लगाइएका रूख विरूवाहरू काट्नलाई कटान आदेश नदिने भनी जिल्ला वन कार्यालय, बाँकेलाई दिएको आदेश र सो आदेशको आधारमा जिल्ला वन कार्यालय, बाँकेबाट मिति २०७०।९।२२ मा भएको निर्णय आदेशसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदक मीना खटिकले जिल्ला वन कार्यालय बाँकेमा दिएको निवेदनउपर रूख कटान गर्न अनुमति दिने नदिनेतर्फ जिल्ला वन कार्यालय, बाँकेले कानूनबमोजिम निर्णय गर्नु भनी परमादेशको आदेशसमेत जारी हुने ठहर्छ भनी पुनरावेदन अदालत, नेपालगन्जले मिति २०७१।५।४ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०७५९, निषेधाज्ञा, झरकी देवी थरूनी वि. दरोगी ऋषिदेव

विपक्षीहरूले घर बनाई बसेको सम्बन्धमा निजहरू उपर सुनसरी जिल्ला अदालतमा जग्गा खिचोला घर उठाई चलन चलाई पाउँ भन्ने मुद्दा दायर भई विचाराधीन अवस्थामा रहेको देखिन आएको हुँदा सार्वजनिक सडकमा घर निर्माण गरे गराएमा प्रचलित कानूनबमोजिम जुनसुकै बखत

निजहरूलाई कारवाही हुनसक्ने हुँदा र जग्गा खिचोला घर उठाई चलन चलाई पाउँ भन्ने मुद्दामा सुनसरी जिल्ला अदालतबाट फैसला हुँदाका बखत प्रमाणका आधारमा न्याय निरूपण हुने नै छ। यस्तो अवस्थामा पुनरावेदन अदालत, विराटनगरले निवेदकको निवेदन खारेज हुने ठहर्‍याई गरेको फैसला मिलेको नै देखिने।

अतः उल्लिखित यिनै निवेदकले यिनै विपक्षीहरूउपर यही निवेदन दाबीको जग्गाको विषयलाई लिएर ०४-०६८-००९६ को निषेधाज्ञाको निवेदन दिऐको र सो निवेदन खारेज हुने ठहरी पुनरावेदन अदालत, विराटनगरबाट फैसला भएको, सार्वजनिक जग्गामा घर निर्माण गरेमा जहिलेसुकै कानूनबमोजिम यी विपक्षीहरूलाई कारवाही हुने र यही जग्गाको विषयलाई लिएर यिनै विपक्षीहरूसमेत उपर जग्गा खिचोला घर उठाई चलन मुद्दा सुनसरी जिल्ला अदालतमा दिएको देखिँदा सो मुद्दामा प्रमाणको मुल्याङ्कन गरी सुनसरी जिल्ला अदालतले निर्णय गर्ने नै हुँदा प्रस्तुत निवेदन माँगबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत, विराटनगरले मिति २०७१।०२।१२ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-११३६, निषेधाज्ञा / परमादेश, गंगिता देवी जयसवाल वि. नापी शाखा कार्यालय, बारासमेत

नक्सा सुधार गर्ने कार्य सम्पन्न भइसकेको अवस्थामा निवेदकको प्रस्तुत निवेदन पर्न आएको देखिन्छ। जुन कार्य गर्न रोकिपाउँ भनी निवेदकले निवेदन दिएको हो सो कार्य पहिले नै भइसकेको देखिन्छ। भइसकेको कार्यमा निषेधाज्ञा जारी हुनसक्ने अवस्था नहुँदा र नापी कार्यालय, बाराले गरेको गल्तीलाई कानूनको प्रक्रिया पूरा गरी कानूनबमोजिम फायल नक्सा सच्याइसकेको देखिँदा पुनरावेदन अदालत, हेटौंडाले निवेदकको निवेदन खारेज हुने ठहर्‍याई गरेको फैसला मिलेको नै देखिन आउने।

अतः उल्लिखित आधार कारणहरूबाट निवेदन मागअनुसारको कार्य सम्पन्न भइसकेको देखिँदा र निवेदकलाई कानूनबमोजिम उपचारको बाटो अवलम्बन गर्न पाउने हक अधिकार सुरक्षित नै रहेको देखिँदा प्रस्तुत निवेदन मागअनुसार निषेधाज्ञा तथा परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत, हेटौंडाले मिति २०७०।१०।२२ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ वैशाख १२ गते १ रोज शुभम्।

५

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-०६२८, उत्प्रेषण / परमादेश, माधव घिमिरे वि. तिर्थकुमार सुवेदीसमेत

रेडक्रस भवन अत्यन्त जिर्ण अवस्थामा रहेको र दर्ता कायम जग्गाभन्दा अन्यत्र पर्न गएकाले सिमाङ्कनभित्र पर्ने जग्गामा निर्माण गर्ने भनी रेडक्रस उप शाखाले मिति २०६९।१२।१७ मा निर्णय गरी रेडक्रस भवन सार्ने तथा पुन: निर्माण गर्ने कुरामा स्थानिय व्यक्तिहरूसमेतको सहमति दिएको देखिन्छ। यसैगरी विपक्षी गाउँ विकास समिति भादगाउँ सिनुवारीले सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने हिनामिनालाई प्रोत्साहन गर्ने, बाटो निकास बन्द गर्नेजस्ता काम हुनै नसक्ने भनी र अन्य विपक्षीहरूले समेत सार्वजनिक बाटो बन्द गर्ने वा बाटो मेट्ने कुनै

कार्य नगरेको भनी लिखित जवाफ लगाएको देखिन आयो । विवादको सम्पत्ति निजी तवरबाट कसैले फाइदा हुने प्रकारले विपक्षीबाट निर्णय भए गरेको पनि देखिँदैन । विवादको रेडक्रस सोसाइटीको भवन सामाजिक संस्थाको रूपमा रहेको भवन देखिन्छ । सोही कार्यालयले भवनको पुनःनिर्माण र बाटोको भाग भत्काउनेमा सहमति जनाएको देखिन्छ । उक्त कार्य गर्ने सन्दर्भमा निवेदकलाई थाहा जानकारी भएको एवम् निवेदकसमेत सो भवन निर्माण समितिमा रहे बसेको अवस्था देखिने । सार्वजनिक हितको लागि नै बाटो बिस्तार गर्ने, सोलाई व्यवस्थित गर्ने, रेडक्रसको भवनको बाटोमा परेजति भाग भत्काउने र पुनःनिर्माण गर्ने उद्देश्यबाट उल्लिखित निर्णयहरू भएको र विवादको रेडक्रस भवन कुनै पनि व्यक्तिलाई निजी प्रयोजनको लागि दिएकोसमेत नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन आएन । यस्तो अवस्थामा पुनरावेदन अदालत, विराटनगरले प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याई गरेको फैसला मिलेको नै देखिने ।

अतः उल्लिखित तथ्य एवम् आधार कारणहरूबाट निवेदकको निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआई प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरले मिति २०७०।०१।३० मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः प्रेम खड्का

इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-WO-०१६५, उत्प्रेषण, उपेन्द्र अर्याल वि. नेपाल सरकारसमेत

बढुवा भनेको सेवामा कार्यरत कर्मचारीहरूले पाउने वृत्ति विकासअन्तर्गत कानूनी अधिकारभित्र पर्छ । कसैले कानूनविपरीत कुनै काम गरेर कुनै खास व्यक्ति वा व्यक्तिहरूलाई कुनै खास क्षति पुर्‍याउँछ भने त्यो कुरा त्यस्तो व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारको कुरा मात्र हुन्छ । कुनै कर्मचारीको बढुवा हुन पाउने कानूनी अधिकारमा असर परेमा त्यस्तो असर पर्ने सम्बन्धित कर्मचारीले मात्र सो हकको प्रचलनको लागि अदालतमा प्रवेश गर्नुपर्ने हुन्छ । कुनै व्यक्तिले कुनै व्यक्ति तथा व्यक्तिहरूलाई पुर्‍याएको असरबाट सार्वजनिक हक हितमा असर पुगेको भनी सो विवादलाई सार्वजनिक सरोकारको विवाद हो भनी अर्थ गर्ने गरी संविधानले व्यवस्था गरेको पनि होइन । आफ्नो कुनै अर्थपूर्ण सम्बन्ध नभएको वा आफूले सरोकार राख्नुपर्ने पर्याप्त र मनासिब कारण नभएको कुनै कुरामा विवाद खडा गर्न र त्यसलाई न्यायिक निरूपणको लागि अदालतसमक्ष ल्याउन नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७ (२) ले कसैलाई अधिकार प्रदान गरेको नदेखिने ।

सार्वजनिक सरोकारको विवादसमेत समावेश भएको र उक्त विवादमा बढुवा हुने कर्मचारीको समूह आफ्नो अध्ययनको विषयसँग सम्बन्धित हुँदा आफूहरूको हकदैया रहेको भनी रिट निवेदन लिई आएको पाइयो । बढुवाको अधिकार नितान्त सेवामा कार्यरत रहेको कर्मचारीले मात्र पाउने विषय हो । सामान्यतया जुन व्यक्तिको संवैधानिक वा कानूनी हकमा आघात परेको हुन्छ त्यही व्यक्तिले मात्र त्यसको उपचारको लागि अदालतको असाधारण अधिकार क्षेत्रभित्र प्रवेश गर्ने अधिकार पाउँछ । सेवामा नै प्रवेश नगरेको व्यक्तिको बढुवा हुनसक्ने अवस्था पनि नआउने र त्यस्तो बढुवाबाट निजहरूको अधिकारमा कुनै किसिमको तात्त्विक असर पर्नसक्ने अवस्था नआउने ।

सम्बन्धित पदमा बढुवा हुने समूहका व्यक्ति

वा व्यक्तिहरूले त्यस विषयमा कुनै चासो नलिएका तर त्यसउपर त्यस्तो कर्मचारी वा समूह स्वयम् आफैँ कानूनी उपचारको मार्ग अवलम्बन गर्न सक्षम भएको अवस्थामा सरोकार नभएका विद्यार्थीले सो विषय लिई बढुवामा असर पर्ने कर्मचारीको प्रतिनिधित्व गर्नसक्ने अवस्था हुँदैन । उपचारको मार्ग अवलम्बन गर्न वास्ता नगरेका सबै विषयहरूलाई सार्वजनिक हक वा सरोकार निहित रहेका विषय भनी हकदैया रहेको परिभाषित गरी रिट क्षेत्राधिकारको प्रयोग गर्नु उपयुक्त नहुने । प्रस्तुत विवाद कर्मचारीसँग सम्बन्धित भएको र कर्मचारीहरू आफ्नो हकअधिकारको रक्षा गर्न सक्षम नै रहेका हुन्छन् । केवल सम्बन्धित विषयमा अध्ययन गर्ने विद्यार्थी भएकै आधारमा मात्र कर्मचारीको सेवा समूहको बढुवाको विषयमा आफ्नो निहित अधिकार (Contingent Right) रहेको अर्थ गर्न मिल्दैन । वन विज्ञानसँग सम्बन्धित विषय अध्ययन गरेकोले आफू पनि पछि सो सेवाभित्र प्रवेश गर्न सक्ने र प्रवेश गरेपछि आफूलाई समेत उक्त बढुवाबाट असर पर्नसक्ने मानी पछि प्राप्त हुनसक्ने अधिकारको रूपमा ग्रहण गर्न मिल्दैन । प्राप्त नभएको सम्भावित अधिकारको हनन् भएको भनी सरोकार देखाई दूरको अधिकार (Remote Right) को दाबीलाई मान्यता दिई हकदैया रहेको भनी रिट क्षेत्राधिकारमा स्थान दिन नमिल्ने ।

तसर्थ प्रस्तुत रिट निवेदन लिई आउने निवेदकहरू प्रत्यक्ष सरोकारवाला पक्ष वन सेवाअन्तर्गतका कर्मचारी नभएको केवल वन विज्ञान अध्ययन गर्ने विद्यार्थी मात्र भएको अवस्था देखिँदा रिट निवेदन लिई आउन निवेदकहरूलाई हकदैया नै नरहेकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-WO-०६७३ उत्प्रेषण, वेदप्रसाद भण्डारी वि. लोक सेवा आयोग के.का. अनामनगर काठमाडौंसमेत

निजामती सेवा नियमावली, २०५० को नियम ८७ख को उपनियम (१) को खण्ड (क) मा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ को उपदफा (१) वा उपदफा (२) बमोजिम सेवा अवधि पुगेका निजामती कर्मचारीहरूबाट दरखास्त आह्वान गर्न सकिने व्यवस्था गरेको देखिन्छ । ऐजनको नियम ८७ख को खण्ड (ग) मा "खण्ड (ख) बमोजिम बढुवा सिफारिस गरिएको सूचना सार्वजनिक गर्नुपर्नेछ । उक्त सिफारिसमा चित्त नबुझ्ने निजामती कर्मचारीले एक्काइस दिनभित्र लोक सेवा आयोगसमक्ष उजुरी दिन सक्नेछ" भन्ने व्यवस्था गरेको देखिन्छ । जसबाट बढुवा फारम भरेका उम्मेदवारका हकमा मात्र खण्ड (ख) बमोजिम बढुवाको सिफारिस गरिने र सो सिफारिसबमोजिमको सूचना प्रकाशन भएपछि मात्र सोमा चित्त नबुझ्ने उम्मेदवारले आफ्नो बढुवा यसकारणबाट हुनुपर्ने भनी बढुवाको सूचनाउपर उजुरी गर्नसक्ने कानूनी व्यवस्था रहेको देखिने ।

बढुवाको दरखास्त नै पेस नगर्नेको बढुवा हुनसक्ने भए दरखास्त फारम भर्ने सूचना निकालिरहनु पर्ने अवस्था नै हुँदैन थियो । बढुवाको लागि दरखास्त फारम पेस भएकाको हकमा मात्र बढुवाको निर्णय गरिने र त्यस्तोमा चित्त नबुझ्ने उम्मेदवारले मात्र ऐजन नियमावलीको नियम ८७ख को उपनियम १ को खण्ड (ग) बमोजिम उजुर गर्न पाउने व्यवस्था हो । यी रिट निवेदकहरूले बढुवाको लागि दरखास्त नै नदिएको अवस्थामा निजहरूलाई त्यस्तो बढुवाउपर उजुरी गर्ने हकदैया रहेको अवस्था देखिएन । तसर्थ रिट निवेदन लिई आउने निवेदकहरूको हकदैया नै नरहेकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६९-WO-०३०६,

सन्तकुमार श्रेष्ठसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-MS-००३२, अदालतको अवहेलना, वेदप्रसाद भण्डारीसमेत वि. राजेन्द्रप्रसाद साह सदस्य लोक सेवा आयोग के.का. अनामनगर काठमाडौंसमेत

विपक्षीहरूले आफ्नो लिखित जवाफमा अन्तरिम आदेशको विपरीत हुने गरी शैक्षिक योग्यता नपुगेका उम्मेदवारलाई बढुवा समितिबाट निजामती सेवा ऐन, २०४९ को दफा २४घ१(१) बमोजिम बढुवा गरिएको छैन । बढुवाको लागि दरखास्त पेस गर्ने नेपाल वन सेवा, जनरल फरेस्ट्री समूहका २२ जना रेन्जरहरूको वन विज्ञानमा स्नातक उत्तीर्ण गरेको नहुँदा निजहरूको बढुवा गरिएको छैन । अदालतको अवहेलना गर्ने कुनै मनसाय नरहेको तथा बढुवाको लागि दरखास्त दिने र निजामती सेवा ऐनबमोजिम सम्बन्धित विषयमा माथिल्लो शैक्षिक योग्यता हासिल नगरेका कर्मचारीहरूको हकमा अदालतमा दायर भएको रिट निवेदनको अन्तिम किनारा भएपछि मात्र छलफल गर्ने गरी बढुवा समितिबाट मिति २०६९।२।३२ मा निर्णय भएको छ । सम्मानित अदालतको आदेश एवम् फैसलालाई अवज्ञा गर्ने कुनै पनि कार्य नगरेको हुँदा अदालतको अवहेलनामा सजाय हुनुपर्ने होइन भनी खुलाएको हुँदा विपक्षीहरूको अदालतको अवहेलना गर्ने नियत र आसय नरहेको र अवहेलना गर्ने प्रयत्न गरेको अवस्थासमेत देखिँदैन । त्यस्तो नगर्ने प्रतिवद्धतासमेत जनाएको देखियो । तसर्थ विपक्षीहरूले जानाजान अदालतको अन्तरिम आदेशको अवज्ञा गरेको अवस्था नदेखिएको हुँदा निवेदकको मागबमोजिम अवहेलनामा कारवाही गर्नुपर्ने देखिँदैन । अदालतको अवहेलना गरेकोमा सजाय गरिपाउँ भन्ने निवेदकको मागदाबी पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WO-०४६३, उत्प्रेषण, रणधीर तुम्बा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल काठमाडौंसमेत

निवेदकले रिट निवेदनमा ठेक्कासँग सम्बन्धित विषयमा आफूलाई जानकारी नभएको भने तापनि विपक्षीहरूको लिखित जवाफमा निर्माण कार्यको प्रगति बारेको सम्बन्धमा पत्राचार, फोन तथा एस.एम.एस.समेत गरिएको भनी खुलाएको र डिभिजन कार्यालयबाट मिति २०७२।२।१० मा अन्नपूर्ण पोष्टमा प्रकाशित सूचनामा कन्स्ट्रक्सनको तर्फबाट कार्य प्रारम्भ नै नगरेको र कामको प्रगतिको सन्दर्भलाई लिएर डिभिजन कार्यालयबाट पटकपटक पत्राचार तथा टेलिफोन सम्पर्क गर्दासमेत सम्पर्कमा नआउने, फोन नै नउठाउने जस्ता गैरव्यवसायिक क्रियाकलापहरूप्रति ध्यानाकर्षण रहेको छ । कार्यालयमा आई सम्पर्क गर्नुहुन तथा निर्माणको कार्य अविलम्ब सुरू गर्नुहुन भन्ने व्यहोराको सूचनासमेत जारी भएको देखिन्छ । रिट निवेदक फर्मलाई पटकपटक सूचना पठाएको भन्ने तथ्य डिभिजन कार्यालयबाट मिति २०७२।२।१८ मा गरिएको निर्णयमा समेत उल्लेख गरेको देखिन्छ । उक्त पत्राचार गरिएको ठेगाना र एस.एम.एस. गरिएको मोबाइल नं. आफ्नो होइन भनी निवेदकले चुनौति गर्न सकेको अवस्था पनि रिट निवेदनमा देखिँदैन । यसरी पत्राचार तथा विभिन्न माध्यमबाट पटकपटक दिइएको सूचनालाई गुम पारी ठेक्का सम्झौताअनुसार कार्य नगरी सो सम्बन्धमा आफूलाई कुनै जानकारी नै दिइएन सार्वजनिक खरिद ऐन, २०६३ को दफा

६८(१) प्रतिकूल निर्णय भयो भन्ने रिट निवेदन जिकिर यथार्थमा आधारित नदेखिने।

रिट निवेदक फर्मले सम्झौता गरी कामको जिम्मा लिइसकेपछि समयमै सम्झौताबमोजिमको कार्य गर्नेतर्फ लाग्नु पर्ने निजको दायित्व रहेको हुन्छ । रिट निवेदकले दाबी गरेबमोजिम कार्यस्थल उपलब्ध नभएको भए काम गर्न कुनै बाधा व्यवधान भए सो सम्बन्धमा सम्झौताकर्ता डिभिजन कार्यालयसँग नै सम्पर्क गरी आवश्यक व्यवस्था मिलाउनेतर्फ प्रयासरत हुनुपर्नेमा सो नगरी निजलाई कार्यादेश दिइसकेपछि कार्यस्थलमा कार्य गर्दा अवरोध आएको भन्ने कतै जानकारी गराएको वा निजले कार्यालयसँग कार्यस्थल उपलब्ध गराई पाउँ भनी निवेदन नै दिएको अवस्था पनि देखिँदैन । यी रिट निवेदकलाई विभिन्न मितिमा कार्य प्रगतिबारे पत्राचार गर्दासमेत सम्बन्धित कार्यालयमा सम्पर्क गर्न गएको र उपचार पाउने प्रयास गरेको अवस्था पनि देखिँदैन। सम्बन्धित निकायमा उपचारको लागि प्रयास गर्नुपर्नेमा त्यसको सट्टामा आफ्नो दायित्व पूरा नगरी रिट क्षेत्राधिकारको माध्यमबाट उपचारको लागि अदालतमा प्रवेश गर्नु औचित्यपूर्ण नदेखिने।

मिति २०७१।८।२५ मा ठेक्का सम्झौता भई काम सुरू गर्न कार्यादेशसमेत दिइसकेको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा भएको "सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम सुरू नगरेमा, काम सुरू गरी बीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ" भन्ने व्यवस्था भएको र ऐनको दफा ५९(१) मा खरिद सम्झौतामा सो सम्झौता अन्त्य गर्न सकिने व्यवस्था भई उपदफा (२) मा उपदफा (१) बमोजिमका व्यवस्थाहरू मुख्यरूपमा देहायबमोजिम हुनसक्नेछ भनी खण्ड (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवाप्रदायक वा निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कार्य सम्पादन नगरेमा सार्वजनिक निकायले खरिद सम्झौता अन्त्य गर्न सक्नेछ भन्ने व्यवस्था भएबमोजिम अधिकारप्राप्त निकायले सम्झौता अन्त्य गर्नसक्ने अधिकार रहेको देखिन्छ। काम सुरू नगरिएको भनी स्पष्टीकरण पेस गर्न पत्राचार गरिएको र पत्रिकामा सूचनासमेत प्रकाशित गरिएको मिति २०७२।७।१३ सम्म पनि निवेदक फर्मबाट सम्झौताबमोजिमको कार्य प्रारम्भ गरेको अवस्था पनि देखिँदैन। त्यसरी १५ महिनामा गरिसक्नु पर्ने कार्य करिब ११ महिना बितिसक्दा पनि थालनी नै नगरिएको अवस्थामा ऐजनको दफा ६३(१)(ग) मा "... सम्झौताअनुरूपको दायित्व सारभूतरूपमा पालना नगरेको..." भन्ने व्यवस्थाबमोजिम ऐजन उपदफा (१) ले फर्मलाई कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालो सूचीमा राख्नसक्ने व्यवस्था गरेको देखिन्छ। सो हुँदा यी फर्मले सम्झौताबमोजिम निर्माण कार्य नै सुरू नगरेको अवस्थामा सम्झौताबमोजिमको दायित्व सारभूतरूपमा पूरा गरेको अवस्था देखिँदैन । यस अवस्थामा प्राधिकार निकाय सार्वजनिक खरिद अनुगमन कार्यालयले रिट निवेदक फर्मलाई कालो सूचीमा राख्न पाउने नै देखियो । यसरी कानूनले स्पष्टरूपमा गरेको व्यवस्थाअनुसार भएको निर्णयलाई आफ्नो सम्झौता अवधि बाँकी नै रहेको भन्ने रिट निवेदन जिकिरको कुनै औचित्यता नदेखिने।

कानून लागू रहेको अवधिमा उक्त कानूनी व्यवस्थाको पालना गर्नु सबैको कर्तव्य नै हुन्छ । नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ (ग) ले "यसरी खारेज भएको कुनै ऐनबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पर्ने छैन" भन्ने व्यवस्था गरेको छ । जसबाट तत्कालीन अवस्थामा कायम भएको अध्यादेशबमोजिमको कर्तव्य वा दायित्वको पालना गर्नु सबै पक्षलाई बाध्यात्मक रहेको

देखिन्छ । अध्यादेश लागू भएको अवधिमा सो अध्यादेशमा भएको प्रावधानलाई बेवास्ता गर्न मिल्दैन । निवेदकले अध्यादेश संसद्बाट पारित नभएको भन्ने आधारमा मात्र अध्यादेश लागू रहेको अवस्थाको कानूनी व्यवस्थाबमोजिम भएको कामकारवाही गैरकानूनी मान्न मिल्दैन । यस्तो अवस्थामा अध्यादेश लागू रहेको समयमा सोमा भएको कानूनी व्यवस्थाअनुरूप निवेदक फर्मलाई कालोसूचीमा राख्नेसम्बन्धी कारवाही अगाडि बढाइएको विपक्षीको कार्यलाई अन्यथा मान्न नमिल्ने।

तसर्थ सम्झौताबमोजिमको आफ्नो दायित्व पूरा नगर्ने सुरूची कन्स्ट्रक्सन कैलाली धनगढीलाई कालोसूचीमा राख्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७२।८।१४ मा गरेको निर्णय कानूनबमोजिम नै हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम कार्यको गाम्भिर्यताको आधारमा १ वर्ष देखि ३ वर्षसम्म कालोसूचीमा राख्नसक्ने अधिकार भएकोमा सम्झौताबमोजिमको ठेक्कासम्बन्धी कार्य ठूलो रकमको नभएको र उक्त निर्माण कार्य अर्को फर्म देव एण्ड शायर/वाइ.पि.आर. जे.भी. सँग सम्झौता गरी कार्य सम्पन्न गराउनेतर्फ अगाडि बढेको अवस्थासमेत देखिन्छ । जसबाट निवेदक फर्मलाई ३ वर्ष कालोसूचीमा राख्ने निर्णय चर्को पर्न जाने देखिँदा ३ वर्षको सट्टामा अन्तरिम आदेश जारी भएको अवधिबाहेक गरी १ वर्षको लागि कालो सूचीमा राख्नु भनी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सूचना दिने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल भदौ २० गते रोज २ शुभम्।

- यसै लगाउको ०७१-WO-१०००, उत्प्रेषण, कैलाली जिल्ला धनगढी स्थित सुरूची कन्सट्रक्सन फर्मको तर्फबाट प्रोप्राइटर रणधीर सुब्बा वि. सिंचाई विभाग, पूर्वाञ्चल क्षेत्रीय सिंचाई निर्देशनालय, पूर्वाञ्चल सिंचाई विकास डिभिजन नं. ३ धनकुटासमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०२१२, वैदेशिक रोजगार ठगी, विक्रम चौधरी वि. नेपाल सरकार

प्रतिवादीले मिति २०६६।४।२७ को लिखतलाई आफ्नो इच्छाविपरीत गराएको जिकिर लिएतापनि निजले सो लिखतउपर नालिस बातिल गर्न नसक्नुको साथै करकापबाट भएको भनी कुनै अदालतमा दाबी लिएको पनि देखिँदैन । जाहेरवाला श्रीराम गिरीको जाहेरी, मिति २०६६।४।२७ को लिखत, जाहेरवालाको कागज एवम् बकपत्र प्रतिवादीको बयानसँग एक आपसमा समर्थित हुँदा यी प्रतिवादीले जाहेरवालाका मानिससमेतलाई वैदेशिक रोजगार अमेरिकामा पठाउँछु भनी लिएको रू. ४०,००,०००।– को कागज रितपूर्वककै मान्नुपर्ने देखिन आउने।

पुनरावेदक प्रतिवादीलाई हुने सजायको हकमा विचार गर्दा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० ले कसैले पनि इजाजत पत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने छैन भन्ने कानूनी व्यवस्था देखिन्छ। यी पुनरावेदक प्रतिवादीसँग वैदेशिक रोजगार गर्ने इजाजतपत्र रहे भएको देखिँदैन। इजाजतपत्र नभएको व्यक्तिले वैदेशिक रोजगारको लागि अमेरिका पठाइदिन्छु भनी रू. ४०,००,०००।– को कागज गरी रकम लिएको भन्ने मिसिल संलग्न प्रमाण कागजातबाट देखिएको यी प्रतिवादीले इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको पुष्टि

हुन आउने।

सोही ऐनको दफा ४३ मा कसैले दफा १० विपरीत इजाजत पत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा, कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्ठो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारमा लगाई दिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको ५०% ले हुने हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ। विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुनेछ भन्ने कानूनी व्यवस्था देखिँदा इजाजतपत्र नलिई वैदेशिक रोजगारमा पठाइदिने भनी यी प्रतिवादीले जाहेरवालासँग रू.४०,००,०००।– लिएको कुरा मिति २०६६।४।२७ को लिखत, जाहेरवालाको जाहेरी एवम् बकपत्र र प्रतिवादीको बयानसमेतका प्रमाणबाट समर्थित हुन आएकोले यी प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम कसुर गरेको देखिन आउने।

उपर्युक्त विवेचित आधार प्रमाणबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत नलिएका प्रतिवादी विक्रम चौधरीले जाहेरवालाका मानिसहरूलाई वैदेशिक रोजगारको लागि अमेरिका पठाई काममा लगाई दिन्छु भनी मिति २०६६।४।२७ मा कागज गरी जाहेरवालाबाट रू. ४०,००,०००।– (चालीस लाख) लिई विदेश नपठाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ नं. बमोजिमको कसुर गरेको देखिँदा निज विक्रम चौधरीलाई सोही ऐनको दफा ४३ बमोजिम २।६।० (दुई वर्ष ६ महिना) कैद ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला सदर हुने ठहर्छ। बिगोको हकमा बिगो रू.४० लाख र सोको हर्जानाबापत ५०% ले हुने रू.२० लाखसमेत गरी जम्मा रू.६० लाख रूपैयाँ जाहेरवालाले प्रतिवादीबाट भरिपाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।१०।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार ३१ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०५६५, ०७१-CR-०८२० र ०७२-RC-००९३ कर्तव्य ज्यान र जबरजस्ती चोरी, कैलासकुमार सिंह वि. नेपाल सरकार, नेपाल सरकार वि. धनबहादुर तामाङसमेत र नेपाल सरकार वि. धनबहादुर तामाङ

अम्बिका श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी धनबहादुर तामाङसमेत भएको कर्तव्य ज्यान मुद्दामा पक्राउमा परेका धनबहादुर तामाङले उक्त मुद्दा र प्रस्तुत मुद्दामा अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबित भई बयान गरेका सो बयान व्यहोरालाई समर्थन हुनेगरी प्रतिवादीमध्येकी सीता गुरूङले उक्त मुद्दामा र प्रस्तुत मुद्दामा धनबहादुर र कैलासकुमार सिंहले मृतक शंकर अधिकारीलाई गोली हानी मारेको तथ्यलाई पुष्ट्याईं गरी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको पुष्ट्याईं मिसिल संलग्न माथि उल्लिखित शवपरीक्षण प्रतिवेदन, घटनास्थल लाँसजाँच प्रकृति मुचुल्का, केन्द्रिय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट देखिएकोले प्रतिवादीहरू धनबहादुर तामाङ एवम् साँढे भन्ने कैलासकुमार सिंहले मृतकलाई टाउको र

छातीमा गोली हानी कर्तव्य गरी मारेको तथ्य समर्थीत हुन आउने।

प्रतिवादी धनबहादुर तामाङ र साँढे भन्ने कैलासकुमार सिंहले प्रहार गरेको गोलीबाट मृतक शंकर अधिकारीको मृत्यु भएकोले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) को कसुरमा सोहीबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरि पुनरावेदन अदालत, पाटनबाट भएको फैसलामा प्रतिवादी साँढे भन्ने कैलासकुमार सिंहको पुनरावेदन रोहमा र अर्का प्रतिवादी धनबहादुर तामाङको यस अदालतमा पुनरावेदन नपरी निजका हकमा साधकको रोहमा हेर्दा उल्लिखित फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीमध्येकी सबिना भन्ने सीता गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम सजाय गरेको पुनरावेदन अदालतको फैसला मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा यी प्रतिवादीले मृतक शंकर अधिकारीलाई साँढे भन्ने कैलासकुमार सिंहको कोठामा पुऱ्याई दिएकोसम्म हो तर मृतकलाई मार्नको लागि निज आफैँ सरिक भएको देखिँदैन। निज प्रतिवादीहरू धनबहादुर तामाङ र कैलासकुमार सिंहले पैसा भएका मानिस सम्पर्कमा आए कोठामा ल्याउनु भनेबमोजिम कोठामा पुऱ्याई आफ्नो बाटो लाग भनी कोठाबाट निकाली दिएपछि आफ्नो कोठामा गएको र सोको भोलिपल्ट मृतक शंकर अधिकारीको मृत्यु भएको जानकारी पाएको भनी निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गर्न मनासिब नदेखिई ऐ. १७(३) नं. बमोजिम सजाय गरेको पुनरावेदन, अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

चोरीतर्फ प्रतिवादीहरूलाई के कति सजाय हुने हो त्यसतर्फ विचार गर्दा प्रतिवादीमध्येका धनबहादुर तामाङको बयानअनुसार सो घटनाको सूत्रपात पैसाकै लागि भएको भन्ने देखिएकोले प्रतिवादी कैलास र धनबहादुरले मृतकको नगद रू. १०,०००।– र ४,५००।– पर्ने मोबाइल सेटसमेत जम्मा मोल बिगो रू. १४,५००।– जबरजस्ती चोरी गरेको मिसिल संलग्न प्रमाण कागजातबाट देखिन्छ । साथै उक्त सीता गुरूङबाट बरामद भएको मोडेल १६०० को नोकिया मोबाइल सेटको मूल्य रू.४,५००।– पर्दछ भनी मूल्य मुचुल्का खुली आएको पाइन्छ। नपुग बिगो रू.८४,९३५।– निज मृतकको साथमा रहे भएको कुरा वादी पक्षले कुनै प्रमाण कागजातबाट पुष्टि गराउन सकेको देखिएन । यसरी यी प्रतिवादीहरूले बिगो रू.१४,५००।– बराबरको धनमाल जबरजस्ती चोरी गरेको पुष्टि हुँदा निज प्रतिवादीहरू कैलासकुमार सिंह र धनबहादुर तामाङलाई मुलुकी ऐन, चोरीको १४(२) ले जनही एक महिना १५ दिन कैद र बिगोको डेढी रू.२१,७५०।–जरिवाना हुने र प्रतिवादी सबिना गुरूङलाई बिगोबमोजिम जरिवाना एवम् एक महिना कैद गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिने।

अतः प्रतिवादी धनबहादुर तामाङ, पुनरावेदक प्रतिवादी साँढे भन्ने कैलासकुमार सिंहलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. को कसुरमा सोही नं. ले सर्वस्वसहित जन्मकैद र प्रतिवादी सबिना भन्ने सीता गुरूङलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. अनुसार ३ वर्ष कैद हुने र प्रतिवादी कैलासकुमार सिंह र धनबहादुर तामाङले मृतकको नगद रू.१०,०००।– र रू.४,५००।– पर्ने

मोबाइल सेटसमेत जम्मा मोल बिगो रू.१४,५००।– जबरजस्ती चोरी गरेबापत निजहरूलाई मुलुकी ऐन, चोरीको महलको १४(२) नं. ले जनही एक महिना पन्ध्र दिन कैद र बिगोको डेढी रू.२१,७५०।– जरिवाना भई सो जरिवानाबापत समेत कैद हुने तथा प्रतिवादी सबिना गुरूङले चोरीको मोबाइल लिई प्रयोग गरेकोले बिगोबमोजिम रू. ४५००।- जरिवाना र एक महिना कैद हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।४।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार ३१ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CR-१२७३, वैदेशिक रोजगार ठगी, नेपाल सरकार वि. रमेश न्यौपानेसमेत

अभियोग मागदाबीको पूरै बिगो कायम भएका जाहेरवाला हिमाल घर्ती क्षेत्रीको हकमा कुनै जिकिर लिएको छैन, जाहेरवालाहरू कमल पुन र धनबहादुर थापाले क्रमशः आफ्नो जाहेरी व्यहोरा र अभियोग पत्रमा रू.११,९५,०००।- र रू.२८,७५,०००।- को दाबी लिएकोमा न्यायाधिकरणबाट रू.८,९५,०००।- र रू.१७,७५,०००।- र सोको ५० प्रतिशत हर्जाना रकमको मात्र बिगो कायम भएको तथा जाहेरवालाहरू स्वयम् न्यायाधिकरण उपस्थित भई बकपत्र गरेको भन्ने जिकिरमा १० जना जाहेरवालाहरूले न्यायाधिकरणमा आई बकपत्र गरेको र तीमध्ये जाहेरवालाद्वय धनबहादुर थापा र हिमाल घर्ती क्षेत्रीबाहेकका जाहेरवालाहरूले "प्रतिवादीहरूले रकम बुझेको तर बुझेको भरपाई निस्सा नरहेको" भनी बकपत्र गरेको पाइन्छ । दाबी प्रमाणित गर्ने कागजात प्रमाणहरू सहित सम्बन्धित पक्ष अदालतमा उपस्थित रही आफ्नो जिकिर समर्थित गराउनु पर्ने हुन्छ। अन्दाज र कल्पनाको भरमा दाबीको पुष्ट्याई हुन सक्दैन । बिगो कायम गरी दिने जस्तो लिखतबाट पुष्टि हुनुपर्ने कुरा बिना लिखत प्रमाण केवल जाहेरी, अभियोगदाबी र बकपत्रमा उल्लेख भएकै भरमा प्रतिवादीहरूबाट भराउन ठहर गर्ने भन्ने कुरा कानून र न्यायको रोहमा मिल्ने कार्य होइन । तसर्थ पुनरावेदकको यस जिकिरप्रति सहमत हुन नसकिने।

उपर्युक्त विवेचित आधार कारणबाट अधिकांश जाहेरवालाहरूले प्रतिवादीहरूलाई रकम बुझाएको हो तर निजहरूले भरपाई दिएका छैनन् भनी बकपत्र गरेको देखिएबाट सम्पूर्ण जाहेरवालाहरूले प्रतिवादीहरूलाई रकम बुझाएको लिखत प्रमाण पेस गर्न नसकी केवल ३ जनाले मात्र सक्कल रसिदहरू तथा भौचरहरू पेस गरेको पाइँदा प्रतिवादीहरू रमेश न्यौपाने र जानकी न्यौपानेले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको देखिएको र जाहेरवालाहरूलाई विदेश पठाई सकेकोसमेत देखिँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ४३ बमोजिम ३ वर्ष ६ महिना कैद र जनही रू.३,५०,०००।- जरिवाना हुने; बिगोको हकमा जाहेरवालाहरू मध्ये कमल पुनबाट बुझिलिएको रू.८,९५,०००।-, धनबहादुर थापाबाट बुझिलिएको रू.१७,७५,०००।- र हिमाल घर्ति मगरबाट बुझिलिएको रू.१३,४०,०००।- तथा सोको पचास प्रतिशतले हुने हर्जाना रकमसमेत यी जाहेरवालाहरूले प्रतिवादीहरूबाट दामासाहीको हिसाबले भरी पाउने र अन्य जाहेरवालाहरूको हकमा वादी दाबी पुग्न नसक्ने भनी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।११।११ मा भएको फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-WO-००६५, उत्प्रेषण, सुरेशचन्द्र पौडेल वि. पुनरावेदन अदालत, पाटनसमेत

असाधारण अधिकारक्षेत्रबाट दिइने रिट निवेदन स्वीकारयोग्य हुनका लागि रिट निवेदक सफा हात लिएर आउनु पर्ने हुन्छ । निवेदकको "वास्तविक वतन साबिक काठमाडौं जिल्ला धापासी वडा नं. ३ हालको नयाँ कायम भएको टोखा नगरपालिका वडा नं. ७ हो, मेरो नागरिकतामा उल्लिखित वतन जिल्ला तनहुँ भानु गा.वि.स. वडा नं. २ हो, म निवेदकको टोखा नगरपालिका वडा नं. ७ मा मेरो श्रीमती ज्योती बास्तोला (पौडेल) का नाममा दर्ता स्रेस्ता कायम नक्सा पास भएको पक्की घर छ, सोही वतनमा म निवेदकसहित सपरिवार २०६६ सालदेखि स्थायी रूपमा बसी आएका छौं" भन्ने भनाईतर्फ विचार गर्दा २०६६ सालमा यी रिट निवेदक वादी विपक्षी रविन श्रेष्ठसमेत प्रतिवादी भएको गैरकानूनी दाबी बदर गरिपाउँ भन्ने मुद्दा काठमाडौं जिल्ला अदालतमा र मिति २६७।५।२९ मा यी रिट निवेदक विपक्षी रविन श्रेष्ठसमेत विपक्षी भएको संविधानसँग बाझिएको कानून बदर गरिपाउँ भन्ने रिट निवेदन यस अदालतमा दायर भएकोलगायतका २०६५ सालमा सुरेशचन्द्र पौडेल निवेदक रविन श्रेष्ठसमेत विपक्षी भएको उत्प्रेषणसमेतको मुद्दा यस अदालतमा दायर भएको, २०६५ सालमा सुरेशचन्द्र पौडेल निवेदक रविन श्रेष्ठसमेत विपक्षी भएको निषेधाज्ञा मुद्दा पुनरावेदन अदालत, पाटनमा दायर भएको मुद्दाहरूमा समेत सोही वतनमा रिट निवेदक आफैँले आफ्नो वतन काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ सामाखुसी भक्तिथापा मार्ग उल्लेख गरेको पाइन्छ । यसरी पहिले आफैँले नै स्वीकार गरेको कुरा पुनः प्रतिकूल नतिजा आउने भएपछि पहिले स्वीकार गरिसकेको कुरा होइन, थिएन भन्नु अदालत प्रवेश गर्नु सफा हात लिई आएको भन्न नमिल्ने ।

प्रस्तुत रिट निवेदन ल्याई कारवाहीमा विलम्ब अवरोध पुर्‍याउन खोजेको भन्ने विपक्षीको भनाई मननयोग्य नै रहेको देखिन्छ; अतः माथि विवेचित आधार कारणसमेतबाट रिट निवेदकले काठमाडौं जिल्ला अदालतको मिति २०७१।१२।२९ को आदेशलाई सदर गर्ने मिति २०७२।२।७ को पुनरावेदन अदालत, पाटनको आदेश तथा सोका आधारमा भए गरेका सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशले बदर गरी कानूनको प्रक्रिया पूरा गरी प्रतिवादीका नाममा म्याद जारी गरी तामेलसमेत गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी गरिपाउँ भनी दिएको प्रस्तुत रिट निवेदनमा मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिँदा खारेज हुने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन २१ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-००२८, उत्प्रेषण, हरिप्रसाद न्यौपानेसमेत वि. नेपाल विद्युत् प्राधिकरण, सञ्चालक समिति, काठमाडौंसमेत

मिति २०४१।५।१ देखि नेपाल विद्युत् प्राधिकरण कर्पोरेसन, नेपाल विद्युत् प्राधिकरणमा परिणत भई कर्पोरेसनका कर्मचारी प्राधिकरणकै कर्मचारीको रूपमा मिलान भई प्राधिकरणकै कर्मचारीको रूपमा प्राधिकरणले स्वीकार गरी त्यस्ता कर्मचारीको सेवालाई निरन्तरता दिइरहेको अवस्थामा अस्थायीरूपमा प्राधिकरणमा आई स्थायी भएका कर्मचारीको मात्र अस्थायी अवधि गणना गर्नुपर्ने

स्थायीरूपमै मिलान भई आएका कर्मचारीहरूको अस्थायी सेवा अवधि गणना गर्नु नपर्ने भनी हाल विद्यमान रहेको विनियमावलीको विनियम १३६(२) ले प्रदान गरेको सुविधाबाट यी रिट निवेदकहरूलाई वञ्चित गरी एकै सेवा र कार्यालयअन्तर्गतका कर्मचारीबीच विभेद हुनेगरी अर्थ गर्नु न्यायोचित, तर्कसङ्गत र विवेकसम्मत नहुनुको साथै समानताको सिद्धान्तसमेतको प्रतिकूल पनि हुन जान्छ । कुनै पनि नियमलाई न्यायसङ्गत बनाउनको लागि त्यस नियमले एउटै र उस्तै अवस्थाका कर्मचारीहरूबीच विभेद गर्‍यो कि गरेन भनी हेर्दा स्थायीबाट आउने र अस्थायीबाट आउने भन्ने विभक्त निति निर्माण गरी स्थायीलाई सुविधा नदिने अस्थायीलाई दिने भन्ने अर्थ गर्न मिल्दैन । मूलत: दुवैको आधार र अवस्था एउटै हो होइन भनी हेर्दा दुवैको नतिजाले एउटै निष्कर्ष निकाल्ने हुँदा त्यसको प्रयोगमा असमानता सिर्जना गर्नु हुँदैन भन्ने बुझ्न जरूरी हुने ।

प्रस्तुत मुद्दामा पनि Equality, समन्यायसमेतको आधारमा निवेदकको माग सम्बोधन हुने देखिँदा मिति २०७२।३।२० मा विपक्षीहरूबाट भएको निर्णयलगायतका कामकारवाहीसमेत उत्प्रेषणको आदेशले बदर भई नेपाल विद्युत् प्राधिकरण, कर्मचारी सेवा विनियमावली, २०६२ (संशोधनसहित) को नियम १३६ समेतका आधारमा निवेदकहरूले गरेको अस्थायी सेवा अवधिमा जोडिदिनु भनी विपक्षी नेपाल विद्युत् प्राधिकरण, सञ्चालक समितिसमेतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ१२ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-०४१७, उत्प्रेषण, श्यामसुन्दर प्रसाद यादव वि. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, के.का.दू.भ. काठमाडौंसमेत

प्राधिकरणको कर्मचारी सेवा विनियमावलीको व्यवस्थाअनुसार सिटरोल, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रमा फरक फरक उमेर उल्लेख भएमा जुन कागजातबाट गणना गर्दा अन्ठाउन्न वर्षको उमेर पहिले हुन आउँछ त्यहीलाई कायम गरी ५८ वर्ष उमेर पूरा भएको हिसाब गरी अवकास गर्ने भन्ने स्पष्ट देखिँदा नेपाली नागरिकताको प्रमाण पत्रबमोजिम २०१४।९।१६ कायम भई विपक्षी कम्पनीले २०७२।९।१६ देखि नायब प्रबन्धक निर्देशकबाट उमेर हदको आधारमा अनिवार्य अवकास हुनेगरी दिएको च.नं. ५१ मिति २०७२।५।२० को पत्र मनासिब नै देखिने ।

अतः माथि उल्लिखित विवेचित आधार र कारणहरूको आधारमा निवेदक श्यामसुन्दरप्रसाद यादवले शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा नोकरी कायम रहनु पर्ने भनी जिकिर लिएकोमा उल्लिखित विनियमावलीको विनिमय १०७ अनुसार नागरिकतामा जनिएको उमेरलाई आधार मानी अनिवार्य अवकास दिएको मिलेकै देखिँदा मागबमोजिम रिट जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १२ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-WO-०५९४, उत्प्रेषण, अधिवक्ता

जगन्नाथ मिश्रसमेत वि. स्थानीय विकास मन्त्रालय, श्रीमहल पुल्चोक, ललितपुरसमेत

नेपाल सरकार स्थानिय विकास मन्त्रालय र कस्तुरी ट्रेड लिंक हाइड्रो एयर टेक्टोनिक्स (PCD) J.V. का बीच इस्वी सन् २०१०।११।२९ मा सम्पन्न समझदारी (MOU) रद्द भई सोउपर यसै अदालतमा मुद्दा परी विचाराधीन रहेको र रिट निवेदकको मुख्य मागदाबी पनि उक्त समझदारीपत्र (MOU) बदर गरिपाउँ भन्ने नै रहेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भई प्रयोजनहीन भएकाले अब यसमा थप केही उल्लेख गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-१०१९, टिप्पणी आदेश बदर, झोलाई मण्डलको मु.स. गर्ने सिन्धुमण्डल खत्वे वि. खंग खत्वे

आफ्नो हक स्वामित्वको जग्गा हाल नापी हुँदा गाउँ ब्लकमा परेकाले प्रमाणसहित मालपोत तिर्न र लगत कायम गराई माग्न गएका निवेदनको निवेदन मागबमोजिम उक्त जग्गाको लगत निजको नाउँमा कायम गर्ने गरी भएको मालपोतको निर्णयउपर मर्का पर्ने पक्षले मालपोत ऐन, २०३४ को उल्लिखित दफा ३१ अनुसार सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न जानुपर्ने स्पष्ट कानूनी व्यवस्था रहे भएको देखिन्छ । प्रस्तुत मुद्दामा जग्गाको सम्बन्धमा तेरोमेरो परी हकबेहकको प्रश्न उठी दुवै पक्ष बुझी निर्णय निरूपण भएको विषय नभई आफ्नो जग्गा गाउँ ब्लकमा परेकाले लगत कायम गरिपाउँ भन्ने पक्षको निवेदनको आधारमा सबुद प्रमाणको विश्लेषण गरी न्याय निरूपण भएको पाइयो । तसर्थ मालपोत ऐनको दफा ७ बमोजिम जग्गादर्ता सम्बन्धमा भएको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन गर्नुपर्ने मालपोत ऐनको दफा ३१ को बर्खिलाप सुरू जिल्ला अदालतमा फिरादपत्र पर्न आएको र आफ्नो क्षेत्राधिकारभित्र नै नपर्ने विषयमा सुरू अदालतले फिराद लिई गरेको फैसला मुलुकी ऐन, अदालती बन्दोबस्तको ३५ नं. को बर्खिलापसमेत देखिँदा पुनरावेदन जिकिरसँग सहमत हुनसक्ने अवस्था नभएकाले प्रत्यर्थी झिकाइरहनु परेन । सुरू जिल्ला अदालतको फैसला बदर गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।२।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक २३ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६८-CI-१०१८, जग्गा खिचोला मेटाई घर उठाई चलन, झोलाई मण्डलको मु.स. गर्ने सिन्धु मण्डल खत्वे वि. तुल्सी मण्डल खत्वे भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-०७८२, निकास बाटो खुलाई पाऊँ, तिर्थ कुर्मी वि. सीयाराम लोध

प्रस्तुत मुद्दामा सुरू बाँके जिल्ला अदालतको मिति २०६५।६।९ को आदेशानुसार भइआएको मिसिल

संलग्न नक्सा मुचुल्का र अमीनको प्रतिवेदनबाट म.नं. २८ को प्रतिवादीको घरको विवादित छज्जा वादी दाबीको न.नं. २९ को बाटोमाथि रहेको देखियो। न.नं. २९ नक्सा प्रिन्टको कि.नं. २२ जनिएको बाटो र उक्त बाटोको दक्षिण १.८५ मीटर र पूर्व दक्षिण कुनाबाट सिधा दक्षिण १.७५ मीटरको दोहोरो बाटो रहेको र उक्त बाटो नापी गर्दा नक्सा प्रिन्टमा उल्लेख भएकै नाप रहेको देखिन्छ भन्ने व्यहोरासमेत उल्लेख भएको देखियो। यसप्रकार बाटोको चौडाइमा समेत विवाद रहेको भए पनि सो बाटोको क्षेत्रफल यथावत् रहेको र सो सम्बन्धमा पुनरावेदन जिकिर पनि नदेखिँदा सो विषयमा केही बोल्न परेन। तर उक्त नक्सा मुचुल्काको रोहबर महलमा रहेका भोलाप्रसाद मुजुवासमेतका व्यक्तिहरूले वादी दाबीको जग्गामा पहिलेदेखि लडिया हिँड्ने बाटो थियो हाल पनि बाटो छ तर मानिस आवतजावत गर्न मिले पनि लडियाको निकास अप्ठेरो परेको छ भनी आफ्नो व्यहोरा खुलाई लेखाई दिएको पाइयो। यसरी भइआएको नक्सा मुचुल्का, अमीनको प्रतिवेदन एवम् मुचुल्काका साक्षीहरूको भनाइसमेतको आधार प्रमाणबाट उक्त बाटोको निकास पूर्णरूपमा बन्द भएको नदेखिए पनि ज.वि. ०,०००१.४६ क्षेत्रफलको प्रतिवादीको घरको छज्जा बाहिरपट्टि बाटोमाथि निर्माण गरेको देखिएकोले लडियालगायतका साधन आवतजावत गर्न बाटोको निकास अवरूद्ध भएको देखिँदा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुनसक्ने अवस्था नहुँदा प्रत्यर्थी झिकाई रहनु परेन। तसर्थ न.नं. २८ को प्रतिवादीको घरको छज्जा सार्वजनिक बाटो माथि परेकाले सो छज्जा भत्काई बाटोसमेत खुलाई चलन चलाई दिने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।११।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक २३ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-०७९४, बाटो कायम, प्रेमलता गुप्ता वि. रामशंकर खड्कासमेत

साबिक कि.नं. ११६२ कै जग्गाबाट विभिन्न तरहले हाल जग्गाको स्वामित्त्व पाएका वादी लक्ष्मी गुरूङले घर निर्माण गर्दा पनि उत्तर उमाशंकर र बाटो भनी नक्सा स्वीकृत गराई घर निर्माण गरेको र रामशंकरले पनि घर निर्माण गर्दा उत्तर उमाशंकर र बाटो उल्लेख गरी सिद्धार्थ नगरपालिकाबाट नक्सा पास गराई घर निर्माण गरेको देखिन्छ। यसप्रकार सो गल्ली बाटोको लगत कट्टा भई बाटो नजनिएको भए पनि साबिकको जग्गाधनी उमाशंकरले बीच भागमा गल्ली छोडी दायाँ बायाँ दुईवटा सटर निर्माण गरेको र आपसी समझदारीमा वादी प्रतिवादीहरूले उक्त बाटो प्रयोग गर्दै आएकोमा हाल राजीनामाबाट सो गल्ली बाटोसमेत खरिद गरेकै आधारमा बाटो जस्तो निकास रोक्न मिल्ने देखिँदैन। उक्त जग्गाको स्वामी र स्वामित्व परिवर्तन भए पनि सो जग्गामा रहेको स्वामित्व र भोग सन्निहीत दायित्वबाट उन्मुक्ति मिल्छ भन्न मिल्दैन। हक हस्तान्तरण प्रक्रियाले स्वामी र स्वामित्व परिवर्तन हुनसक्छ तर चिरभोग भने परिवर्तन हुन नसक्ने।

तसर्थ अन्य बाटो निकासको वैकल्पिक अवस्था नभएको र आपसी समझदारीमा एकजनाको स्वामित्वभित्रको गल्ली बाटो सबैले उपयोग गर्दै आएको एवम् साबिकको मूल जग्गा अर्थात् कि.नं. ११६२ को बन्डापत्रका अंशीयारहरू बीच ६ फुटको बाटो हुने कुरा स्पष्ट गरी कानूनबमोजिम लिखत पारित गरेको

अवस्थामा कतातर्फ बाटो राख्ने उल्लेख नभएको र राजीनामाको लिखितबाट बाटो गल्लीसमेत खरिद गरेको भन्ने आधारमा नै बाटो निकास बन्द गराउन नमिल्ने हुँदा पुनरावेदन जिकिर मनासिब नदेखिँदा प्रस्तुत मुद्दामा प्रत्यर्थी झिकाई रहनु परेन। वादी दाबी नपुग्ने ठहर्‍याएको सुरूको फैसला उल्टी ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।२।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक २३ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-०४१३, कर्तव्य ज्यान, हाङ्गस्रोङ्ग लिम्बू वि. नेपाल सरकार

प्रतिवादीले वारदातको दिन मृतक सौतेनी आमासँग खाजा खाने निहुँमा कुटपिट गर्न खोज्दा बाबु तथा फुपूले छुट्याएकोले छिमेकीको घरमा गई बसेर राति ११ बजे घर आई पुन: मृतक सौतेनी आमासँग झगडा गरी कुटपिट गर्न खोज्दा फुपूले छुट्याएकोमा मृतक अर्को घरमा गई लुकेर बसेको अवस्थामा खोज्दै गएर काठको लाठीले पटकपटक शरीरको संवेदनशील भागमा लात्ती तथा बक्सिङ्गले भुँडीमा हिर्काई बेहोस भएपछि आफू भागी गएको र सोही चोटबाट मृतकको मृत्यु भएको अवस्था देखिँदा त्यस्तो कार्यलाई मनसायप्रेरित हत्या भएको मान्नुपर्ने हुँदा त्यस्तो कार्यलाई तत्काल आत्मसम्यम गुमाई आवेशमा आएको भन्ने र तर्साउने नियतले मात्र कुटपिट गरेको भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिर र विद्वान् कानून व्यवसायीको बहससँग सहमत हुन नसकिने।

उपर्युक्त तथ्य, सिद्धान्त, व्यवस्था तथा विवेचित आधार प्रमाणबाट प्रस्तुत मुद्दामा यी प्रतिवादीले आफ्नी सौतेनी आमा भिमकुमारी लिम्बुसँग यसअघि पनि पटकपटक झै-झगडा गर्ने गरेको, वारदातको दिन पनि खाजा खान नदिएको निहुँमा झगडा गरी कुटपिट गर्न खोज्दा बाबु र फुपूले छुट्याएपछि यी प्रतिवादी छिमेकीको घरमा गई बसेको र राति ११ बजे पुनः घरमा आई मृतक सौतेनी आमासँग झगडा गरी कुटपिट गर्न लाग्दा निजकी फुपूले छुट्याएपछि मृतक भीमकुमारी लिम्बू आफ्नो अर्को घरमा गई आफ्नो ज्यान बचाउन लुकेर बसेको अवस्थामा प्रतिवादी हातमा लाठी लिई मृतकलाई खोज्दै जाँदा मृतक लुकेको स्थानमा भेटाएपछि लाठी तथा लात र बक्सिङले शरीरको विभिन्न भागमा हिर्काउँदा मृतक बेहोस भई भुइँमा लडेपछि निज प्रतिवादी भागी गएको पुष्टि भएकोले निज प्रतिवादीलाई पुनरावेदन अदालत, धनकुटाले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको फैसला मनासिब नै देखिने।

प्रतिवादी ठूले भन्ने विवेक हाङस्रोङ लिम्बुलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(३) नं.को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०/०२/२९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन १७ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-१२७८, कर्तव्य ज्यान, लोकबहादुर भूल वि. नेपाल सरकार

प्रतिवादीको बयान व्यहोरा, पोष्टमार्टम

रिपोर्ट, अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरूको अनुसन्धानमा र अदालतमा लेखाई दिएको व्यहोरा, लास जाँच प्रकृति तथा घटनास्थल मुचुल्का आदि मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादी लोकबहादुर भूलले कुटपिट गरेकै कारणबाट निजकी पत्नी देवी भूलको मृत्यु भएको कुरा निर्विवादरूपमा स्थापित भइरहेको देखिन्छ। यसतर्फ स्वयम् प्रतिवादीले समेत आफ्नो बयानमा र यस अदालतमा पुनरावेदन गर्दासमेत कुनै जिकिर लिन सकेको नदेखिने।

अब प्रतिवादीले आफूमा मार्ने मनसाय नभएको कुरा, प्रत्यक्षदर्शी प्रमाणको अभाव रहेको कुरा र कसुर हुँदाको घटनाक्रम र परिस्थितिको समुचित विश्लेषण नगरी अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको फैसला त्रुटिपूर्ण छ भनी लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रतिवादी लोकबहादुर भूल र निजकी पत्नी मृतक देवी भूलकाबीच पहिलेदेखि नै मनोमालिन्य रहेको, झगडा कलह हुने गरेको कुरा जाहेरी व्यहोरा साथै स्वयम् प्रतिवादीले गरेको बयान व्यहोरासमेतबाट देखिएको छ । झगडा, कलहकै कारणबाट देवी भूल माइत गएकी र वारदातको मितिभन्दा ३ दिन अगाडि मात्रै प्रतिवादीले झगडा नगर्ने आश्वासन दिएर आफ्नो घरमा निज देवी भूललाई फर्काई ल्याएको अवस्था छ । प्रतिवादी लोकबहादुर भूलको बयानबाट निजकी श्रीमती मृतक देवी भूलले अन्य व्यक्तिहरूसँग अनैतिक सम्बन्ध राख्ने गरेको भन्ने शङ्का भएको र सो वारदातको रात पनि निज देवी भूल करिब ३ घण्टाजति बाहिर गएकी प्रतिवादीले निजलाई कहाँ गएकी भनी सोध्दा ट्वाइलेट गएको भनी बताएकोमा सो कुरामा विवाद भई प्रतिवादीले दाउराले टाउकोमा तथा शरीरका विभिन्न भागमा हानेको र दाउरा भाँचिएपछि गिलासले समेत हानेको देखिन्छ । यसरी पटकपटक प्रहार गरेको तथ्य लासजाँच प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनमा उल्लेख भएका घा चोटको विवरणबाट समेत पुष्टि भइरहेको छ। यस्तो अवस्था देखिएबाट लोकबहादुर भूल र मृतक देवी भूलबीच पूर्वरिसइवी तथा मार्ने मनसाय रहेको थिएन भनी मान्न सकिने देखिएन।

यसै गरी प्रतिवादी आफैँले कसुर स्वीकार गरेको र निजले स्वीकार गरेअनुसारले नै कसुर भएको तथ्य मिसिल संलग्न वस्तुगत प्रमाणसमेतबाट पुष्टि भइरहेको अवस्थामा वारदातको प्रत्यक्षदर्शी प्रमाणको अभाव रहेको भनी जिकिर लिन र सोही जिकिरको आधारमा कसुरबाट उन्मुक्ति दिन मिल्ने देखिन आएन । तसर्थ यी प्रतिवादीले अभियोग माग दाबीअनुसार ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुर गरेको ठहर्‍याई सोही नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू फैसला सदर ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा अन्यथा भन्न सकिँदैन । प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अभियोग दाबीबमोजिम सजाय हुने ठहर्‍याएको सुरू फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिए पनि यी प्रतिवादीले मृतकलाई मार्ने कुनै पूर्वयोजना बनाई रहे बसेको देखिँदैन । मृतकको परपुरूषसँग अनैतिक सम्बन्ध रहेको शङ्का रहेको अवस्थामा वारदात भएको रातमा पनि सँगै सुतेको यी मृतक अबेरसम्म नआएको, खोज्दासमेत फेला नपरेको अवस्थामा आफैँसँग सुतेकी आफ्नो श्रीमती राति यसरी गएकोमा यी प्रतिवादीलाई आफ्नो श्रीमतीप्रति झन् शङ्का बढी रिस उठ्नु स्वाभाविक नै देखिन्छ । यस्तो अवस्थामा श्रीमती आएपछि भनाभन हुँदा उल्टै श्रीमतीले गाली गरेपछि यी प्रतिवादीले हानेको हानी मृत्यु भएको पाइन्छ। त्यस्तै निज प्रतिवादीको आर्थिक अवस्थासमेत कमजोर

रहेको र निज अनुसन्धानमा र अदालतमा साबित रही न्यायिक प्रक्रियालाई समेत सहयोग पुर्‍याएको देखिन्छ । यस्तो अवस्थामा यी प्रतिवादीलाई ऐनअनुसारको सर्वस्वसहित जन्मकैदको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने भई कानून र दण्डको औचित्यतासमेत पुष्टि हुने नदेखिँदा घटनाको अवस्था तथा परिस्थितिसमेत विचार गरी यी प्रतिवादी लोकबहादुर भूललाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १४ वर्ष मात्र सजाय गर्नु उपयुक्त हुनेछ ।

अतः माथि उल्लेख गरिएका आधार, कारण र प्रमाणहरूबाट प्रतिवादी लोकबहादुर भूललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू डोटी जिल्ला अदालतको मिति २०६९।९।५ को फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, दिपायलबाट मिति २०७०।५।३१ मा भएको फैसला मनासिब हुँदा सदर हुने ठहर्छ । सो सदर हुने ठहरे पनि वारदातको अवस्था, प्रकृति, मृतकको क्रियाकलाप तथा तत्कालीन परिस्थिति, प्रतिवादीको आर्थिक अवस्थालगायतका कुराहरू समेत विचार गर्दा प्रतिवादीलाई ऐनअनुसार सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने चित्तले देखेकोले निज प्रतिवादी लोकबहादुर भुललाई १४ (चौध) वर्ष मात्र कैद सजाय हुनु उपयुक्त देखिँदा निजलाई १४ (चौध) वर्षमात्र कैद सजाय हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-१२७२, परमादेश, उमेश कुमार मण्डल वि. परमेश्वर महतो

विद्यालयमा शिक्षा ऐन र नियमावलीमा उल्लिखित व्यवस्थाबमोजिम वरिष्ठतम् योग्यता पुगेका स्थायी शिक्षकहरू मध्येबाट प्रधानाध्यापक छनौट र विद्यालय व्यवस्थापन समिति गठन गरी विद्यालय सञ्चालन गर्नुपर्ने सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयको कानूनी कर्तव्य रहन्छ । यसरी प्रधानाध्यापकको पद र विगत ६ वर्षदेखि विद्यालय व्यवस्थापन समितिको पदहरू खाली राखी अस्थायी शिक्षक उमेशकुमार मण्डलले निमित्त प्रधानाध्यापक भई विद्यालय सञ्चालन गरेको कार्य शिक्षा ऐन र नियमावलीमा उल्लिखित व्यवस्थाविपरीत देखिन्छ । यसरी कानूनी व्यवस्थाविपरीतको कार्य गर्नु भनेको कानूनको उल्लघन गरेको मानिन्छ । कानूनभन्दा माथि कोही पनि हुन सक्दैन । कानूनको परिपालन गर्नु हरेक व्यक्ति र निकायको कानूनी कर्तव्य हुने हुँदा उक्त विद्यालयमा विद्यालय व्यवस्थापन समितिको पदावधि समाप्तपश्चात् विगत ६ वर्षदेखि हालसम्म विद्यालय व्यवस्थापन समितिको गठनसमेत नगरी र स्थायी शिक्षकहरू हुँदाहुँदै अस्थायी शिक्षक उमेशकुमार मण्डलले निमित्त प्रधानाध्यपक भई विद्यालय सञ्चालक गरेको कार्य कानूनसम्मत मिल्ने नदेखिने ।

शिक्षा नियमावली, २०५९ को नियम ९३ (१२) बमोजिम स्थायी शिक्षक मात्र रिक्त प्रधानाध्यापकको रूपमा काम गर्न पाउने भएकोले विद्यालयका वरिष्ठतम् शिक्षकहरूलाई निमित्त प्रधानाध्यापकको रूपमा काम गराउनु भनी र शिक्षा ऐन, २०२८ को दफा १२(५) बमोजिम विद्यालय व्यवस्थापन समितिको पदावधि ३ वर्षको हुने र सो अवधि नाघी सकेकोले कानूनबमोजिम विद्यालयको व्यवस्थापन समितिको छनौट वा मनोनयन गर्नु भनी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।३।४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । उक्त

विद्यालय माध्यमिक विद्यालयबाट उच्च माध्यमिक विद्यालयमा भएको र पुनरावेदक जिकिरको हकमा निज स्वयम्ले लिखित जवाफ पेस गरेबाट सो जिकिर मनासिब नदेखिने हुदाँ पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः मनकुमारी जि.एम.वि.क.

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल भदौ १२ गते रोज १ मा शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०७४६, कर्तव्य ज्यान, साजन तामाङ वि. नेपाल सरकार

मृतक दीपेन भन्ने हर्कबहादुर तामाङको लास जाँच तथा बरामदी मुचुल्काबाट मृतकको लासको बायाँ कानभन्दा माथि पछाडिबाट आँखा छेउसम्म पटकपटक काटिएको चोट रहेको, बायाँ हातको हत्केलामा छिनिएर अलग भएको, लासको शरीर ढाडमा अन्दाजी १८ इन्च खुकुरी गाडिएको रगतपच्छे अवस्थामा रहेको, उक्त खुकुरी प्रहरीले निकाली लगेको र शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारणमा Cause of death is due to hemorrhage shock due to performation of heart and head injury उल्लेख भएबाट प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतमा भएको बयानसमेत समर्थित रहेको देखिँदा मृतक दीपेन भन्ने हर्कबहादुर तामाङको मृत्यु प्रतिवादी साजन तामाङले धारिलो हतियार खुकुरीले पटकपटक शरीरको विभिन्न भागमा प्रहार गरी विभत्स तरिकाबाट कर्तव्य गरी मारेको पुष्टि हुन आउने।

मृतक दीपेन भन्ने हर्कबहादुर तामाङले बोकेको धारिलो हतियार खुकुरी खोसी यी प्रतिवादी साजन तामाङले एक्लैले मृतक दीपेन भन्ने हर्कबहादुर तामाङको शरीरको टाउकोलगायत शरीरको विभिन्न भागमा पटकपटक प्रहार गरी निर्मम तरिकाले हानी रोपी कर्तव्य गरी मारेको पुष्टि भएकोले निज प्रतिवादी साजन तामाङलाई पुनरावेदन अदालत, इलामले मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. विपरीत १३ (१) नं. को कसुरमा ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला मनासिब नै देखिने।

तसर्थः उपर्युक्त तथ्य व्यवस्था र विवेचित आधार प्रमाणबाट प्रतिवादी साजन तामाङलाई जिल्ला अदालत, पाँचथरले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।१२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ १२ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CI-१०७४, निषेधाज्ञा, रामबहादुर गौतम वि. मनु रौनियार

सुनिल कोलनीले पुनरावेदक सहकारी संस्था लि. बाट रू.२,९५,८९३।- कर्जा लिँदा प्रत्यर्थी निवेदक साक्षी मात्र बसेको वा जमानी नै बसेको भए पनि सो ऋण नतिरेको अवस्थामा कानूनअनुसार लेनदेनअन्तर्गतको देवानी प्रक्रियाबाट अगाडि बढेमा कारवाही हुने नै देखिन्छ। यस विषयलाई लिएर प्रत्यर्थी निवेदक मनु रौनियारलाई र निजको परिवारलाई घर पकड गर्ने गराउने, धम्की दिने दिलाउने तथा गालीबेइज्जती गर्ने गराउनेजस्ता कार्यहरू गर्नु गराउनु नमिल्ने।

निषेधाज्ञाको आदेशले हुनेसक्ने आशंकित गैरकानूनी कार्यलाई मात्र रोक्ने हुँदा यस्तो आदेशले पुनरावेदकको कुनै हकहितमा असर पार्ने हुँदैन र पुनरावेदकको आफूले प्रवाह गरेको ऋण रकमको सावाँ ब्याज कानूनअनुसार असुलउपर गरी लिन सक्ने कार्यमा समेत कुनै असर पार्ने हुँदैन । तसर्थ निवेदन मागअनुसारको निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट भएको आदेश मिलेकै देखिँदा अन्यथा भन्न नसकिने ।

अतः माथि विवेचित आधार कारणबाट पुनरावेदक विपक्षी गौतम श्री बहुउद्देश्यीय सहकारी संस्था लि. समेतको नाममा निवेदकलाई गैरकानूनीरूपमा पक्राउ नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।१०।८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर २ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०६५३, उत्प्रेषण / परमादेश, रमरतिया धानुक वि. हरिनारायण महतो धानुक

हरिनारायण महतो धानुकको नाममा रहेको दाबीको जग्गाको मोही लगत कट्टा गर्दा निजलाई आफ्नो कुरा राख्न एवम् आफ्नो सबुद प्रमाण पेस गर्न मौकासमेत नदिएको अवस्थामा सो निर्णय गर्दा सुनुवाइको मौकासम्बन्धी प्राकृतिक न्यायको सिद्धान्तको पालना भएको देखिन आएन । प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको निर्णयले कानूनी मान्यतासमेत प्राप्त गर्न नसक्ने हुँदा त्यसको विपरीत भएको निर्णय कायम रहन सक्नेसमेत देखिन आएन । मोही हरिनारायण महतो धानुकलाई सुनुवाईको मौकासमेत नदिई भएको भूमिसुधार कार्यालयको निर्णय बदर गरेको पुनरावेदन अदालतको फैसला कानूनसम्मत हुँदा अन्यथा गरिरहनु नपर्ने ।

तसर्थ, माथि विवेचित आधार कारणबाट मोही हरिनारायण महतो धानुकलाई प्रतिवादको मौका नदिई कि.नं. ३८० को जग्गाको मोही लगत कट्टा गर्ने गरी भएको भूमि सुधार कार्यालय, बाराको मिति २०६९।५।२५ को टिप्पणी आदेश सदर गर्ने गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकलाई समेत प्रतिवाद गर्ने मौका दिई दुवै पक्षको प्रमाण बुझी निर्णय गर्नु होला भनी भूमिसुधार कार्यालय, बाराको नाउँमा परमादेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०/२/२९ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७३ साल कात्तिक ४ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CR-०६५२, उत्प्रेषण / परमादेश, बिगनी देवी धानुक वि. हरिनारायण महतो धानुक
- ०७०-CR-०६४३, निषेधाज्ञा, रामएकबाल महतो धानुकसमेत वि. हरिनारायण महतो धानुक

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CR-०६२५, अवैध बाघको आखेटोपहार ओसारपसार, धनमाया लामा वि.

नेपाल सरकार

सहअभियुक्तहरूले समेत बरामदी मुचुल्कालाई स्वीकार गरेको तथा सर्जमिन मुचुल्काका मानिसहरूले लेखाइ दिएको व्यहोराबाट बरामदी मुचुल्का समर्थित भएको अवस्थामा बरामदी मुचुल्काका मानिसहरू मुद्दा हेर्ने अधिकारीसमक्ष बकपत्र नगरेकै कारण त्यसलाई प्रमाणमा लिन नमिल्ने होइन। बरामदी मुचुल्का, प्रतिवादीहरूको बयान व्यहोरा र अनुसन्धानको क्रममा भएको सर्जमिन व्यहोराले एक अर्कालाई समर्थन गरेकोले सोलाई प्रमाणमा लिन मिल्ने नै देखिने।

प्रतिवादी ठुलीमाया तामाङ भन्ने धनमाया लामाले आफैँले बाघ मारेको नदेखिई प्रतिवादीहरू शेरबहादुर तामाङ र हरिबहादुर तामाङले भारतबाट खरिद गरी ल्याएको बाघको छाला बिक्री वितरण गर्ने क्रममा निजको संलग्नता रहेको देखिन्छ । फौजदारी कसुरमा दोषी देखिएका अभियुक्तलाई सजाय गर्दा वारदातमा भएको निजको सहभागिताको अनुपातमा सजाय गर्नुपर्ने दण्डशास्त्रीय मान्यता रहेको देखिन्छ । प्रस्तुत वारदातमा प्रतिवादी ठुलीमाया तामाङ भन्ने धनमाया लामाको सहभागितासमेतलाई मध्यनजर गरी हेर्दा निजलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम ६ वर्ष ६ महिना कैद हुने उपयुक्त देखिने।

तसर्थ, उल्लिखित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादी ठुलीमाया तामाङ भन्ने धनमाया लामालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसुरमा ऐजनको २६(१) बमोजिम १२ वर्ष कैद सजाय र रू.७५,०००/- जरीवान हुने ठहर्‍याएको शुक्लाफाँट वन्यजन्तु आरक्ष कार्यालय, कञ्चनपुरबाट भएको फैसलालाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६९/७/१९ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक प्रतिवादी ठुलीमाया तामाङ भन्ने धनमाया लामालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसुरमा ऐजनको २६(१) बमोजिम ६ वर्ष ६ महिना कैद सजाय र रू.५०,०००/- जरिवाना हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री मीरा खड्का,** ०७०-CR-०६२३, कर्तव्य ज्यान, नेपाल सरकार वि. सनोज सहनीसमेत

प्रतिवादी नन्दी राजवंशीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतक रोहितकुमार सुब्बासँग वारदात घटेको दिनमा झै-झगडा भएको र अन्य प्रतिवादी साथीले झै-झगडा गर्नु हुँदैन भनी मिलाई लगेका पछि रोहितकुमार सुब्बा सुतेपछि पानी तान्ने कलको हेन्डिल फुकाली सोही हेन्डिलले टाउकोमा प्रहार गरी हत्या गरेको र अन्य प्रतिवादीहरू संलग्न नरहेको र आफू एक्लैले मारेको कुरामा साबित भएको देखिन्छ । अन्य प्रतिवादीहरू सनोज सहनी र प्रकाश थापाले समेत आफूहरू वारदातमा संलग्न नभएको मृतक र नन्दी राजवंशीबीच झै-झगडा भएको र नन्दी राजवंशीले नै मारेको हो भनी गरेको बयानबाट समेत सो कुरा समर्थन भएको पाइन्छ । मौकामा दिएको किटानी जाहेरीलाई समर्थन गरी जाहेरवालाले अदालतमा बकपत्र गरेको पाइन्छ । वारदातमा प्रयोग भएको कलको हेन्डिल घटनास्थलबाट बरामद

भएको कुरा खानतलासी एवम् बरामदी मुचुल्काबाट देखिन्छ। घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन र घटना विवरण कागज गर्ने रूकु धिमाल, मन्जु मगरसमेतको बकपत्रबाट मृतक रोहितकुमार सुब्बाको मृत्यु कर्तव्यबाट भएको हो भन्ने कुरामा विवाद नदेखिने।

अन्य प्रतिवादीहरू छुट्टिई गएपछि प्रतिवादी नन्दी राजवंशी र मृतकसँगै गएको र झै-झगडाको कारण उठेको रिसबाट प्रतिवादी नन्दी राजवंशीले रोहितकुमार सुब्बा सुतेपछि पानी तान्ने कलको हेन्डिल फुकाली सोही हेन्डिलले टाउकोमा प्रहार गरी हत्या गरेको भन्ने कुरा स्वयम् प्रतिवादी नन्दी राजवंशीले स्वीकार गरेको देखिन्छ । अन्य प्रतिवादीहरूले आफ्नो संलग्नता नरहेको भनी बयान गरेका र वस्तुस्थिति मुचुल्का र घटना विवरण कागज गर्ने व्यक्तिहरूबाट समेत यी प्रतिवादीहरूको संलग्नता रहेको थियो भनी बयान कागज भए गरेको देखिँदैन । स्वयम् मुख्य प्रतिवादी नन्दी राजवंशीले पनि यी प्रतिवादीहरू उपर पोल गरेको देखिँदैन भने वादीबाट यी प्रतिवादी सनोज सहनी र प्रकाश थापाउपर समेत अभियोग दायर गरेपनि आरोप प्रमाणित हुने कुनै ठोस प्रमाण पेस हुन सकेको नदेखिने।

तसर्थ, जाहेरवालाको किटानी जाहेरी तथा सो जाहेरीलाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्र, प्रतिवादी नन्दी राजवंशीले मौकामा गरेको साबिति बयान घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, बरामदी मुचुल्कासमेतबाट प्रतिवादी नन्दी राजवंशीले रोहितकुमार सुब्बालाई पानी तान्ने कलको हेन्डिल फुकाली सोही हेन्डिलले टाउकोमा प्रहार गरी हत्या गरेको हुँदा ज्यानसम्बन्धी गम्भीर कसुर गरेको देखिन आएबाट निजलाई सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई अन्य प्रतिवादी सनोज सहनी र प्रकाश थापालाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत, इलामबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित तथ्य, प्रमाण, कानून एवम् मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी नन्दी राजवंशीलाई झापा जिल्ला अदालतबाट अभियोग माग दाबीअनुसारको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र अन्य प्रतिवादी सनोज सहनी र प्रकाश थापालाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६९।११।२० मा भएको फैसला मिलेकै देखिँदा प्रतिवादी नन्दी राजवंशीको हकमा पेस भएको साधक सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने।

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल साउन २० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री मीरा खड्का,** ०७०-CR-०६८९, कर्तव्य ज्यान, कवेला चौधरी वि. नेपाल सरकार

मृतकको पोष्टमार्टम रिपोर्टमा टाउकोमा चोट पुगेको कारणबाट परदेशिनी चौधरीको मृत्यु भएको भन्ने उल्लेख भएको देखिँदा प्रतिवादीको कसुर थप पुष्टि हुन आएको छ । उपर्युक्त उल्लिखित आधार र कारणबाट मृतक परदेशिनी चौधरीको मृत्यु यी प्रतिवादी कवेला चौधरीको कर्तव्यबाट भएको देखिएकाले यस सम्बन्धमा थप विवेचना गरिरहनु पर्ने देखिन नआउने।

प्रस्तुत मुद्दाको सन्दर्भमा लोग्ने स्वास्नीबीच रक्सी सेवन गरी घरायसी झगडाबाट आपसमा विवाद चर्कंदै जाँदा प्रतिवादीले लातमुक्का र बाँसको लाठोले प्रहार गरी मारेको भनी घटनाक्रमलाई जस्ताको तस्तै देखाई बयान गरेको देखिएको र मृत्यु भएको थाहा पाई प्रहरी चौकीमा गई सो कुराको जानकारी प्रतिवादी आफैँले गराएको देखिन्छ । श्रीमान् श्रीमतीबीचको सामान्य कुराको झगडाको कारणबाट मृतकको मृत्यु भएको, अन्य पक्षलाई ल्याई मारेको नदेखिएको, मार्नुपर्नेसम्मको पूर्वरिसइवीको विद्यमानता नदेखिएको र प्रतिवादीको पारिवारिक पृष्ठभूमिलाई समेत दृष्टिगत गर्दा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरी निज प्रतिवादीलाई १२ (बाह्र) वर्ष कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको रायलाई अन्यथा गर्नुपर्ने स्थिति देखिन नआउने।

उल्लिखित आधार, कारण र प्रमाणबाट प्रतिवादी कवेला चौधरीलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर्‍याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसलालाई सदर गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १२ वर्ष मात्र कैद सजाय गर्न उपयुक्त हुने भनी राय व्यक्त गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७०।१।९ मा भएको रायसहितको फैसला मनासिब नै देखिँदा सदर हुने ठहर्छ । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने प्रतिवादी कवेला चौधरीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल साउन २० गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री मीरा खड्का,** ०७०-CR-१५८०, ०७०-CR-१५८१ र ०७०-CR-०१६९, कर्तव्य ज्यान, रविन्द्रराज राईसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. अमिर राई र नेपाल सरकार वि. सविन राई

प्रतिवादीहरू सुदिप राई र जिवन खड्का वारदात अपराधमा संलग्न नभएको भनी आरोपित कसुरमा इन्कार रहेको र ठहर भएका प्रतिवादीहरूले समेत यी प्रतिवादीहरूको संलग्नता रहेको भनी नदेखाएको हुँदा अपराधमा संलग्न रहेको भनी अनुमान गर्न मिल्ने देखिएन। अभियोजन पक्षले आफूले दायर गरेको अभियोग जिकिरलाई पुष्टि गर्ने गरी अन्य प्रमाण प्रस्तुत गर्न सकेको नदेखिने।

जहाँसम्म प्रतिवादीहरू अमिर राई, सविन राई र रविन्द्रराज राईको हकमा अपराधको अवस्था र कलिलो उमेरको कारण अ.बं. १८८ नं. को प्रयोग गरी निजहरूको हकमा १० (दश) वर्ष मात्र कैद सजाय गर्दा उपयुक्त हुने राय लगाई आएकोमा निजहरूको उमेर अपराध गर्दाको अवस्थामा १६ (सोह्र )वर्षको उमेर पूरा भइसकेको मिसिलबाट देखिएको र सामान्य विषयको वादविवादमा पनि चक्कु छुराजस्तो जोखिम हतियार लिई मृतक विक्रम घलेको शरीरमा पटक पटक प्रहार गरी ढुङ्गाले टाउकोमा प्रहार गरी थिची क्रूर किसिमबाट मारेको देखिएको छ । निजहरूले अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्षको साबिती बयानलाई हेर्दा आत्मरक्षाको लागि प्रतिकार गर्दा घटना भएको भनी लिएको तर्कलाई पुष्टि हुनसक्ने देखिँदैन । एकजनाउपर चार जनाले सामुहिकरूपमा आक्रमण गरी मारेको हुँदा आत्मरक्षाको लागि गरिएको हो भन्ने कुरा कुनै पनि प्रमाणले समर्थन गरेको नदेखिएको हुँदा निजलाई अ.बं.१८८ नं. को प्रयोग

गरी १० (दश) वर्ष मात्र सजाय गर्ने आधार र प्रमाण मिसिलबाट नदेखिँदा अ.बं.१८८ नं. को राय लगाई दश वर्ष सजाय गर्न उपयुक्त हुने भन्ने गरेको पुनरावेदन अदालत, विराटनगरको रायसँग सहमत हुने अवस्था नदेखिने।

विवेचित तथ्य, प्रमाण, कानूनसमेतबाट प्रतिवादीहरू अमिर राई, सविन राई र रविन्द्रराज राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादीहरू सुदिप राई र जिवन खड्कालाई आरोपित कसुरबाट सफाइ दिनेगरी भएको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरू अमिर राई, सविन राई र रविन्द्रराज राईलाई मुलुकी ऐन, अ.ब. १८८ नं. बमोजिम दश (१०) वर्ष सजाय गर्ने भनी पुनरावेदन अदालत, विराटनगरबाट व्यक्त भएको राय मनासिब नदेखिँदा कायम रहन नसक्ने ठहर्छ । तसर्थ निज प्रतिवादीहरूलाई जन्मकैदको सजाय नै हुने ठहर्छ । पुनरावेदक वादी एवम् प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल साउन २० गते रोज ५ शुभम्।

४

**मा.न्या.जगदीश शर्मा पौडेल र मा.न्या.श्री मीरा खड्का,** ०६९-CR-०२१६, कर्तव्य ज्यान, मकसुद मन्सुर वि. नेपाल सरकार

म रेगुलर तथा आंशिक परीक्षा सम्मिलित भई उत्तीर्ण गरेको कुरा श्री भोला माध्यमिक विद्यालय, गन्जभवानीपुर बाराले मिति २०६६।८।२९ मा सिफारिस गर्दा एस.एल.सी. आंशिक समूहमा सि. नं. ०३६२९४९ "ओ" सम्मिलित भई भएको भन्ने सिफारिस छ र नेपालीमा ४१ र अनिवार्य गणितमा ३२ अङ्क ल्याएर उत्तीर्ण भएको हुँ, आंशिकतर्फको सक्कल लब्धाङ्कपत्र घरमा फेला नपरी हराइरहेको अवस्थामा डुप्लिकेट मार्कसिट निकाल्दा सोमा नेपालीमा १४ अङ्क रहेको कुरा थाहा जानकारी भई सो गलत अङ्क उल्लिखित लेजर सच्याउन पाउन निवेदन गरेको छु प्रमाणपत्र झुठा होइन भनी जिकिर गरेपनि प्रतिवादीले परीक्षा नियन्त्रण कार्यालयबाट लिएको भनिएको सक्कल लब्धाङ्क पत्रसमेत पेस गर्न सकेको पाइँदैन। प्रतिवादीले लब्धाङ्क पत्र सच्याउन निवेदन गरेको छु भने पनि जिल्ला शिक्षा कार्यालयबाट लेखिआएको आधारमा लब्धाङ्कपत्र संशोधन नगरिने भनी परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीबाट लेखिआएको च.नं. ६४३ मिति २०६७।९।३० र च.नं.६८१ मिति २०६७।१०।१८ को पत्र मिसिल संलग्न रहेको देखिन्छ । यसरी प्रतिवादी जिकिरअनुसार लब्धाङ्कपत्र संशोधन भएको पुष्टि नभएको र प्रतिवादीले जिकिर लिएअनुसार नेपाली विषयमा ४१ अङ्क प्राप्त गरेको भन्ने तथ्य परीक्षा नियन्त्रण कार्यालयमा रहेको अभिलेख (लेजर) बाट पुष्टि हुन नआएकोले सो लब्धाङ्क पत्रमा प्राप्त गरेको भनिएको नेपाली विषयको लब्धाकलाई मान्यता दिन मिल्ने अवस्था रहेन । तसर्थ प्रतिवादीले २०५८ सालमा कार्यालय सहायक (मुखिया) पदमा करारमा नियुक्ति लिँदा पेस गरेको एस.एल.सी.को लब्धाङ्क पत्र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीबाट जारी भएको थियो भन्न सकिने नदेखिने।

अत: प्रतिवादीले पेस गरेको एस.एल. सी. प्रमाणपत्र नक्कली भएकोले सो प्रमाणपत्र २०५८ सालमा पेस गरी पर्सा जिल्ला, जगनाथपुर सिरा गा.वि.स. मा कार्याल यसहायक (मुखिया) पदमा करारमा रही पछि सोही नक्कली प्रमाणपत्रकै

आधारमा सहायक (रा.प.अ. द्वित्तिय श्रेणी, खरिदार) पदमा स्थायी नियुक्ति पाएको देखिँदा प्रतिवादी महमद मकसुद मंसुरले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको देखिँदा सुरू विशेष अदालत, काठमाडौंबाट प्रतिवादी महमद मकसुद मंसुरलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा सोही ऐनको दफा १२ र दफा २९(२) बमोजिम रू ५००।– (पाँच सय) जरिवाना हुने ठहर्‍याई मिति २०६९।१।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ ६ गते रोज २ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६६-CI-०३७०, जग्गा खिचोला चलन, रामनरेश शर्मा वि. रामशंकर यादव

केवल जग्गा बिक्री गर्ने उद्देश्यले भोग प्रमाणको लागि तत्कालीन गाउँ पञ्चायतले गरिदिएको मिति २०४५।३।१५ को सिफारिस तथा घर कर कट्टा गरी सो जग्गा रजिस्ट्रेसन पास गर्नको लागि गाउँ विकास समितिले मिति २०६१।१।१७ मा लेखेको पत्रलाई प्रमाणको रूपमा पेस गरेको देखिन्छ । तर अन्य प्रयोजनको लागि गाउँ विकास समितिले लेखेको पत्रको आधारमा मात्र उक्त जग्गा प्रतिवादीको हो भन्ने कुरा प्रमाणित गर्नको लागि पर्याप्त हुने देखिँदैन । सो तथ्यलाई अन्य प्रमाणहरूबाट पुष्टि गर्न सक्नुपर्नेमा प्रतिवादीले आफ्नो जग्गा भएको ठोस प्रमाण प्रस्तुत गर्न सकेको नदेखिने ।

अतः वादीको कि.नं. १८४३ को जग्गा न.नं. १ को दक्षिणपट्टि ०-०-६ धुर जग्गासम्म प्रतिवादीले घेराबेरा गरी खिचोला गरेको देखिएकोले महोत्तरी जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहर गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६३।११।३० मा भएको फैसला सो हदसम्म उल्टी भई ०-०-६ धुर जग्गा प्रतिवादीले खिचोला गरेको ठहर्ने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल असोज ५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-CR-०८८७, ११८०, हातहतियार खरखजाना, नेपाल सरकार वि. रामकुमार यादवसमेत, रोहित पासमान वि. नेपाल सरकार

बरामदी खानतलासी मुचुल्काका मानिस तत्कालीन प्रहरी निरीक्षक कृष्ण प्रसाई र प्रतिवेदक प्रहरी हबल्दार रामकुमार भण्डारीले प्रतिवादीहरू रोहित पासमान र रामकुमार यादवको साथबाट पेस्तोल तथा गोलीसमेत बरामद भएको हो भनी मौकाको प्रहरी प्रतिवेदन र बरामदी मुचुल्काको व्यहोरालाई समर्थन गर्ने गरी पुनरावेदन अदालत, राजविराजमा बकपत्र गरिदिएको अवस्था छ । प्रतिवादीहरू रोहित पासमान र रामकुमार यादवले जिल्ला प्रशासन कार्यालय सिरहामा कसुरमा इन्कार गरी बयान गरे तापनि कसुरमा संलग्नता नरहेको कुरालाई अन्य ठोस, वस्तुनिष्ठ तथा विश्वसनीय प्रमाणबाट पुष्टि गर्न नसकेको देखिँदा यी प्रतिवादीहरू आरोपित कसुरमा संलग्नता रहेको देखिन्छ । यस्तो अवस्थामा प्रतिवादीहरू रोहित पासमान र रामकुमार यादव कसुरमा निर्दोष रहेको मान्न मिलेन । आफ्नो

साथबाट हतियार नै बरामद नभएको, जिल्ला प्रशासन कार्यालयमा भएको आफ्नो बयान स्वेच्छाको नभएको, चस्मदिद व्यक्ति कोही नभएको भन्ने प्रतिवादी रोहित पासमानको पुनरावेदन जिकिर छ सोसम्बन्धमा हेर्दा निजले जिल्ला प्रशासन कार्यालयमा कसुरमा साबिती भएको मात्र नभई निजबाट हतियारसमेत बरामद भएको र प्रतिवेदकले पुनरावेदन अदालतमा बकपत्रसमेत गरिरहेको अवस्थामा निजको पुनरावेदन जिकिर ग्राह्य नदेखिने ।

नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादीहरूउपर हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र दफा ५ को कसुर कायम गरी अभियोगपत्र दायर भएको देखिन्छ । ऐनको दफा ३(२) मा लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको सर्त बन्देजमा नरही कुनै व्यक्तिले हातहतियार वा खरखजाना बनाउन, मर्मत गर्न, आफूसाथ राख्न वा अन्य स्थानमा राख्न वा राख्न लगाउन, एक रूपबाट अर्को रूपमा परिणत गर्न वा बेच्न वा बिक्रीको लागि दिन, राख्नसमेत हुँदैन भन्ने व्यवस्था भएको र दफा ५ मा कुनै व्यक्तिले लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको सर्त बन्देजमा नरही हातहतियार लिएर हिँड्न हुँदैन भन्ने व्यवस्था भई उक्त निषेधित कार्य गरेबापत दफा २०(२) बमोजिम प्रतिवादीहरूलाई ३ वर्ष कैद हुने गरी पुनरावेदन अदालतबाट फैसला भएको देखिएकोले सो फैसला परिवर्तन गर्नुपर्ने नदेखिने ।

अतः माथि विवेचित आधार एवम् प्रमाणहरूबाट प्रतिवादीहरू रोहित पासमान र रामकुमार यादवले आरोपित कसुर गरेको भन्ने पुष्टि भएको हुँदा सुरू जिल्ला प्रशासन कार्यालय सिरहाबाट मिति २०६७/६/४ मा यी पुनरावेदक प्रतिवादी रोहित पासमान र प्रत्यर्थी रामकुमार यादवले अभियोग माग दाबीबमोजिम हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) ५(१) अनुसारको कसुर गरेको ठहर्‍याई सजायको हकमा पुनरावेदक प्रतिवादी दर्शन भन्ने रोहित पासमानलाई ऐनको दफा २०(२) अनुसार ४ वर्ष कैद र प्रत्यर्थी रामकुमार यादवलाई ऐनको दफा २०(३) अनुसार १ वर्ष १ महिना १५ दिन कैद गर्ने गरी भएको फैसला नमिलेको देखिँदा सो हदसम्म उल्टी भई प्रतिवादी रोहित पासमान र रामकुमार यादवलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम जनही ३ (तीन) वर्ष कैद हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९/०९/१८ को फैसला मुनासिब नै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: उदवीर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल असोज ६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-WO-०२८१, उत्प्रेषण, धर्मेन्द्रकुमार खिडहरी वि. पुनरावेदन अदालत, जनकपुर, धनुषासमेत

विवादित घरजग्गा सुरूमा महेन्द्र सहनीको नाममा रहेको भन्ने कुरालाई निवेदकले आफ्नो निवेदनमा समेत स्वीकार गरेको देखिन्छ । यसरी निवेदक महेन्द्र सहनीको नाममा उक्त घरजग्गा रहेकोमा २०६६।३।६ को बिक्रीनामाको कागजमा आफूले खरिद गरेको भन्ने निवेदकको दाबी रहेको छ । कुनै पनि जग्गाको हकहस्तान्तरण गर्दा कानूनी प्रक्रियाको पूर्ण पालना गरेको हुनुपर्छ । जग्गा रजिस्ट्रेसन सम्बन्धमा मुलुकी ऐन, रजिस्ट्रेसनको महलको १ नं. मा व्यवस्था गरिएको छ । उक्त व्यवस्थाअनुसार बिक्री गरी वा अरू कुनै किसिमले आफ्नो हक छोडिदिएको

लिखत गराउँदा अनिवार्यरूपमा रजिस्ट्रेसन गराउनु पर्ने देखिन्छ । यसरी यस व्यवस्थाअनुसार कुनै घर जग्गा दाबी गर्नेले सो जग्गाको विधिवत हकवालाबाट हक टुटाई लिएको लिखत अनिवार्यरूपमा प्राप्त गरेकै हुनपर्छ । प्रस्तुत मुद्दामा निवेदकले महेन्द्र सहनीबाट रजिस्ट्रेसन पारित गरी लिएको भनी प्रमाणित गर्न सकेको अवस्था छैन । कानूनले नै यसरी रजिस्ट्रेसन गर्नुपर्ने कुरालाई अनिवार्य गरेकोमा घरसारमा तयार गरिएको बिक्रीनामाको लिखतको आधारमा अचल सम्पत्तिमा आफ्नो हक स्थापित भएको भनी दाबी गर्न मिल्दैन । निवेदकले उक्त घरजग्गा आफ्नो हकमा हस्तान्तरण भएको भन्ने तथ्यलाई पुष्टि गर्नको लागी गा.वि.स.को सर्जमिन मुचुल्का र बिजुलीको महशुल तिरेको व्यहोरालाई उल्लेख गरेको देखिन्छ तर कानूनले नै अनिवार्य रूपमा रजिस्ट्रेसन गर्नुपर्ने भनी व्यवस्था गरेकोमा सो रजिस्ट्रेसन नगरी गा.वि.स.को सर्जमिन मुचुल्का र विजुलिको महशुल तिरेको व्यहोराले मात्र जग्गामा निर्विवाद हक पुग्न नसक्ने भई महेन्द्र सहनीबाट जग्गा हक टुटाई लिएको भन्ने पुष्टि हुन सकेको पाइएन । घरसारको बिक्रीनामाको कागजबाट जग्गामा हकाधिकार सिर्जना हुने कानूनी व्यवस्था नै नभएकोले रिट निवेदकले लिएको सो जिकिरको कुनै कानूनी आधार नै नदेखिने ।

यसरी विवादित जग्गामा निवेदकको हक स्थापित नै नभएको अवस्थामा विपक्षीहरूबीच चलेको लेनदेन मुद्दामा निवेदकलाई झिकाउनु पर्ने कुनै आवश्यकता नै परेन । सो हुनाले आफूलाई नझिकाई पुनरावेदन अदालत, जनकपुरले गरेको आदेश प्राकृतिक न्यायको विरूद्धमा रहेको भन्ने निवेदकको जिकिरसँग सहमत हुनसक्ने अवस्था रहेन । यसरी जग्गामा निज निवेदकको स्वामित्वसमेत स्थापित नभएको अवस्थामा जग्गा रोक्का राख्नु भनी पुनरावेदन अदालत, जनकपुरले गरेको आदेशबाट निवेदकको कुनै प्रकारको संवैधानिक र कानूनी हकमा आघात पुगेको नदेखिनाले निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था रहेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल साउन २७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०६९-WO-१३६७, उत्प्रेषण, सुनरमाया राजपुउगमी तेलीनतनी वि. जयप्रकास केशरीसमेत

प्रस्तुत रिट निवेदनसाथ संलग्न मिसिलको अध्ययन गर्दा २०६७/८/१ गतेको दिन लिलाम तारिख तोकी उक्त लिलाममा उपस्थित हुनेगरी प्रतिनिधि खटाई पठाई दिनुहुन अनुरोध छ भनी बारा जिल्ला अदालतले उक्त जग्गा रहेको हरैया गा.वि.स. को कार्यालय र कोष तथा लेखा नियन्त्रण कार्यालय, कलैयामा मिति २०६७।७।९ मा पत्राचार गरी जानकारी गराएको देखिन्छ । यसरी लिलाम प्रक्रियामा प्रतिनिधि पठाइदिन अनुरोध गर्दासमेत उक्त कार्यालयहरूबाट प्रतिनिधि नपठाएको अवस्थामा प्रतिनिधि अनुपस्थित भएको कारणले मात्र सम्पूर्ण लिलाम प्रकिया नै गैरकानूनी भयो भनी अर्थ गर्न मिल्दैन । अदालतले कानूनी प्रक्रिया पूरा गर्ने सफा मनसाय राखी प्रतिनिधि पठाउन अनुरोध गरी सरकारी कार्यालयमा पत्र पठाउँदा पनि उक्त कार्यालयहरूबाट प्रतिनिधि उपस्थित हुँदैनन् भने अनन्तकालसम्मको लागि लिलामी प्रक्रिया नै अवरूद्ध गर्नुपर्छ भन्ने उक्त नियमको मनसाय होइन । यस अवस्थामा सरकारी कार्यालयको प्रतिनिधि लिलाम प्रक्रियामा उपस्थित नभएको कारणले सम्पूर्ण लिलाम

प्रकियानै बदरभागी छ भन्ने निवेदकको जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

कानूनबमोजिम लेनदेन मुद्दाको फैसला भएपछि आफूले लेनदेन मुद्दा परेको जानकारी नभएको भनी म्याद बदरतर्फ कारवाही चलाई सोमा असफल भएपछि लिलामी प्रक्रिया कानूनप्रतिकूल भएको भनी लेनदेन मुद्दाको फैसला कार्यान्वयनलाई अवरूद्ध पार्ने उद्देश्यले मात्र प्रस्तुत रिट निवेदन दायर भएको देखिन आयो । अतः माथि विवेचित आधारमा मिति बारा जिल्ला अदालतबाट मिति २०६६।७।२० मा भएको आदेश परिवर्तन गरिरहन परेन भनी २०६६।११।२० मा पुनरावेदन अदालतले गरेको आदेश कानूनबमोजिम नै भएको देखिँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनुपरेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल असोज ४ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-WO-०५६०, परमादेश, राजलाल यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल

सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले अख्तियार दुरूपयोग गरेको सम्बन्धमा परेको उजुरीउपर कारवाही अगाडि बढाउनु विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको संवैधानिक तथा कानूनी दायित्व भएको कुरालाई विपक्षी आयोगले स्वीकार गरी निवेदकले दिएको उजुरीको सम्बन्धमा कारवाही अगाडि बढाइसकेको देखिन्छ । निवेदकले विपक्षी आयोगमा सिरहा जिल्लाको भगवानपुर चोकदेखि वलान नदीसम्म सडक मर्मत योजनाका अध्यक्ष छविलाल यादव ले रू.४,६२,८३३ पेस्की लिई भ्रष्ट्राचार गरेको, सीतापुर सडक मर्मत निर्माण उपभोक्ता समितिका अध्यक्ष देवनारायण साह र सचिव सत्रुधन यादवले रू.२४,२५०००।– पेश्की लिई रू.१६,१६,६६७।– को काम नगरी भ्रष्टाचार गरेको तथा जनता मा.वि. सोन वर्षा नवराजपुर सिरहालाई फर्निचर खरिद गर्ने गरी गठित उपभोक्ता समितिको अध्यक्ष संजयकुमार यादवले रू.५,००,०००।– भ्रष्ट्राचार गरेको भनी उजुरी दिएको रहेछन् । यसरी आयोगमा दिएको उजुरीको सम्बन्धमा आयोगले कारवाही अगाडि बढाई छविलाल यादवको हकमा पेश्की रकम र ब्याज नगदै दाखिल गरेको कारण उजुरी तामेलीमा राखेको, देवनारायण यादव र सत्रुधन यादवको विरूद्ध परेको उजुरीको हकमा अनुसन्धान अधिकृतले अनुसन्धान गरी अनुसन्धान प्रतिवेदन आयोगको बैठकमा पेस हुँदा उपभोक्ता समितिले योजनाको लागत इस्टिमेटबमोजिम कार्य सम्पन्न गरेको देखिएकोले उजुरी तामेलीमा राख्ने निर्णय भएको तथा संजयकुमार यादवको विरूद्ध दिएको उजुरीको हकमा अनुसन्धान अधिकृतबाट बयान गराउने, प्रमाण कागज झिकाउने, स्थलगत निरिक्षण गर्ने, सम्बन्धित जनता मा.वि.लाई प्राप्त फर्निचरहरूको विवरण माग गर्नेसमेतका कार्य सम्पन्न भएको र अन्य विद्यालयसमेतलाई फर्निचर वितरण गरेको भन्ने सम्बन्धमा बुझी भरपाई गरिदिने विभिन्न विद्यालयका शिक्षकहरूलाई बुझ्नको लागी पत्राचार भइरहेको हुँदा अनुसन्धान प्रतिवेदन पेस गर्न बाँकी रहेको भनी लिखित जवाफमा उल्लेख भएको देखिने।

यसरी निवेदकले रिट निवेदनमा गर्नुभएको मागको सम्बन्धमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानूनबमोजिम कारवाही अगाडि

बढाइसकेकोले प्रस्तुत रिटको औचित्य रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-०१२९, निष्क्रिय मोही लगत कट्टा, सुनरमाया राजपुतनी वि. जयमंगल दास बैरागी

मिसिल संलग्न पुनरावेदक / वादी सुनरमाया राजपुतनीको जग्गाधनी दर्ता प्रमाणपुर्जाको फोटोकपी हेर्दा जिल्ला पर्सा गा.वि.स. हरपतगन्ज वडा नं. ७ कि.नं. ९५ को ज.वि.०-२-५ जग्गाको दर्तावाला मोही यिनै प्रत्यर्थी जयमंगलदास भएको देखिई सो कुराको थप पुष्टि मोहीको प्रमाणपत्रबाट पनि देखिन्छ। उक्त जग्गाको दर्तावाला मोही यिनै प्रत्यर्थी / प्रतिवादी जयमंगल दास बैरागी भएको कुरामा विवाद नदेखिने।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१)(ग) मा भएको कानूनी व्यवस्था हेर्दा, कुनै मोहीले जग्गा छोडी भागेमा वा बेपत्ता भएमा वा तोकिएबमोजिम कुत नबुझाई मोहियानी हक समाप्त भएमा सो कुराको जग्गावालाले लिखित सूचना तोकिएको अधिकारी छेउ २५ दिनभित्र दिनुपर्छ र तोकिएको अधिकारीले सो कुरा जाँचबुझ गरी दफा २५ को उपदफा (५) को खण्ड (ख) बमोजिम दर्ता किताबमा सच्याउनु पर्दछ भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाइन्छ। पुनरावेदक / वादीले सोबमोजिमको कानूनी प्रक्रिया अवलम्बन गरेको देखिएन। मौकामा कानूनद्वारा निर्धारित दायित्व पालना नगर्ने जग्गाधनीलाई हाल आएर कानूनद्वारा कुनै सहयोग हुने अवस्था मिसिल संलग्न प्रमाण कागजबाट नदेखिने।

जहाँसम्म स्थानीय मुचुल्का र गा.वि.स. को सिफारिसको आधारमा मोहीको लगत कट्टा हुनुपर्छ भन्ने पुनरावेदन जिकिर छ, त्यसतर्फ विचार गर्दा मोहीको लगत कट्टा गर्ने निर्णय गर्दा सर्जमिन एवम् गा.वि.स. सिफारिसलाई मात्र आधार लिई लगत कट्टा गर्ने कानूनी व्यवस्था रहे भएको नपाइँदा वादीको दाबी प्रमाणबाट समर्थित भई स्थापित हुन सकेको देखिएन। दाबीको जग्गाबाट मोही निष्कासन गरिपाउँ भन्ने पुनरावेदन एवम् विद्वान् अधिवक्ताको बहस बुँदा जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

भूमिसम्बन्धी ऐन, २०५३ मा भएको संशोधनपश्चात् कुतवाली नबुझाएको कारणले मोही निस्कासन हुने व्यवस्था नै नभएको र सोसम्बन्धमा मोही लागेको जग्गामध्ये आधा जग्गामा विधिवत्‌रूपमा कायम भएको मोहीलाई निजले कमाई आएको जग्गामा रहेको मोहीयानी हक समाप्त गरी निजलाई त्यस्तो जग्गाको मालिक बनाउने विधायिकी सारभूत उद्देश्यलाई नै परास्त (Dilute) गर्ने गरी भूमिसम्बन्धी (चौथो संशोधन) ऐन, २०५३ लागू भएपछिको अवस्थामा मोहीले बाली नबुझाएको भन्ने आधारमा मोही निष्काशन हुन्छ भन्नु मनासिब नहुने भनी लोकनाथ उपाध्याय विरूद्ध देवीमाया भट्टराईसमेत भएको मोही बाली मुद्दामा सिद्धान्तसमेत प्रतिपादन भएको छ। (नेकाप २०६२, असोज, नि.नं. ७५४९ अङ्क ६, पु.ई) अतः माथि विवेचित आधार प्रमाणबाट सुरू भूमिसुधार कार्यालय, पर्साको मिति २०६९।९।५ को मोहीको लगत कट्टा हुने निर्णय नमिलेको देखिँदा उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौडाको मिति २०७०।१०।८ को फैसला मनासिब हुँदा सदर हुने ठहर्छ। पुनरावेदक / वादीको पुनरावेदन जिकिर

पुग्न नसक्ने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल भदौ २४ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-००६३, मोही नामसारी, लक्ष्मी चौधरी वि. कृष्णदेव चौधरी

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) हेर्दा...मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोराबुहारी, नाती, नातिनी, नातिनी बुहारी, दाजु, भाइ वा दिदी बहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुनेछ भनी स्पष्ट उल्लेख गरेको पाइन्छ । मिसिल संलग्न जग्गाधनी कृष्णदेव चौधरीले दाबीको जग्गाको मोही नामसारी हरिनारायण चौधरीलाई गरिदिएमा मन्जुरी छ भनी प्रतिउत्तर लगाई मोहीमा पत्याइसकेको अवस्था देखियो । मोही कसलाई पत्याउने कसलाई नपत्याउने भन्ने कुरा जग्गाधनीको नितान्त व्यक्तिगत अधिकारको कुरा हो । मोहीको शेषपछि निजको हकखाने हकवालाहरू एकभन्दा बढी भएको अवस्थामा मात्र जग्गाधनीले मोही कानूनतः रोज्न पाउने हुन्छ । प्रस्तुत मुद्दामा दर्तावाला मोही रामचरण चौधरीका क्रमशः लक्ष्मी चौधरी, हरिनारायण चौधरी र महेन्द्र चौधरी गरी तीन छोराहरू भएको अवस्थामा मोही कसलाई रोज्ने भन्ने कुरा जग्गाधनीको व्यक्तिगत कुरा भई आफूले चाहेको मोही रोज्न पाउने नै देखियो । वादी लक्ष्मी चौधरीले जग्गाधनीलाई मैले कुत बुझाएको छु । मोही मैले नै पाउनुपर्छ भन्ने मुख्य पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, कुत बुझी लिने र मोही पत्याउने अलग अलग विषय हुन । कुतबाली बुझी लिँदैमा मोही पत्याएको भन्ने मान्न पनि कानूनतः मिल्ने नदेखिँदा निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार प्रमाणबाट सुरू भूमिसुधार कार्यालय, सप्तरीले वादीको नाउँमा मोही नामसारी हुने ठहर्‍याएको मिति २०६८।१०।२९ को निर्णय उल्टी गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।९।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल भदौ २४ गते रोज ६ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६५-CI-०८४३, निर्णय दर्ता बदर हक कायम, पुरूषोत्तम नारायण श्रेष्ठसमेत वि. जिल्ला रूपन्देही मधवलिया गाविस वडा नं. ४ स्थित साबिक पशुपति प्रा.वि. को हाल श्री पशुपति माध्यमिक विद्यालय, कोटिहवासमेत

फिल्डबुकमा पनि पर्ती जनिएको विवादित जग्गा पुनरावेदकको नाउँमा २०३४ सालमा दर्ता भए पनि सो जग्गा दर्ता गर्न पेस भएको अंश मुद्दाको फैसलामा ११६ नं. को आठसट्टाअनुसारकै जग्गा यो विवादित जग्गा नै हो भन्ने पुष्टि हुन सकेको देखिँदैन । बन्डा मुचुल्कामा मूल स्रोत दर्ताअनुसार कै जग्गा मिल्नु भिड्नु पर्ने हो । पुनरावेदकले पेस गरेको ११६ नं. को अठसट्टासँग विवादित जग्गाको चारकिल्ला स्पष्टरूपमा नमिलेको स्थितिमा बन्डा मुचुल्काबाट दर्ता हुँदैमा त्यस्तो दर्ताले कानूनी मान्यता पाउन नसक्ने ।

दुई पक्षबीच भएको अंशबन्डा मुचुल्कामा उल्लिखित साबिक अठसट्टा ११६ को स्रोत देखाई पर्ती रहेको कित्ता नं. २३४ को जग्गा सोहीअन्तर्गत रहेको भनी बन्डा मुचुल्का गरी दर्ता गरेको पाइयो । पर्ती भनी नापी भएको जग्गाको स्रोत स्पष्टरूपमा भिड्ने नभिड्ने बन्डा मुचुल्का हुँदा हेरिने विषय होइन । पक्षहरूले देखाएअनुसार बन्डा मुचुल्का गरिन्छ । सो तथ्य सार्वजनिकरूपमा सबैले थाहा पाउँदैनन् । बन्डा मुचुल्काको आधारबाट पर्ती जग्गा दर्ता हुन्छ र त्यस्तो जग्गामा लामो समयदेखि सार्वजनिक भवन तथा सार्वजनिक प्रयोग भइरहेको स्थिति देखिन्छ भने निश्चय नै सो बन्डा मुचुल्काबाट भएको दर्ता निर्विवाद रहेको भनी मान्न सकिने अवस्था रहँदैन । पर्ती जग्गाहरू अंश मुद्दाको माध्यमबाट दर्ता गराउने स्थिति पनि रहन सक्दछ । सार्वजनिक प्रकृतिको देखिएको पर्ती रहेको जग्गा कुनै माध्यमबाट दर्ता गराएको भए पनि साबिक स्रोत नभिडेको स्थितिमा त्यस्तो दर्ता दूषित हुन्छ । दूषित रूपमा भएको दर्ता सदैव दूषित हुन्छ । त्यस्तो दूषित दर्तालाई बदर गराइरहन पर्दैन, स्वत: शून्य हुने ।

अतः विवेचित आधार प्रमाणबाट दोहोरो निर्णय दर्ता बदर गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहर्‍याए सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६३।१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: उदविर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६५-CR-०६९०, अदालतको अवहेलना, मनोहर नारायण श्रेष्ठ वि. दिल्लीराम लामीछानेसमेत

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-RC-००३३, कर्तव्य ज्यान, नेपाल सरकार वि. जयधन भन्ने दर्मन राई

अनुसन्धानको क्रममा बुझिएका उल्लिखित जाहेरवाला, वस्तुस्थिति मुचुल्काका मानिसहरू, वादी प्रतिवादीका साक्षीहरू, घटनाका चश्मदिद् व्यक्तिहरू बष्टबहादुर राईसमेतका व्यक्तिहरूले प्रतिवादी जयधन भन्ने दर्मन राईले मृतकलाई कुटपिट गरेको भनी अदालतमा समेत बकपत्र गरिदिएको र निजकै कुटपिटबाट लागेको चोटका कारण थला परी वारदात भएको ८ दिनपछि मृतक भीमबहादुर राईको मृत्यु भएको भन्ने पुष्टि हुन आएको हुँदा अभियोग दाबीअनुसार प्रतिवादी जयधन भन्ने दर्मन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू भोजपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः प्रतिवादी जयधन भन्ने दर्मन राईलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू भोजपुर जिल्ला अदालतबाट मिति २०७२।६।१३ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०७३।१।१५ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः उदविर नेपाली

इति संवत् २०७३ साल मङ्सिर २० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-RC-००६२, कर्तव्य ज्यान, नेपाल सरकार वि. इन्द्रबहादुर पुन

खड्कबहादुर खड्काको टाउकाको तालुका विभिन्न भागहरूमा चोटैचोट देखिएको, बाँयातर्फ पिठ्युँको भागमा अं.८ इन्च लामो ३ इन्चको दुरीमा फैलिएको निलडाम, बाँया खुट्टाको नलेठामा ३ इन्चको दुरीमा घिस्रीएको डाम, बाँया कानमा आधा इन्च गोलाई भएको चोट, बाँयातर्फ कम्मरको भागमा अं. ३ इन्चको खोस्रिएको चोट, चण्डीको भाग सुनिएको निलडाम भएको भन्ने लासजाँच प्रकृति मुचुल्का र मृतक खड्कबहादुर खड्काको टाउकोमा गम्भीर चोट लागी मृत्यु भएको भन्ने जिल्ला स्वास्थ्य कार्यालय रूकुमको शवपरीक्षण प्रतिवेदनबाट देखिन्छ । यसरी माथि विवेचित आधार कारण तथा प्रमाणहरूबाट प्रतिवादी इन्द्रबहादुर पुनले मृतक खड्कबहादुर खड्कालाई फलामको सरियाले टाउकोलगायत शरीरका विभिन्न भागमा प्रहार गरी गम्भीर घाइते बनाएकोमा उपचारको लागि लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको अवस्था देखिएकोले मिति २०६९।९।७ गते प्रतिवादी इन्द्रबहादुर पुनले फलामको सरियाले मृतकको टाउकोलगायत शरीरका विभिन्न भागमा प्रहार गरी कुटपिट गरेको तथ्य पुष्टि हुन आएको देखियो । यसरी यी प्रतिवादी इन्द्रबहादुर पुनसमेतको कुटपिटको कारणबाट मृतक खड्कबहादुर खड्काको मृत्यु भएको देखिँदा निज प्रतिवादी इन्द्रबहादुर पुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(३) नं. को कसुरमा ऐ.को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू जिल्ला अदालत, रूकुमबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेकै देखिन आएकोले अन्यथा भन्न नमिल्ने ।

अतः प्रतिवादी इन्द्रबहादुर पुनलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू रूकुम जिल्ला अदालतबाट मिति २०७०।११।१ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७१।५।८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: उदविर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल मङ्सिर २० गते रोज २ शुभम् ।

## इजलास नं. १२

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-WO-०४०७, उत्प्रेषण, नवीन अर्याल वि. पुनम मुडभरीसमेत

पुनम मुडभरीले दिएको अंश मुद्दामा पुनरावेदन अदालतबाट जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको फैसलाउपर मुद्दा दोहोर्‍याई पाउँ भनी निवेदन परी यस अदालतबाट मुद्दा दोहोर्‍याउने निस्सा प्रदान भएपश्चात् यसै अदालतमा पुनरावेदनको रोहमा विचाराधीन रहेको उक्त अंश चलन मुद्दाबाट नै कानूनबमोजिम को कसको, के कति अंश भाग लाग्ने हो भन्ने विषयमा निक्यौंल भई अन्तिम निकासा हुने अवस्था बाँकी नै रहेको देखिने ।

पुनरावेदनको रोहमा यस अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा जिल्ला अदालतबाट सोही मुद्दामा भएको पुनरावेदन अदालतको फैसलाबमोजिम हाल फैसला कार्यान्वयन हुनसक्ने अवस्थासमेत नदेखिँदा फैसला कार्यान्वयन रोक्ने प्रयोजनको लागि परेको प्रस्तुत रिट निवेदनको औचित्य यस अदालतबाट निस्सा प्रदान भएपश्चात

समाप्त भएकोले रिट निवेदनको अन्य तथ्यतर्फ प्रवेश गरिरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल साउन २७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CR-१४४०, चोरी, नेपाल सरकार वि. दिपककुमार झा

प्रतिवादीबाट बरामद भएको मोटरसाइकल संजय रायले सर्भिसिङ गर्न ल्याएको भन्ने देखिन्छ। अन्य व्यक्तिले सर्भिसिङ गर्न ल्याएको मोटरसाइकल सोरूमका मेनेजरले केही समय चढ्न दिएको भन्ने प्रतिवादीको बयान पत्यारलायक देखिँदैन। अरूको मोटरसाइकलधनीको मन्जुरी नलिई २ दिनसम्म आफैँसँग राखेको र मोटरसाइकल भारततर्फ लान लागेको अवस्थामा पक्राउ परेको घटनाबाट प्रतिवादीले चोरी गर्ने नियत रहेको पुष्टि हुने।

बिगो रू.१,४९,९००।– पर्ने मोटरसाइकल चोरी गरेकोमा चोरीको १२ नं. बमोजिम सजायको माग दाबी लिएको प्रस्तुत मुद्दामा उद्योग वाणिज्य संघ मलंगवा सर्लाहीको च.नं. ७७७ मिति २०६५।१२।३० को पत्रानुसार विवादित मोटरसाइकलको मूल्य रू.१,४९,९००।– नै देखियो। यसरी यी प्रतिवादी दीपककुमार झाले उपर्युक्त मोटरसाइकल चोरी गरेको हुँदा निजको दाबीबमोजिम कसुर गरेको दशी प्रमाणबाट पुष्टि भएको छ। घटनास्थल प्रकृति मुचुल्का मोटरसाइकल बरामद भएको बरामदी मुचुल्का, प्रतिवेदकको अदालतमा भएको बकपत्रसमेतबाट आरोपित कसुर प्रमाणित रहे भएको देखिँदा प्रतिवादीले अभियोग दाबीअनुसार कसुर गरेको होइन भन्न सकिने अवस्था नदेखिने।

अतः माथि विवेचित आधार एवम् उक्त दशी प्रमाणबाट प्रतिवादीले मोटरसाइकल चोरी गरी भारततर्फ लान लागेको पुष्टि हुन आएकोमा निज प्रतिवादीलाई सफाइ दिने गरी सुरू जिल्ला अदालत, सर्लाहीको फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।२।३० को फैसला मिलेको नदेखिँदा उल्टी भई अभियोग दाबीबमोजिम चोरीको १२ नं. बमोजिम प्रतिवादी दीपककुमार झालाई कैद १ महिना र बिगोबमोजिम रू.१,४९,९००।– जरिवाना हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ २४ गते रोज २ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री आनन्दमोहन भट्टराई,** ०७१-WO-०३५१, उत्प्रेषण / परमादेश, रामशंकर खड्का वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

नेपाल सरकारको मिति २०७१।७।२४ को निर्णयले रिट निवेदक रामशंकर खड्कालाई राष्ट्रिय बीमा संस्थानको सञ्चालक पदबाट हटाई सोही पदमा शालिग्राम पराजुलीलाई नियुक्ति गरिसकेको तथा शालिग्राम पराजुली राष्ट्रिय बीमा संस्थानमा हाजिर भई सो सञ्चालक पदमा बहालीसमेत गरिसकेको अवस्था हुँदा एउटै पदमा एउटै समयमा दुई व्यक्ति बहाल रहन सक्ने अवस्था रहँदैन। शालिग्राम पराजुलीलाई मिति २०७१।७।२४ मा सञ्चालकमा नियुक्त गरेको सम्बन्धमा रिट निवेदनमा कुनै जिकिर नै नउठाएको अवस्थामा यी रिट निवेदक निजको मागबमोजिम उक्त

सञ्चालक पदमा यथावत्‌रूपमा कामकाज गर्न पाउने गरी पुर्नबहाली हुने स्थिति नै नरहने।

यी रिट निवेदकले आफू मिति २०६९।११।२८ मा तीन वर्षको लागि सञ्चालकमा नियुक्ति भएबाट मेरो पद बहाली रहने मिति २०७२।१२।१ सम्म हुनजान्छ भन्ने जिकिर लिएकोमा सो तीन वर्षको अवधि समाप्त भइसकेको देखिन्छ। यसबाट रिट निवेदकको तीन वर्षको कार्यावधि नै समाप्त भइसकेको देखिएबाट पनि प्रस्तुत रिट निवदेनको औचित्य नै समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-WO-०८८५, उत्प्रेषण / परमादेश, राम शंकर खड्का वि. शालिग्राम पराजुली भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री आनन्दमोहन भट्टराई,** ०७१-WO-०३९०, परमादेश / प्रतिषेध, दिपेन्द्रकुमार यादव वि. घनश्याम आचार्यसमेत

मिति २०६८।४।२५ मा महाप्रबन्धक पदमा दयानन्द गोइत नियुक्ति भएकोमा निजलाई मिति २०६८।८।२५ मा सो पदबाट हटाइएको देखिन्छ। सोउपर दयानन्द गोइतको यस अदालतमा दर्ता हुन आएको ०६८-WO-०५०७ को उत्प्रेषणको रिट परी यस अदालतबाट मिति २०६८।९।५ मा जारी भएको तत्कालीन अन्तरिम आदेशलाई मिति २०६८।९।१३ मा यस अदालतको संयुक्त इजलासबाट निरन्तरता दिएको देखिन्छ। उक्त आदेशानुसार दयानन्द गोइतले महाप्रबन्धकको रूपमा काम गरेको देखिन्छ। मिति २०६८।८।२५ मा प्रत्यर्थी दिपेन्द्रकुमार यादवलाई महाप्रबन्धक पदमा नियुक्ति गरिएकोमा निजलाईसमेत दयानन्द गोइतले विपक्षी बनाई रिट दायर गरेका र उक्त रिटमा अन्तरिम आदेश जारी भई दयानन्द गोइतको नियुक्तिको मितिबाट ३ वर्ष २०७१।४।२४ सम्म निजको पदावधि कायम हुन गएको र सोही अवधिमा निवेदक दिपेन्द्रकुमार यादवको पदावधि सकिएको देखिने।

निवेदक दिपेन्द्रकुमार यादव दयानन्द गोइतको निवेदनमा विपक्षी बनाइएका र उक्त निवेदनमा अन्तरिम आदेश जारी भएपछि सोको कारण आफूलाई मर्का पर्ने अवस्था हुँदाहुँदै पनि अन्तरिम आदशेको खारेजीमा निवेदन लिई गएको देखिँदैन। निजको नियुक्ति २०६८।८।२५ मा भएको र सोही मितिबाट लागू हुने गरी बढीमा २ वर्षको लागि नियुक्ति भएकोमा, नियुक्ति पत्रमा उल्लिखित मितिबाट निजको पदावधि मिति २०७०।८।२४ मा समाप्त हुने देखिन्छ। सो समयअन्तरालमा निजको नयाँ नियुक्ति भएको पनि देखिँदैन। आफूलाई २ वर्षको लागि नियुक्ति दिइएको र उक्त अवधिभर कामकाज गर्न नपाएकोले जहिलेसुकै भए पनि २ वर्ष बराबरको अवधि कामकाज गर्न पाउनुपर्दछ भन्ने जिकिर न्यायोचित नदेखिने।

अर्कोतर्फ निजले हाल कार्यरत महाप्रबन्धक घनश्याम आचार्यलाई विपक्षी बनाए तापनि उसको नियुक्ति गैरकानूनी र आधारहीन छ भनी खण्डन गर्न सकेको देखिँदैन। तसर्थ माथि उल्लिखित आधार कारणबाट केवल आफूलाई दिएको नियुक्तिमा उल्लिखित अवधि बराबर महाप्रबन्धक भई कामकाज गर्न नपाएकोले, दयानन्द गोइतको अवकाश पछि आफूले महाप्रबन्धक भई बाँकी अवधि कामकाज गर्न पाउनुपर्दछ भन्ने निवेदन जिकिर कानूनसङ्गत र औचित्यपूर्ण नहुँदा निवेदन मागबमोजिमको आदेश

जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः मुकुन्द आचार्य
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-CI-१०८७, ०६७-CI-१५७९, अंश चलन, विश्वनाथ भुर्तेलसमेत वि. चिना भुर्तेलसमेत, चिना भुर्तेल वि. ईश्वरी भुर्तेलसमेत

वादी प्रतिवादीबीचमा नाता सम्बन्धमा कुनै विवाद नदेखिँदा वादी प्रतिवादीहरू अंशियार रहेकोमा कुनै विवाद देखिएन। वादीले जिल्ला प्रशासन कार्यालय, भक्तपुरमा निवेदन दिई अंशबापत रकम ०४७।९।३० मा बुझी लिएको भन्ने प्रतिवादीको जिकिर भए पनि खाइजीविकाको लागि वादीले रू.१,१५,०००।- नगद बुझिलिएको र अचल सम्पत्ति प्राप्त गरेको देखिँदैन । वादी प्रतिवादीबीचमा अंशबन्डा भइसकेको भन्ने कुनै प्रमाण पेस हुन नसकेको अवस्था हुँदा वादीले प्रतिवादीबाट अंश पाउने नै देखिन आउने ।

प्रतिवादी जानुकाको नाउको कि.नं.८९७, ९००, ९०३, २५४ र ७९७ समेतका जग्गाबाट पनि अंश पाउनु पर्दछ भन्ने वादीको पुनरावेदन जिकिर र कि.नं.११६ र २२९ बाट अंशबन्डा हुने ठहर गरेको मिलेको छैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर रहेको छ । सो सम्बन्धमा विचार गर्दा उपर्युक्त जग्गाहरू जानुकाको नाउँमा प्राप्त हुँदाको स्रोत विचारणीय हुने देखियो । जानुकाको आमा खेमकुमारीले मिति २०३०।९।२२ मा कि.नं.२५४, ७९७ का जग्गा हालैको बकसपत्र गरिदिएको, कि.नं.८९७, ९००, ९०३ मिति ०५०।९।५ मा आमाले हालैको बकसपत्र गरिदिएको मिसिलबाट देखिन आयो । यसरी जानुका देवीले आफ्नी आमाबाट बकसपत्रबाट प्राप्त दाइजो पेवाको सम्पत्ति मुलुकी ऐन, स्त्री अंशधनको १ नं. र ५ नं. बमोजिम आफूखुस गर्न पाउने र बन्डा नलाग्ने सम्पत्ति देखिन आयो । महिलाको सो अधिकारलाई अंशबन्डाको महलको १८ नं. को “कसैबाट निजी तवरले दान वा बकस पाएको सम्पत्ति निजी हुँदा आफूखुस गर्न पाउँछ, बन्डा गर्न कर लाग्दैन” भन्ने कानूनी व्यवस्थाले पनि स्वीकार गरेको देखिन्छ । जानुकाले मिति २०६२।९।१९ मा र.नं. ६५(ख) बाट शेषपछिको बकसपत्र अष्टलोह गरी आफ्नो भागमा पर्ने सम्पूर्ण चलअचल सम्पत्ति नातिहरू पवन र विश्वनाथलाई दिएको देखियो । मालपोत कार्यालय, ललितपुरबाट पारित उक्त लिखतलाई अन्यथा भन्न मिलेन। मिति २०६७।५।१९ मा जानकी उपाध्यायको मृत्यु भइसकेकोमा विवाद छैन । जानकीले आफ्नो जीवन कालमा गरिदिएको शेषपछिको बकसपत्र बदर नभएको अवस्थामा उक्त लिखतले मान्यता पाउने नै देखियो । तसर्थ, उक्त जग्गाहरू समेत बन्डा हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिर मनासिब देखिन नआउने ।

अब, जानुकाको नाउको कि.नं.११६ र २२९ का तायदातीमा उल्लिखित जग्गाहरूको सम्बन्धमा हेर्दा कि.नं.११६ पशुपति अमालकोट गुठीको मोही भई मोहियानीबाट प्राप्त भएको र कि.नं.२२९ को घरजग्गा जानुकाले माइतीबाट दाइजोस्वरूप प्राप्त गरेको भने पनि सोलाई पुष्टि गर्ने प्रमाण पेस गर्न सकेको नदेखिँदा कि.नं.११६ र कि.नं.२२९ का जग्गाहरू पैतृक सम्पत्ति मान्नु पर्ने देखिन आयो । कि.नं.११६ र २२९ का जग्गाहरूबाट वादीले अंश पाउने ठहर गरेको पुनरावेदन अदालतको फैसला अन्यथा देखिन आएन। तसर्थ, उक्त कित्ताहरू बन्डा लाग्नु पर्ने होइन भन्ने प्रतिवादीतर्फको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, पुनरावेदक वादीका पति दामोदरले

पेस गरेको तायदातीमा उल्लिखित सम्पत्तिलाई ६ भाग लगाई सोको १ भाग वादीले अंश पाउने ठहर गरेको हदसम्म काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।११।९ मा भएको फैसला मिलेको र जानुकाले पेस गरेको तायदातीमा उल्लिखित कि.नं.११६ र कि.नं. २२९ को घर जग्गाहरूबाट जानुकाको भागमा पर्ने आधा भाग अंश छुट्याई पुनरावेदक वादीका पति प्रतिवादी दामोदरको भागमा पर्ने बाँकी आधी भाग अंश घरजग्गालाई ६ भाग लगाई सो ६ भागको १ भाग अंश वादीले पाउने गरी ठहर गर्नुपर्नेमा सोबमोजिम नगरेको काठमाडौं जिल्ला अदालतको मिति २०६३।११।९ को फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी हुने ठहर भएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः शिवहरि पौड्याल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-१०९२, जालसाजी, चिना भुर्तेल वि. दामोदरप्रसाद भुर्तेल

प्रस्तुत मुद्दामा साबिक ऐन लागू हुने कि पछि संशोधित ऐन लागू हुने भन्ने कुरा नै केन्द्रीय प्रश्नको रूपमा रहेको देखिन्छ । हदम्यादसम्बन्धी कानून भूतप्रभावी नभई भविष्यलक्षी हुने भन्ने कानूनको मान्य सिद्धान्त हो । यी वादीले २०४५।४।३० मा प्रचलित किर्ते कागजको १८ नं. ले व्यवस्था गरेको हदम्याद लिखत भएको २ वर्षभित्र प्रस्तुत मुद्दामा फिराद दायर नगरी २०५८ सालमा संशोधित किर्ते कागजको १८ नं. को व्यवस्थाअनुरूप थाहा पाएको मितिले ६ महिनाभित्र भन्ने हदम्याद समाती अदालत, प्रवेश गरेको देखिन्छ । पहिल्यै भए गरेको काममा तत्काल प्रचलित ऐनको हदम्याद नघाई पछि संशोधित कानूनी व्यवस्थाको आधारमा अदालत, प्रवेश गर्नु कानूनसम्मत हुने देखिएन । अतः यस अदालतबाट निस्सा प्रदान हुँदा भएको आदेश तथा वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, हदम्यादको आधारमा फिराद खारेज गर्ने गरी गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः शिवहरि पौड्याल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-WH-००३९, बन्दीप्रत्यक्षीकरण, चक्रवर्ती लोहनी वि. वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहलसमेत

सुरू म्यादै गुजारी बसेको आधारमा प्रतिवादी चक्रवर्ती लोहनीलाई पुनरावेनको म्याद दिइएको रहेनछ । अभियोगपत्रमा प्रतिवादी इसान रोजगार इन्टरनेसनल प्रा.लि.को मेनेजिङ डाइरेक्टर धादिङ, बेनिघाट-३, स्थायी घर भई हाल काठमाडौं महानगरपालिका कलंकी बस्ने चक्रवर्ती लोहनी भनी उल्लेख भएको र सोही वतनमा चक्रवर्ती लोहनीका नाउँमा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।४।१० मा समाह्वान जारी भई निजको

घरदैलोमा टाँस तामेल गरिएको भन्ने मिति २०६७।१०।२ को म्याद तामेली व्यहोरा देखिन्छ । जाहेरी अभियोगपत्रलगायत जारी गरिएको म्यादमा समेत निज चक्रवर्ती लोहनीको बाबुको नाउँ खुलेको देखिँदैन । निवेदकले प्रस्तुत निवेदनसाथ पेस गरेको चक्रवर्ती लोहनीको नागरिकताको प्रमाणपत्रको फोटोकपी हेर्दा निवेदकको वतन धादिङ बेनीघाट-८ उल्लेख भएको र निजको बाबुको नाउँ देवराज लोहनी भएको पाइयो। सो तथ्यलाई अन्यथा हो भनी लिखित जवाफकर्ताबाट उल्लेख गर्न सकेको पनि नपाइने।

यी निवेदकको वतन धादिङ, बेनीघाट-८, रहेको देखिएको र निजको पिताको नाउँ देवराज लोहनी रहे भएको देखिएको यस अवस्थामा धादिङ, बेनीघाट-३ बस्ने इसान इन्टरनेसनल प्रा.लि.का मेनेजिङ डाइरेक्टर चक्रवर्ती लोहनी भनी अभियोग लगाई वैदेशिक रोजगार न्यायाधिकरणबाट ३ वर्ष कैद र ३ लाख जरिवाना गर्ने गरी भएको फैसलामा उल्लिखित धादिङ, बेनीघाट-३, बस्ने इसान इन्टरनेसनल प्रा.लि.का मेनेजिङ डाइरेक्टर चक्रवर्ती लोहनी यी निवेदक नै हुन् भन्न सकिने अवस्था नरहने।

मुद्दा चलाउने अधिकारीले प्रतिवादीको नाम, थर, वतन यकिन गरेर मात्र मुद्दा चलाउनु पर्ने हुन्छ । सोको अभावमा बाबुको नाम पनि नखुलाई अलग्गै वतनको व्यक्तिलाई चलाएको मुद्दामा ठहरेको कैद र जरिवानाबापत सो वतन नमिल्ने व्यक्तिलाई पक्राउ गरी असुलउपर गरी असुलउपर गर्न कानूनले मिल्ने देखिएन । तसर्थ यी निवेदकलाई धादिङ, बेनीघाट-३, बस्ने इसान इन्टरनेसनल प्रा.लि.का मेनेजिङ डाइरेक्टर चक्रवर्ती लोहनीलाई वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।११।१२ को फैसलाले लागेको कैद जरिवानाबापतमा भनी पक्राउ गरिएको कार्यबाट यी निवेदकको वैयक्तिक स्वतन्त्रतामा आघात पुगेको देखिन आउने।

अत: यी निवेदकलाई पक्राउ गरी काठमाडौं जिल्ला अदालतबाट च.नं. ३५९८ मिति २०७३।९।५ को पत्रबाट कैद म्याद ठेकी कैदमा राख्न पठाएका कामकारवाही कायम रहन नसक्ने हुँदा उत्प्रेषणको आदेशबाट बदर भई बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: आनन्दराज पन्त
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-WO-००१८, उत्प्रेषण, भागवत भण्डारी वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत

म्याद सूचनामा यो सूचना निजको घरदैलोमा वा सार्वजनिक स्थानमा टाँस गरिदिन्छौ भनी जिल्ला प्रहरी कार्यालय, पाल्पाबाट आएका प्रहरी कर्मचारीहरूले भन्दा हामीहरूको चित्त बुझ्यो भन्ने व्यहोरा उल्लेख गरी साक्षीहरूले सहीछाप गरेको देखिन्छ । यसरी उक्त म्याद सूचना घरदैलोमा वा सार्वजनिक स्थान कहाँ टाँस भएको हो सो कुरा म्याद तामेलीप्रतिबाट स्पस्टरूपमा खुल्न आएको देखिँदैन । सम्बन्धित व्यक्ति फेला नपरेको अवस्थामा निजको एकाघरको उमेर पुगेको व्यक्तिलाई दिनुपर्ने र सो पनि हुन नसके वा निजहरूले बुझ्न नमाने निजको घरदैलोमा सबैले देख्ने गरी टाँस गर्नुपर्ने स्पस्ट कानूनी व्यवस्था हुँदाहुँदै सो नगरी घरदैलोमा वा सार्वजनिक स्थानमा टाँस गरीदिने भन्ने व्यहोरा आफैँमा अस्पस्ट रहेको पाइने।

प्रस्तुत रिट निवेदनको तथ्यगत अवस्था हेर्दा निवेदक भागवत भण्डारीलाई सेवाबाट हटाउनु अगाडि

निज विरूद्ध कुनै आरोप किटान गरी सजायको प्रस्ताव गरी स्पष्टीकरण सोधेको देखिँदैन । साथै निज बेपत्ता भएको वा सम्पर्क गर्न नसकिएको भन्ने कुरा यकिन हुनसक्ने अवस्था पनि कारवाही फाइलबाट देखिन आउँदैन । सफाइको मौका प्रदान गर्नुनपर्ने भएमा सोको वस्तुगत आधार र कारण उल्लेख गर्नुपर्नेमा सोसमेत गर्न सकेको अवस्था नदेखिने ।

कुनै निर्णयबाट कसैको हक अधिकारमा आघात पर्दछ भने निर्णय गर्नुभन्दा अगाडि सुनुवाइको मौका दिइनुपर्छ । सुनुवाइको मौका नदिइकन गरेको निर्णयले न्यायिक प्रक्रियामा वैधानिकता प्राप्त गर्न सक्दैन । अझ सेवाबाट बर्खास्त गर्नेजस्तो कठोर र अन्तिम सजाय गर्दा प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी वा कानूनले निर्दिष्ट गरेको कार्यविधिको अक्षरश: पालना नगरी निर्णय गरिन्छ भने त्यस्तो निर्णयलाई कानूनको दृष्टिमा शून्य नै मान्नु पर्ने ।

प्रहरी सेवा राज्यको संवेदनशील सेवा हो । समाजमा शान्ति सुव्यवस्था कायम गरी कानूनी राज्यको स्थापना गर्नको लागि महत्त्वपूर्ण जिम्मेवारी बोकेको प्रहरी संगठनका कर्मचारीहरू अनुशासन र मर्यादामा रहनुपर्छ र आफ्नो जिम्मेवारी पूरा नगर्ने कर्मचारीलाई कानूनबमोजिम सजाय हुनुपर्ने भन्ने कुरामा कुनै विवाद छैन । तर जतिसुकै गम्भीर प्रकृतिको आरोपित नै किन नहोस् उक्त आरोप ठहर गर्नुपूर्व निजलाई सफाइको मौका दिइनुपर्छ । सफाइको मौका नदिइकन कसैलाई सेवाबाट बर्खास्त गर्ने गरेको निर्णयले वैधानिकता पाउन नसक्ने ।

निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा माथि विवेचित आधारमा निवेदकलाई सुनुवाइको मौका नदिई प्रहरी सेवाबाट हटाउने गरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तको विपरीत भएको हुँदा निवेदकलाई सेवाबाट हटाउने गरी प्रहरी महानिरीक्षकबाट भएको मिति २०६३।७।२१ को निर्णय तथा सो निर्णयलाई सदर गर्ने गरी माननीय गृहमन्त्रीबाट भएको मिति २०६७।।२।१० को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । सो हुनाले निवेदकलाई निजले कानूनबमोजिम पाउने तलब, भत्ता र अन्य सुविधा दिई पुर्नबहाली गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १२ गते रोज १ शुभम् ।

## इजलास नं. १५

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री आनन्दमोहन भट्टराई,** ०७१-RC-००५१, कर्तव्य ज्यान, नेपाल सरकार वि. दिपकबहादुर सिंह

प्रत्यक्षदर्शी जाहेरवाला जनकबहादुर साउँदले मृतकलाई गोली हानी मार्ने व्यक्ति दीपकबहादुर सिंह नै हो भनी अदालतमा आई किटानी बकपत्र गरिदिएको पाइयो । त्यस्तै गरी प्रहरीमा कागज गर्ने पार्वती देवी साउदले मृतक बमबहादुर साउद खुद्रा सामान बिक्री गर्ने भनी मेलामा गई सो सामान बिक्री गरी सकेपछि राति करिब ३ बजेतिर रामबहादुरको पसलमा चिया खाइरहेको अवस्थामा प्रतिवादी मुखमा पट्टी बाँधी आई मृतकलाई गोली हानेको र मृतक बच्नको लागि शौचालयमा पसी भित्रबाट चुकुल लगाई बस्दा प्वालबाट पेस्तोल छिराई मृतकलाई गोली हानी घाइते बनाई भागी फरार रहेका र पसलवाला रामबहादुर मेरो घरमा आई खबर गरेकाले मसमेत घटनास्थलमा गई घाइते अवस्थामा रहेका श्रीमान्लाई भेटी सोध्दा

देव ठकुरी मुखमा पट्टी बाँधी आई मलाई गोली प्रहार गरी घाइते बनाएको छ तिमीहरूलाई पनि मार्न सक्छ प्रहरीलाई खबर गरी मलाई अस्पताल लैजाउ भनेका र प्रहरीलाई खबर गरी अस्पताल लैजादा बाटोमा मृत्यु भएको हो मेरा पतिलाई मार्ने प्रतिवादी देव ठकुरी भन्ने दिपकबहादुर सिंह नै हो भनी अदालतमा समेत आई पुष्टि हुनेगरी बकपत्र गरिदिएको देखिन्छ । प्रत्यक्षदर्शी व्यक्तिले गरेको त्यस्तो बकपत्र सर्वोत्तम प्रमाण नै हुँदा प्रमाण ऐन, २०३१ को दफा १० (१) (क) अनुसार प्रमाणमा लिन मिल्ने नै देखिने ।

प्रतिवादीबाट बरामद भएको पेस्तोलबाट फायर गरी मृतकलाई गोली लागेको र सोही कारण मृतकको मृत्यु हुन गएको वस्तुगत दशी प्रमाणबाट प्रमाणित हुन गएको पाइयो । वस्तुगत (Material Evidence) प्रमाणहरूबाट मृतकलाई प्रतिवादीले नै पेस्तोलबाट गोली हानी मारेको सिद्ध हुन आयो । साथै निज प्रतिवादीले मौकामा गरेको साबिती बयान उक्त प्रमाणहरूबाट समर्थित भएको पाइन्छ । वस्तुतः प्रतिवादीले चलाएको गोली छाती र पेटको बीच भागमा लागी मृतक बमबहादुर साउदको मृत्यु हुन गएको कुरा मिसिल संलग्न सबुत प्रमाणहरूबाट समर्थित हुन आउने ।

अतः प्रतिवादी देव ठकुरी भन्ने दिपकबहादुर सिंहलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ न. र १३(१) नं. बमोजिमको कसुरमा सोही महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू कैलाली जिल्ला अदालतको मिति २०६७।८।२७ को फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, दिपायलबाट मिति २०७०।११।०५ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री आनन्दमोहन भट्टराई,** ०७०-CR-००७२, कर्तव्य ज्यान, नेपाल सरकार वि. सुरेन्द्र मग्राती मगर

प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको हुँ भनी अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष साबित भई बयान गरेको र निजको साबिती बयानलाई लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा दाउ लास नजिक रहेको बरामदी एवम् घटनास्थल मुचुल्का एवम् प्रत्यक्षदर्शी रिता मगरसमेतको बकपत्रलगायतका प्रमाणहरूले समर्थित गरिरहेकोले प्रतिवादी सुरेन्द्र मग्राती मगरको कर्तव्यबाट मृतक कुमार मगरको मृत्यु भएको पुष्टि हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी जाहेर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेकै देखिने ।

मृतक बाबुलाई मार्नुपर्नेसम्मको रिसइवी प्रतिवादीसँग रहेको देखिँदैन । मृतकले बजारबाट मासु किनी ल्याई बनाउने क्रममा मृतक र प्रतिवादी बाबुछोराबीच विवाद भई प्रतिवादी आवेशमा आई मृतक बाबुउपर बाबुले मासु काटिरहेको दाउ खोसी प्रहार गरेको कारणले मृतकको मृत्यु हुन गएको पाइन्छ । प्रतिवादीको उमेर हेर्दा प्रतिवादी केवल ३० वर्ष उमेर पुगेको पाइन्छ । तसर्थ वारदातको प्रकृति र प्रतिवादीको उमेरसमेतलाई मध्यनजर राखी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नम्बरबमोजिम प्रतिवादीलाई १० वर्ष मात्र कैदको सजाय हुन राय व्यक्त गरेको पुनरावेदन अदालत, धनकुटाको रायसमेत मनासिब नै देखिन आउने ।

अतः सुरेन्द्र मग्राति मगरलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३ नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिमको कसुर ठहऱ्याई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० (दश) वर्ष कैद गर्न व्यक्त गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।०६।०६ को रायसहितको फैसला मिलेकै देखिँदा रायसहितको साधक सदर हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री आनन्दमोहन भट्टराई,** ०७१-RC-०१०३, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामबहादुर राई

प्रतिवादी आफैँले मौका तथा अदालतमा समेत मृतकलाई आफूले शरीरको यत्रतत्र भागमा अन्धाधुन्दा खुकुरी प्रहार गरी लडाई आफू त्यहाँबाट भागी भारतको सिक्किममा गई बसेको र एकदिन सजाय भोग्नै पर्दछ भन्ने ठानी आफैँ जिल्ला प्रहरी कार्यालयमा सम्पर्क राख्न गएको भनी वारदातको बारेमा सिलसिलावार रूपमा वर्णन गर्दै लेखाएको बयान, जाहेरी दरखास्त, घटनास्थल सर्जमिन मुचुल्का, घटनास्थल लास जाँच मुचुल्का, बरामद लासको कंकाल, जाहेरवालाले अदालतमा आई गरेको बकपत्रसमेतबाट समर्थित भएकाले मृतकको मृत्यु यिनै प्रतिवादीको कर्तव्यबाट भएको कुरा निसन्देहरूपमा पुष्टि हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी जाहेर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेकै देखिने।

प्रतिवादीलाई मृतकले पहिलादेखि नै अश्लिल शब्द बोल्ने, हेलाहोचो गर्ने, कुटपिट गर्ने गरेको कारण उठेको रिस थाम्न नसकी प्रतिवादीले सोही रिसले मृतकलाई आफूले बोकेको खुकुरी प्रहार गरेको तथ्य पुष्टि भएको छ । १० वर्षअघि भएको घटना रहेको र तत्काल जाहेरी नपरेको मौकामा लास जाँचलगायतका प्रमाणहरू सङ्कलन हुन नसकेको तथ्य रहे पनि प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष मृतकलाई आफूले कर्तव्य गरी मारेको तथ्यमा साबित रही न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याएको देखिन्छ । कसुरको प्रकृतिबाट कानूनले सर्वस्वसहित जन्मकैदको सजाय पनि तोकेको छ । तर कसुरको प्रकृति, वारदात हुँदाको अवस्था, परिस्थिति आदि कुराको आधारमा कसुरदारलाई सजाय निर्धारण गरी कसुर र सजायबीचमा तादम्यता हुनु र गरिनुपर्दछ। यी प्रतिवादीले मृतकलाई मारेपश्चात विदेश भारतमा गई आफूले गरेको अपराधलाई पश्चाताप गरी आफैँ सजाय भोग्न प्रहरी कार्यालयमा गई सहयोग पूराएकोसमेत देखियो । तसर्थ उक्त तथ्यहरू समेतलाई मध्यनजर राखी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नम्बरबमोजिम प्रतिवादीलाई १५ वर्ष मात्र कैदको सजाय हुन राय व्यक्त गरेको पुनरावेदन अदालत, धनकुटाको रायसमेत मनासिब नै देखिन आउने।

अतः प्रतिवादी खैरा टेकबहादुर भन्ने रामबहादुर राईलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिमको कसुर ठहऱ्याई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद गर्न व्यक्त गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०७१।०३।२६ को रायसहितको फैसला मिलेकै देखिँदा रायसहितको

साधक सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-WO-०१००, परमादेश, दुर्गा थापा वि. श्रीमती शान्ति थापासमेत

निवेदिका दुर्गा थापा नेपाली नागरिक बाबु आमाबाट नेपालमा नै जन्मिएकी मानिस हुन भन्नेसम्बन्धमा विपक्षीहरूले अन्यथा जिकिर लिन सकेकोसमेत देखिएन । विपक्षीमध्येको जिल्ला प्रशासन कार्यालयले निवेदिका दुर्गा थापा नेपाली नागरिक हुन् भन्ने तथ्यलाई सारतः स्वीकार गरेको र केवल प्रक्रियागत कारणबाट नागरिकताको प्रमाणपत्र प्रदान गर्न नसकेको भनी लिखित जवाफमा जिकिर लिएको पाइयो। सम्पूर्ण मिसिल कागज अध्ययन गरी हेर्दा निवेदिका दुर्गा थापा नेपाली नागरिक भएको तथ्य समर्थित हुन आएको देखिने।

रिट निवेदकाले बाबु शिवहरी भन्ने रामहरी थापा नेपालको नागरिकता प्रमाणपत्र प्राप्त नागरिक भएको कुराको जिकिर लिएको हुँदा निजलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्न इन्कार गर्न मिल्ने अवस्था नदेखिने।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा नागरिक एवम् राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ समेतले राष्ट्रियताको पहिचान गरिपाउने कुरालाई मानव अधिकारको रूपमा स्वीकार गरेका छन्। महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव विरूद्धको महासन्धि, १९७९ ले समेत भेदभावरहित तवरबाट महिलाको पहिचानसम्बन्धी अधिकारको संरक्षण गरिनु पर्ने कर्तव्य राज्यमा रहने कुराहरू उल्लेख भएको पाइन्छ। वस्तुतः नागरिकता प्रत्येक व्यक्तिको लागि महत्त्वपूर्ण हुन्छ । नागरिकताको प्रमाणपत्रले नै व्यक्तिको राष्ट्रियताको औपचारिक पहिचान गराउँदछ । कतिपय राजनीतिक एवम् आर्थिक अधिकार उपभोग गर्न नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ। नागरिकता प्राप्त गर्नु नागरिकको हक हो भने आफ्ना नागरिकलाई सरल, सहज तवरबाट नागरिकताको प्रमाणपत्र प्रदान गर्नु राज्यको कर्तव्य हो। यस्तो महत्त्वपूर्ण विषयमा सामान्य प्रक्रियागत जटिलता देखाएर नागरिकताको प्रमाणपत्र प्रदान गर्न ढिलाई गर्नु उचित नहुने।

शान्ति थापा प्रतिवादी भएको ०७०-CP-०१६३ को लिखत बदर मुद्दा लिखत बदर भएको मिसिल संलग्न फैसलाको प्रतिलिपिबाट देखियो । परिणामतः अदालतको फैसलाबाट समेत नाता सम्बन्ध स्थापित भएको देखिन्छ। शान्ति थापा निवेदिका दुर्गा थापाको सौतेनीआमा हुनुका अतिरिक्त मुद्दामा विपक्षी (झगडिया) बनाइएकी व्यक्ति भन्नेसमेत देखिएको छ। यस अवस्थामा निज शान्ति थापाबाट सनाखत भएपछि मात्र नागरिकताको प्रमाणपत्र प्रदान गर्ने भन्नु अनुचित र अव्यावहारिकसमेत हुनजान्छ । बाबुको २०६६ सालमा नै मृत्यु भएको, जन्मदिने आमासमेत पहिले नै दोस्रो विवाह गरी अन्यत्र गएको र सम्पर्कमा नरहेको अवस्था देखिँदा नागरिकताको प्रमाणपत्र लिने प्रयोजनका लागि निजहरू कसैले सनाखत गर्ने अवस्था नै देखिँदैन । यस अवस्थामा बाबु आमा वा सौतेनी आमाले सनाखत नगरेको भन्नेसम्मका आधारमा मात्र नागरिकताको प्रमाणपत्र जारी गर्न इन्कार गर्नु न्यायोचित हुँदैन। तसर्थ रिट निवेदिका दुर्गा थापालाई

नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नेसम्बन्धमा सम्बन्धित अधिकारीले विवेकसङ्गत रूपमा छिटो छरितो तवरबाट निर्णय गर्नु वाञ्छनीय देखिन आउने।

अतः माथि विवेचित आधार र कारणबाट निवेदिका दुर्गा थापालाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नुपर्ने अवस्था देखिन आएबाट यस सम्बन्धमा कानूनबमोजिम जे जो प्रक्रिया पूरा गर्नुपर्छ सो पूरा गरी यो आदेशको जनाउ प्राप्त भएका मितिले १ (एक) महिनाभित्र निजलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षीमध्येका जिल्ला प्रशासन कार्यालय, ललितपुर र उक्त कार्यालयका प्रमुख जिल्ला आधिकारिका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०४४३, उत्प्रेषण, सीता भट्टराई (पोखरेल) समेत वि. लोक सेवा आयोग, के.का., अनामनगर, काठमाडौंसमेत

रिट निवेदकहरूको शैक्षिक योग्यता तथा न्यूनतम सेवा अवधिको सम्बन्धमा विपक्षीहरूले अन्यथा प्रश्न उठाएको अवस्था पनि देखिँदैन। नेपाल स्वास्थ्य सेवा नियमाली, २०५५ को नियम ८१ समेतका प्रावधानहरूले एक तहमुनिका स्वास्थ्य सेवाका निर्धारित योग्यता पुगेका कर्मचारी उम्मेदवार हुन पाउने व्यवस्था गरेको देखिन्छ। रिट निवेदकहरू कार्यरत पद र विज्ञापित पदतर्फ दृष्टिगत गर्दा जनरल नर्सिङ्ग र कम्युनिटी नर्सिङ विषयका देखिएकाले एकअर्कासँग सम्बन्धित वा मिल्दोजुल्दो विषयसमेत देखिन आउँदछ। यस अवस्थामा निवेदकहरूलाई प्रतिस्पर्धामा भाग लिन नदिई विज्ञापन एवम् परीक्षा नै रद्द गर्नु उचित देखिन नआउने।

निवेदकहरूले पेसा, व्यवसायसम्बन्धी वैध अपेक्षाका विषयहरूको उठान गरी न्यायिक उपचारको मार्ग अपनाएको देखिन्छ। कानूनद्वारा निषेध गरेको कुराको दाबी गरिएको अवस्था भएमा त्यसलाई वैध अपेक्षा मान्न सकिने थिएन। तर प्रस्तुत विवादका सन्दर्भमा हेर्दा त्यस प्रकारको अवस्था देखिँदैन। कानूनद्वारा तोकिएका योग्यता र अनुभवसम्बन्धी सर्तहरूको विद्यमानता रहेको कारणबाट प्रतिस्पर्धात्मक तवरबाट बढुवा प्रक्रियामा सामेल भएको अवस्थामा कुनै उचित र विवेकसङ्गत कारण नै नखुलाई प्रक्रिया नै रद्द गर्नु मनासिब हुँदैन। परीक्षा रद्द गर्ने निर्णय गर्दा विपक्षीहरूमध्येको लोक सेवा आयोगले कुनै कानूनी आधार वा चित्तबुझ्दो कारण खुलाएको पनि पाइएन। परिणामतः विपक्षीहरूबाट भए गरिएका काम कारवाही एवम् निर्णयबाट निवेदकहरूको पेसा, व्यवसाय गर्ने हकमा अनुचित बन्देज लगाइएको अवस्था देखिन आउने।

अतः कानूनबमोजिम प्रक्रिया पूरा गरी लिखित परीक्षामा सफल भई अन्तर्वार्तामा समेत सामेल भइसकेको अवस्थामा लोक सेवा आयोगको उक्त परीक्षासँग सम्बन्धित सम्पूर्ण कारवाही रद्द गर्ने सन्दर्भमा भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७२।८।१७ को निर्णय, सो निर्णयका आधारमा लोक सेवा आयोगलाई राय दिइएको मिति २०७२।८।१८ को पत्र, तथा लोक सेवा आयोगको मिति २०७२।८।२४ को निर्णय र मिति २०७२।८।२५ को आयोगको अन्तर्वार्ता तथा सिफारिस शाखाको सूचनालगायतका काम कारवाहीहरू उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। रिट निवेदकहरूको मिति २०७२।७।१८ मा लिइएको अन्तर्वार्ताको

नतिजा नियमबमोजिम यथाशीघ्र प्रकाशित गर्नु भनी परमादेशको आदेशसमेत जारी।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-WO-०९८९, उत्प्रेषण / परमादेश, राजकिशोर साह वि. श्रीमती अन्जुदेवी साहसमेत

उत्प्रेषण र परमादेशको रिट निवेदन व्यक्तिको संवैधानिक एवम् कानूनी हक प्रचलन गराउने महत्त्वपूर्ण रिटहरू हुन्। सर्वोच्च अदालतले असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रयोग गर्ने यी रिटको माध्यमबाट प्रशासनिक एवम् विधायिकी कार्य वा निर्णयको वैधानिकता वा कानूनी हैसियत (Legality) परीक्षण गर्ने गर्दछ । यी दुवै रिटहरूको मुख्य उद्देश्य कानूनी अधिकार वा कर्तव्य भएका निकाय वा पदाधिकारीबाट गलत निर्णय भएमा त्यसलाई सच्याउने र संविधान एवम् कानूनअनुकूलको कर्तव्य पालना गर्न लगाउने नै हो । उत्प्रेषणको आदेश अधिकारक्षेत्रको अभाव, अधिकारक्षेत्रको अतिक्रमण, अधिकारक्षेत्रको दुरूपयोग भई निर्णय भएको, प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय भएको, प्रत्यक्ष कानूनी त्रुटिको अवस्था निर्णयमा देखिएको, निर्णय जालसाजी वा कपट वा बदनियतबाट भएको अवस्था विद्यमान भएमा जारी हुने हो। मुद्दाको प्रमाणको मुल्याङ्कन एवम् कानूनको व्याख्या गरी रिट क्षेत्रबाट विवादको निरूपण हुने होइन। प्रस्तुत मुद्दामा मातहत अदालतबाट फैसला हुँदा त्यस्तो कुनै अवस्था विद्यमान छ भनी रिट निवेदकले उल्लेख गर्न सकेको अवस्था विद्यमान नदेखिने।

रिट निवेदकले विपक्षी अन्जुदेवीले अंश हक प्राप्त गर्ने फैसला कार्यान्वयन हुनुअघि अर्कोसँग विवाह गरी २०६७।११।१२ मा बच्चासमेत जन्मेको भनी जनकपुर अञ्चल अस्पतालबाट जारी भएका कागजातहरू संलग्न गरेको देखिन्छ। उक्त कागजातहरू सोसम्बन्धमा अभिलेख राख्ने नेपाल सरकारको कुनै आधिकारिक निकायबाट जारी भएका कागजात भन्ने देखिँदैन । प्रत्यर्थी अन्जुदेवीले पेस गरेको लिखित जवाफबाट निजले अर्को विवाह गरेकी हो होइन भन्ने कुरामा मौन रहेको पाइन्छ । २०६३ सालमा सुरू अदालतबाट प्रत्यर्थी अंजुदेवीले अंश पाउने ठहरी फैसला भई २०६७।९।२५ मा पुनरावेदन अदालत, जनकपुरबाट उक्त फैसला सदर हुने ठहरी फैसला भई तत्पश्चात् मात्र कार्यान्वयनमा गएको भन्ने देखिन्छ । यसरी मुद्दा परेको लामो समयपश्चात् मात्र कार्यान्वयन प्रक्रियामा रहेको अवस्थामा फैसला कार्यन्वयनलाई अवरूद्ध गर्ने परिणाम आउने गरी अर्थ लगाउनु उचित नहुने।

रिट निवेदक र प्रत्यर्थी अन्जुदेवीबीच २०६३ सालमा धनुषा जिल्ला अदालतबाट सम्बन्ध विच्छेद हुने फैसला हुँदा नै प्रत्यर्थी अन्जुदेवीले अंश पाउने भन्ने फैसला भइसकेको र सोही फैसला पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।९।२५ मा सदर भएको देखिन्छ। फैसलाबमोजिम पाउनु कार्यविधिको विषय हो। प्रत्यर्थी अन्जुदेवीले अंश पाउने ठहर्‍याई भएको फैसला सारवान् विषय हो। यस्तो सारवान् हक स्थापित भइसकेपश्चात् कानूनी प्रक्रियाबाट त्यस्तो हक समाप्त नभएसम्म कायमै रहन्छ । सक्षम अदालतले सम्पूर्ण प्रक्रिया पूरा गरी गरेको ठहर फैसला यथावत् कायम रहेसम्म सो फैसलाको कार्यान्वयन गरिनुनै पर्ने।

वस्तुतः प्रस्तुत विवाद केवल अंशबन्डा

छुट्याउने प्रक्रियागत प्रश्नसँग मात्र सम्बन्धित रहेको नभएर महिलाको हक अधिकारसँग सम्बन्धित विषय पनि देखिन्छ । मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ४क, ४ख, र ४ग समेतका कानूनी व्यवस्थालाई समग्रमा दृष्टिगत गर्दा पहिलो पतिबाट अंश छुट्याई लिएपछि अर्को विवाह गरे पनि पहिलेको पतिबाट प्राप्त गरेको सम्पत्ति भोग गर्न पाउने स्थिति देखा पर्दछ । शेषपछि मात्र सो सम्पत्ति अपुतालीको माध्यमबाट हकवालामा सर्ने हुन्छ । महिला अधिकारलाई व्यवस्थित गर्नेगरी कानूनमा गरिएको परिवर्तनको भावना र मर्मप्रतिकूल हुनेगरी अंशबन्डा हुने ठहरी भएको फैसला कार्यान्वयन तहको अन्तिम चरणमा आएर रोक्नु विवेक नहुने सङ्गत नहुने ।

फैसलाको परिणामस्वरूप सम्पत्तिमा हक स्थापित भइसकेको अवस्थामा केवल केही सामान्य कार्यविधिगत प्रक्रिया पूरा हुन बाँकी रहेको कारणबाट पक्षको स्थापित सारवान हक सीमित वा संकुचित हुन नसक्ने ।

अतः उपर्युक्त विवेचित आधार, कारणहरूबाट तहतह फैसला भई अन्तिम भएको फैसला कार्यान्वयन कार्य र सो क्रममा भएका आदेशहरूमा कुनै किसिमको अधिकारक्षेत्रात्मक वा कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषण एवम् परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । अदालतबाट भएको फैसलाअनुसार अंशबन्डा छुट्याएको कारणबाट निवेदकको कुनै प्रकारको मौलिक हक अधिकारमा आघात परेको सम्झन मिल्ने पनि हुँदैन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल कात्तिक ८ गते रोज २ शुभम् ।

## इजलास नं. १७

**मा.न्या.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-१०३०, उत्प्रेषण, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३५ स्थित लाइफलाइन ट्रेड इन्टरनेसनल प्रालिका अख्तियारप्राप्त प्रबन्ध निर्देशक कृष्णप्रसाद ढकाल वि. चितवन जिल्ला, भरतपुर उपमहानगरपालिका वडा नं. ७ स्थित वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालसमेत

एउटा स्वायत्त शासित संस्थाको रूपमा संस्थापित अस्पताललाई आफूअन्तर्गतको एउटा विभाग जस्तो व्यवहार गर्न मन्त्रालयले मिल्दैन । यस्तो कुरा लोकतन्त्रमा उचित पनि हुँदैन । व्यवहारिक र कार्यगत स्वायत्तता स्वायत्त संस्थाहरूको पुँजी हो भने आफ्नो संस्थापनको उद्देश्य अनुरूप पारदर्शी एवम् उत्तरदायी ढंगले कार्य गर्नु स्वायत्त संस्थाहरूको दायित्व हो । यसो गर्न सकिएमा मात्र संस्थाहरूमा असल शासन कायम भई लोकतन्त्र मजबुत हुने ।

"मालसामान" भन्ने शब्दभित्र मेसिन वा त्यसको कुनै अंश (पार्टपुर्जा) वा प्रविधि पर्न सक्ने नै हुँदा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने विषयमा सार्वजनिक निकाय अर्थात् वी.पी. कोइराला क्यान्सर अस्पताल निर्णय गर्न सक्षम नै देखिन्छ । बोलपत्र पेस हुँदैमा सो बोलपत्र आफूले नै पाउनुपर्छ भन्ने हक बोलपत्रमा संलग्न व्यक्तिलाई हुँदैन । बोलपत्र स्वीकृत भई करार सम्झौता भएपछि मात्र सो करारको कारण हकहरू सिर्जना हुन्छन् । तर बोलपत्र आह्वान गरेपछि सो कार्यलाई तर्कसङ्गत निष्कर्षमा पुर्‍याउनु पर्ने दायित्व भने सम्बन्धित संस्थामा रहन्छ । वैध अपेक्षाको सिद्धान्तले पनि यही कुरा भन्छ र यसो नगरिएमा

सम्बन्धित संस्थाको विश्वसनीयता समाप्त हुन जाने।

वी.पी. कोइराला क्यान्सर अस्पतालले सार्वजनिक खरिद ऐन, कानूनबमोजिम ग्लोबल टेन्डर आह्वान गरी Pet CT Scan मेसिन खरिद प्रक्रिया सुरू गरी बोलपत्र मुल्याङ्कनको चरणमा प्रवेश गरेकोमा सो प्रक्रिया समाप्त नहुँदै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७२।३।१८ को निर्णयबाट सो कार्य रोकिएको देखियो । सार्वजनिक खरिद ऐनको दफा २६ को व्यवस्था हेर्दा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने विषयमा निर्णय गर्नसक्ने सार्वजनिक निकायलाई अधिकार भएकै देखिँदा सो कार्यमा असर पर्ने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट त्यसरी Pet CT Scan मेसिन खरिदसम्बन्धमा भएको टेण्डर प्रक्रिया रोक्न मिल्ने नदेखिने।

तसर्थ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७२।३।१८ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा आउने बिरामीको चाप हेरी टेन्डरमार्फत खरिद गर्न लागिएको मेसिनको गुणस्तर, उपयुक्तता, विश्वसनीयता र सेवाको प्रभावकारिताको विषयमा आवश्यक भए प्राविधिक परामर्शसमेत गरी गराई कानूनबमोजिम यथाशीघ्र उपयुक्त तथा उचित निर्णय गर्नु भनी विपक्षी अस्पतालको नाउँमा र अस्पताललाई उपयुक्त निर्णय गर्ने र निष्कर्षमा पुग्ने कार्यमा समन्वय र सहयोग गर्नु भनी विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ २४ गते रोज २ शुभम्।

## इजलास नं. १८

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०४९०, कर्तव्य ज्यान, नेपाल सरकार वि. गोगनबहादुर मल्ल

प्रतिवादीहरू गोगनबहादुर र बालकृष्ण प्रतिवादी विष्णुबहादुर मल्लले मृतकलाई कुटपिटजन्य वारदात गर्दा वारदातस्थल वरपर रहेको तथ्य भने स्थापित भएको छ । वारदातस्थल नजिकै रहेका निज प्रतिवादीद्वयले प्रतिवादी विष्णुबहादुर मल्लले मृतकलाई कुटपिट गर्दा घटना घट्न नदिने प्रयास स्वरूप रोक्ने छेक्नेसमेतका कार्य गर्नतर्फ निजहरू नलागी अलि पर रहेको देखिन्छ । निजहरूको यस प्रकारको संलग्नता मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ नं. को देहाय ३ मा व्यवस्थित "अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई ६ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्थासँग मिल्दोजुल्दो रहेको देखिन आयो । यसै कानूनी व्यवस्थालाई आकृष्ट गरी प्रतिवादीहरू गोगनबहादुर मल्ल र बालकृष्ण मल्ललाई जनही १ वर्ष कैद हुने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिने।

प्रतिवादीहरू विष्णुबहादुर मल्लसँग एकै गाउँ ठाउँका संगी साथी रहे पनि घटना हुँदाका अवस्थामा घटनास्थलमा निजहरूको उपस्थित देखिएको छैन । अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा बयान गर्दा मुख्य प्रतिवादी विष्णुबहादुर मल्लले

आफूले मृतक बलिराजलाई कुटपिटजन्य कार्य गर्दा यी प्रतिवादीहरूसँग मत सल्लाह भएको भनी पोल गरेको देखिँदैन। घटना विवरण कागज गरी अदालतमा बकपत्र गर्ने डिलबहादुर मल्लसमेतका प्रत्यक्षदर्शीले यी प्रतिवादीहरू वारदात स्थलमा रहेको भन्न सकेको पाइँदैन। वारदातको प्रकृति पनि पूर्वयोजना अनुसारको नभई मृतकसमेतसँग प्र. विष्णुबहादुरको अकस्मात भेट भएपछिको देखिन्छ । तत्कालै मृतकसँग भेट भएपछि विष्णुबहादुरले मृतकलाई कुटपिट गर्न खोज्दा निज भाग्ने क्रममा आफ्नो हातमा रहेको फलामको छडको पहिलो प्रहार नै मृतकको टाउको जस्तो संवेदनशील अङ्गमा लाग्न गई सोही चोटको कारण मृतकको मृत्यु भएको स्थिति छ । यस्तो वारदातको प्रकृति रहेकोमा कुनै तथ्ययुक्त प्रमाण बिना यी प्रतिवादीहरूले मत सल्लाह गरे अनुसार प्र. विष्णुबहादुरले मृतकलाई प्रहार गरेको रहेछ भनी मान्न कानूनतः नमिल्ने हुँदा अभियोग दाबीबाट प्र.जयेन्द्र मल्ल र हंशबहादुर मल्लले सफाइ पाउने गरी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा रहेको नदेखिने।

प्रतिवादी विष्णुबहादुर मल्लले आफूले प्रहार गरेको फलामको रड मृतक बलिराज मल्लको टाउकोमा लाग्न पुगी तत्काल मृतक ढल्न गई सोही चोटका कारण मृतकको मृत्यु भएको तथ्यलाई अधिकारप्राप्त अधिकारी र अदालतसमेतको बयानमा स्वीकार गरेको देखिन्छ। निज प्रतिवादीको सो बयान व्यहोरा घटनास्थल तथा लासजाँच मुचुल्का, लास जाँच प्रतिवेदन, अन्य प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्ष भएको बयान एवम् प्रत्यक्षदर्शी डिल बहादुर मल्ल, सूर्यबहादुर मल्लसमेतको बकपत्रसमेतका स्वतन्त्र प्रमाणबाट पुष्टि भएको पाइन्छ। न्यायको रोहमा एक पटकको प्रहारमै मृतकको मृत्यु भएको स्थितिमा ज्यानसम्बन्धीको महलको १४ नं. आकृष्ट हुन सक्छ कि भन्ने अवस्था यहाँ रहेको छ। तर, प्र. विष्णुको सामान्य कुटपिटको प्रयासपछि मृतक भाग्न खोज्दा निजले पुनः पिछा गरी हातमा रहेको फलामे रडले बलपूर्वक मृतकमाथि प्रहार गरेको अवस्थाले गर्दा तत्कालको रीसले केही गर्दा मरेको भनी यहाँ उक्त नं. को प्रयोग हुनसक्ने स्थिति भएन। यसप्रकार मिसिल संलग्न संकलित उल्लिखित तथ्यको रोहमा प्रतिवादी विष्णुबहादुर मल्लको कसुर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ नं. को देहाय ३ अनुरूपको रहेको प्रमाणित भई ऐ. नं. अनुसार सर्वस्वसहित जन्मकैद सजाय गरेको पुनरावेदन अदालतको फैसला मनासिब नै रहेको देखिँदा सदर हुने।

मृतक बलिराज र प्रतिवादी विष्णुबहादुर मल्ल एकै गाउँ ठाउँका सँगी साथी रहेको देखिन्छ । मृतक र प्रतिवादीको उमेर १६ देखि १९ वर्षभित्रको अपरिपक्क रहेको छ । मृतकले नाच हेर्ने ठाउँमा प्रतिवादी विष्णुसमेतलाई नाचगान गर्नबाट रोक लगाउन खोजेको देखिन्छ। सोही सामान्य मनमुटाव स्वरूप अकस्मात भेट भएको समयमा तर्साउने उद्देश्यले मृतकलाई समाउन खोज्दा मृतक भागेको कारण हातमा रहिरहेको रड प्रहार गर्दा मृतकको टाउकोमा लागेको चोटका कारणबाट मृतक ढल्न पुगी निजको मृत्यु भएको छ । यसबाट यस घटनामा यी प्रतिवादीको मृतकलाई मार्ने सम्मको मनसाय र योजना रहेको देखिन आउँदैन। अपरिपक्क व्यक्तिले झटारो स्वरूप फालेको रड संयोगले मृतकको संवेदनशील अङ्ग टाउकोमा लाग्न गएको परिस्थितिवश मृतकको मृत्यु भएको, प्रतिवादीले सत्य घटना देखाई कसुर स्वीकार गरी अधिकारप्राप्त अधिकारी र अदालत, समेतमा बयान गरी न्यायिक प्रक्रियालाई सहज बनाई अदालतलाई सहयोग गरेको, उक्त वारदातको समयमा

प्रतिवादीको उमेर शिक्षा हाँसिल गरी असल नागरिक हुनेतर्फ उन्मुख रहेको अवस्थासमेतबाट ऐनबमोजिम प्र. विष्णुबहादुर मल्ललाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने चित्तले देखिएको हुँदा अ.बं. १८८ नं. अनुरूप निजलाई कैद वर्ष ८ (आठ) हुन पुनरावेदन अदालतले व्यक्त गरेको रायसमेत सदर हुने।

तसर्थ, उल्लिखित आधार र कारणबाट प्रतिवादी विष्णुबहादुर मल्ललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ नं. को देहाय ३ को कसुरमा सोहीअनुसार सर्वस्वसहित जन्मकैद गरी मुलुकी ऐन, अ.बं. १८८ नं. अनुरूप कैद वर्ष ८ हुन राय लगाई एवम् प्रत्यर्थी प्रतिवादीहरू गोगनबहादुर मल्ल र बालकृष्ण मल्ललाई ऐ. महलको १७ नं. को देहाय ३ बमोजिम जनही १ वर्ष कैद हुने र प्रत्यर्थी प्रतिवादीहरू जयन्द्र मल्ल र हंशबहादुर मल्लले अभियोग दाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत, जुम्लाबाट मिति २०६८।३।२० मा भएको फैसला सदर हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल पुस १७ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०७९२, कर्तव्य ज्यान, शुक्रराज राईसमेत वि. नेपाल सरकार

मिति २०६७/११/१२ गते गाउँमा रामकुमार राईको घरमा विवाहको कार्यमा सघाउनको लागि मृतक दुर्गाबहादुर राई गएको अवस्थामा रविन राई, शुक्रराज राई र दिपेस राईले लात्ती, हात र मुक्काले कुटपिट गरी मरणासन्न अवस्थामा पुर्‍याई छाडी फरार भएकोले उपचारको सिलसिलामा मृतकको मृत्यु भएको भन्ने किटानी जाहेरी दरखास्त परेको देखिन्छ। मृतकको आँखा सुन्निएको, निधारमा २ वटा टुटुल्को सुन्निएको, बायाँ गालाको कानपट्टिको भागमा धस्रिएको, रूद्रघण्टी भन्दा मुनि सानो चोट देखिएको भन्ने घटनास्थल तथा लास जाँच मुचुल्काबाट देखिन्छ। रक्सी सेवन गरेको अवस्थामा मृतक र पुनरावेदकबीच झगडा भई कुटपिट भएको तथ्यलाई पुनरावेदक प्रतिवादीहरूले अनुसन्धान अधिकारी तथा सुरू अदालतमा समेत साबित भई बयान गरेको पाइन्छ। मेची अञ्चल अस्पताल भद्रपुरको पत्रबाट मृत्युको कारणसम्बन्धमा The cause of death due to intracranial hemorrhage भन्ने उल्लेख भएको विशेषज्ञ डाक्टर खुश्बु लाठले अदालतमा उपस्थित भई बकपत्र गर्दा भिसेरा परीक्षणबाट विषादी सेवन भन्ने नपाइएकोले मृतकको मृत्यु टाउकोमा रगत जमेको कारणबाट भएको हो भनी बकपत्र गरेको पाइने।

वारदातस्थलमा रहेका प्रत्यक्षदर्शीको रूपमा रहेका जाहेरवाला दिलबहादुर राईलगायत अन्य बुझिएका व्यक्तिहरूबाट समेत किटानीरूपमा यिनै प्रतिवादीहरू शुक्रराज राई, दिपेस राई र रविन राईले कुटपिट गरेको र सोही चोटको कारण मृतकको मृत्यु भएको भनी घटनाक्रम खुलाई गरिदिएको बकपत्र, मृतक दुर्गाबहादुर राईको मृत्यु टाउकोमा लाग्न गएको घाउको कारणबाट भएको भन्ने तथ्य निर्विवादित रहेको, निज प्रतिवादीहरूसमेत मिति २०६७/११/१२ मा विवाहघरमा भएको र मृतकसँग झगडा भई कुटपिट गरेकोमा साबित रहेको अवस्थामा सुरू अदालतबाट निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने ठहर गरेको निर्णयलाई सदर गर्ने ठहर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९/०९/०८ को फैसला मिलेकै देखिँदा सदर हुने।

घटना हुँदाको अवस्थामा प्रतिवादीहरू शुक्रराज राई र दिपेस राईको उमेर १८ वर्ष तथा

प्रतिवादी रवि राईको उमेर २३ वर्ष रहेको, निजहरूको मृतक दुर्गाबहादुर राईसँग कुनै पूर्व रिसइबी रहेको भन्ने नदेखिएको, रक्सीको प्रभाव रहेका मृतकले खुकुरीजस्तो हतियार बोकी हिँडेको र पूर्वयोजना बनाई प्रतिवादीहरूले मृतकको हत्या गरेको समेत नदेखिएको अवस्थासमेतलाई विचार गर्दा निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम प्रतिवादीहरूलाई जनही १०(दश) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७३-WO-००१६, उत्प्रेषण / परमादेश, अशोककुमार देवकोटा वि. विमला धिताल (पोखरेल) समेत

व्यक्तिको म्याद तामेली मुलुकी ऐन, अ.बं. ११० नं. मा "समाह्वान, इतलायनामा, म्याद, पुर्जी, सूचना तामेल गर्न खटिएका सरकारी कर्मचारी सम्बन्धित ठाउँमा गई व्यक्ति चिने जहाँ फेला परे पनि निजलाई बुझाउन हुन्छ । सम्बन्धित व्यक्ति फेला नपरे वा नचिने निजको ठेगानामा गै बुझी घर डेरा पत्ता लगाई मानिस चिनी सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदश्य वा सचिव र अरू स्थानीय भलादमी दुईजना रोहबरमा राखी म्याद तामेल गर्नुपर्छ । सम्बन्धित व्यक्ति भेट भए निजैलाई निज भेट नभए त्यसका उमेर पुगेको एकाघरका उमेर पुगेका कुनै व्यक्तिलाई दिई र निजहरू पनि भेट भएन वा भए पनि बुझी लिएन भने त्यसको घर डेराको ढोकामा सबैले देख्ने गरी टाँसी अड्डामा दाखिल गर्ने, समाह्वान, इतलायनामा, म्याद, पुर्जी, सूचनाको पीठमा कसलाई दिए टाँसिएको हो सो र सो दिए टाँसिएको दिनको मितिसमेत लेखी एकप्रति अड्डामा दाखिल गर्नुपर्छ ।" भनी उल्लेख भएबमोजिम नै म्याद टाँस भएको पाइन्छ । यस्तो म्याद तामेलीबाट केही व्यक्तिलाई अन्याय पर्न सक्ला तर निजलाई म्यादको जानकारी हुन नसकेको भन्ने आधारमा यस्तो म्याद तामेलीलाई बदर गर्दा सार्वजनिक सुव्यवस्था र कानूनको शासनलाई अन्याय पर्छ । सार्वजनिक सुव्यवस्था र कानूनको शासनको जग भनेको कानूनले बसालेको पद्धति र कोरेको मर्यादाको उल्लङ्घन नगर, आफ्नो काम कारोबार तथा व्यवहार गर्दा वा त्यसको सम्भावित आँकलन गर्दा त्यो पद्धतिले कोरेको सीमा रेखाभित्र रही चाहिने सतर्कता र होसियारी बनाई राख, लापरवाही नगर भन्ने सन्देश हो । विवादित तमसुक भएको र आफूले विपक्षी विमला धिताललाई सोको साँवा ब्याज तिर्न नसकेको भन्ने कुरालाई निवेदकले इमानदारीका साथ स्वीकार गर्नुभएको छ । प्रत्यर्थी विमला धितालको रकम किस्ताबन्दीमा तिर्छु भनेर आफूले प्रत्यर्थीको श्रीमानलाई फोनमा भन्दा प्रत्यर्थीसमेतले फोन रिसिभ नगरी सम्पर्कविहीन भएको भन्ने निवेदकको कथन छ । यस अवस्थामा आफूउपर लेनदेन मुद्दा पर्ला र अदालतबाट म्याद आउला भन्नेतर्फ सचेत रहन र म्याद तामेल भए नभएको जानकारी लिने निवेदकको दायित्वबाट निवेदक पन्छिन मिल्दैन । निवेदकले गरेको तथ्यगत स्वीकारोक्तिबाट निवेदक विरूद्धको प्रत्यर्थी विमला धितालको लेनदेन मुद्दाको दाबी पुग्ने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसलालाई

तथ्य (merit) को आधारमा समेत त्रुटिपूर्ण भन्न मिल्ने नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल साउन १७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-WO-१०३७, उत्प्रेषण / परमादेश, पूर्णचन्द्र पौडेल वि. सम्मानीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

न्यायपरिषद्को बैठकको निर्णय वा अरू काम कारवाहीको सम्बन्धमा नेपालको संविधान वा अन्य नेपाल कानूनमा गणपूरक संख्याको व्यवस्था भएको पाइँदैन। कुनै निकायले पूर्णता पाएको अवस्थामा हुने गरिने काम कारवाहीलाई उत्तम मानिन्छ। तर त्यसको सिर्फ नैतिक बल मात्र हुन्छ। यससम्बन्धी वैधानिकता वा अवैधानिकताको लागि हेर्नु पर्ने कुरा कानून नै हो । निवेदकले आफ्नो यो जिकिरको समर्थनमा कानून उल्लेख गर्न नसक्नु र संख्यात्मक हिसाबले ५ सदस्यीय परिषद्का बहुमत ३ सदस्यको मतैक्यमा प्रस्तुत सिफारिस भएबाट यसलाई संविधान वा कानून विपरीत मान्न नमिल्ने।

नैतिक वा अन्य हिसाबले हेर्ने हो भने पनि संविधान वा कुनै पनि कानूनको बल नै त्यसको कार्यान्वयन हुन्छ । संविधानले प्रदान गरेको तमाम मौलिक हक र पीडितले पाउने देवानी फौजदारी यावत् न्यायिक उपचार अदालतको सही परिचालनमा मात्र सम्भव हुन्छ । न्याय दिने निकाय समक्ष भएमा धेरै कुरा त्यसैपनि मिल्दै जान्छ। सायद भगवान मात्र पूर्ण होलान । बाँकी सबै पूर्णतातिर यात्रामा छन् । कुनै व्यवस्था नहुनुभन्दा खराब व्यवस्था धेरै राम्रो हुन्छ भन्ने कुरा अनुभवसिद्ध कुरा हो। तर यो सिफारिसमा त्यस्तो खराब व्यवस्थाको पनि गन्ध छैन। सर्वोच्च अदालतमा कार्यको अत्यधिक बोझ तर माननीय न्यायाधीशहरूको अभाव त्यसबेला एक निर्विवाद सत्य थियो । त्यो यथावत् रहँदा न्याय कानूनको पृष्ठपोषण हुन्छ भन्ने कुरा मान्नै सकिँदैन। यसर्थ नैतिकता, कर्तव्य निष्ठा, संवैधानिक दायित्व र सामाजिक सुव्यवस्था यावत् हिसाबले सो सिफारिस एउटा आवश्यकता थियो जसको प्रतिफल राम्रो छ र राम्रो नै हुने।

नेपालको संविधानको धारा १२९ उपधारा (५) मा कानूनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा ५ वर्ष काम गरेको वा कानूनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा १५ वर्ष निरन्तर वकालत गरेको वा १५ वर्षसम्म न्याय वा कानूनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानूनविदको रूपमा ख्यातिप्राप्त गरेको वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि योग्य मानिनेछ" भन्ने व्यवस्था भएको र धारा ३००(२) मा "यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतमा बहाल रहेका सर्वोच्च अदालतका प्रधानन्यायाधीश वा न्यायाधीश, पुनरावेदन अदालतका मुख्य न्यायाधीश, न्यायाधीश र जिल्ला अदालतका जिल्ला न्यायाधीश यसै संविधान बमोजिम नियुक्ति भएको मानिनेछ र सोही धाराको उपधारा (५) मा उच्च अदालत, स्थापना भएपछि न्यायपरिषद्को सिफारिसमा प्रधान न्यायाधीशले यो संविधान प्रारम्भ हुँदाका बखत बहाल रहेका पुनरावेदन अदालतका मुख्य न्यायाधीश र न्यायाधीशहरूलाई उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशमा

पदस्थापना गर्ने छ" भनी स्पष्ट पारेको छँदाछँदै निवेदक जस्तो विद्वान्ले यो तर्क अघि सार्नुलाई यो इजलास दुःखद मान्दछ । त्यसै गरी निवेदकले उल्लेख गरेको धारा १५३(७) को अभिलेखसम्बन्धी कमी कमजोरी आफैँमा सिफारिस बदर गर्नका लागि पर्याप्त नदेखिने।

प्रतिनिधि सभाको सभामुखले पुनर्विचार गर्नको लागि न्यायाधीश नियुक्तिको सिफारिस न्याय परिषद्मा पठाएकोमा सो विषय न्यायपरिषद्मा पेस नगरी न्यायपरिषद्का सचिवले सोझै सुनवाईको लागि संसद्समक्ष पठाएको अवैध भयो भन्ने निवेदकको कथन छ । तर यो कुरामा अडान लिएर संसद्, सभामुख आदिले सुनवाई नगर्ने वा गरे पनि सिफारिस अनुमोदन नगर्नेसमेतको कार्य गर्न निजहरूसमक्ष नै हुनुहुन्थ्यो । सिफारिस भएका माननीय न्यायाधीशहरूलाई प्रतिनिधि सभाको सुनवाई समितिले सुनवाई गरी हर किसिमले योग्य पाई अनुमोदन गरिसकेकोले निवेदकको कथन अब एक निरर्थक बुँदा बन्न गएको छ । यस्तो निरर्थक बुँदामा प्रवेश गर्न निरर्थक नै हुने।

जहाँसम्म धारा ४२(१) अन्तर्गत वर्ग र व्यक्तिलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हकलाई प्रस्तुत सिफारिसले नजर अन्दाज गरेको भन्ने निवेदन जिकिर छ त्यो पनि प्रस्तुत सिफारिस बदरको लागि पर्याप्त छैन। त्यस्ता के कति व्यक्ति यो सिफारिसमा पर्नेलायक थिए र परेनन् यससम्बन्धी कुनै पनि तथ्यांक निवेदकबाट पेस भएको पाइँदैन । माथि नै भनियो यो सिफारिस समयकै माग थियो । यसबाट धारा ४२(१) को हक प्राप्तिको सुनिश्चितता बढ्ने नै छ । प्रचलित ऐनअनुसार भएको सिफारिसले सबै कुरामा ध्यान दिन नसक्नु र सिफारिस संविधान तथा कानूनविपरीत हुनु दुई फरक कुरा हुन् । धारा ४२(१) सम्बन्धी निवेदकको जिकिरको सम्बोधनको लागि सिफारिस बदर गर्नुपर्ने स्थिति नहुँदा निवेदकको यो जिकिरसँग पनि सहमत हुन सकिएन। माथि उल्लिखित कारणहरू प्रस्तुत रिट निवेदन खारेज गर्नका लागि पर्याप्त छन् । त्यसमाथि यस्तो शीघ्रातिशीघ्र निरूपण हुने प्रस्तुत रिट निवेदनमा आफ्नो बुँदा राखी इजलासलाई सहयोग गर्नुपर्नेमा पेसी सुनवाई स्थगनको माग गर्नुभएको निवेदकको आचारण न्यायको सहयोगी देखिँदैन । कारण देखाउ आदेश भइनसकेको अवस्थाको निवेदनको सुनवाई स्थगन भन्ने कुरा अपवादको पनि अपवाद हो। त्यस्तो अपवादको पुष्टि हुनसकेको छैन । विपक्षीहरूबाट लिखित जवाफ माग्नु पर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ १२ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७३-WO-०१६३, उत्प्रेषण, राकेशकुमार रावल वि. महानगरीय प्रहरी परिसर, कालीमाटी काठमाडौंसमेत

प्रत्यर्थीहरूबाट लिखित जवाफ माग गर्नुपर्ने नपर्नेसम्बन्धमा विचार गर्दा निवेदकसँग थुनछेक प्रयोजनको लागि रू.५ लाख धरौट माग गर्ने भन्ने सुरू जिल्ला अदालतको आदेश हालसम्म यथावत् देखिन्छ । सो आदेश बदर गरिपाउँ भन्ने निवेदकको निवेदन जिकिर छैन । प्रारम्भिकरूपमा निवेदकलाई उन्मुक्ति दिन नसकिने र निवेदक कसुरदार ठहर्न सक्ने भन्ने कुरा लागेरै पुर्पक्षको क्रममा कसुरदार थुनामा रहने वा निजसँग धरौट माग्ने आदेश हुने गर्छ । अरू अवस्थामा निवेदकलाई विशुद्धरूपमा तारिखमा राख्ने आदेश हुन्थ्यो। यो इजलासले उक्त थुनछेक आदेशको हेक्का राख्नै पर्ने।

पुनरावेदन अदालतबाट मिसिल प्रमाणको सूक्ष्मतम मूल्याङ्कन भएको पाइन्छ । यी निवेदक नवराजधानी सहकारीका सञ्चालक भएको भनी सहअभियुक्त सगुन पाण्डेले गरेको बयान र सञ्चालक समितिको बैठकमा सही गरेको भनी निवेदकले नै गरेको बयानलाई मध्यनजर गरी भएको पुनरावेदन अदालत, पाटनको आदेशलाई अहिल्यै त्रुटिपूर्ण भन्नु उचित हुँदैन । त्यसलाई निवेदकले अरू ठोस प्रमाण दिएर अन्यथा सिद्ध नगरेसम्म उक्त आधार, जाहेरीमा निवेदकको नाम किटानी भएको प्रमाण र निवेदक विरूद्ध भएको थुनछेक आदेशसमेतका प्रमाणबाट निवेदकको जग्गा रोक्का राखेको अदालतहरूको आदेशबाट निवेदकको संविधान प्रदत्त हकको हनन भएको मान्न सकिँदैन । संविधानले कानूनसम्मत सम्पत्ति हकको मात्र संरक्षण गर्ने कुरालाई निवेदकले स्मरण गर्नु पर्ने ।

माथि उल्लिखित कुराहरूलाई प्रस्तुत रिट आदेशको आधार नबनाए पनि हुन्थ्यो किनभने अभियोगपत्र नै दायर भई फैसलाको क्रममा रहेको साधारण अधिकारक्षेत्रअन्तर्गतको मुद्दामा भएको अन्तरकालीन आदेशको परीक्षण असाधारण अधिकार क्षेत्रअन्तर्गतको रिटबाट हुनु अधिकारक्षेत्रको सिद्धान्तभित्र सामान्यतया पर्दैन । अपवादको रूपमा बन्दीप्रत्यक्षीकरणको रिटबाट यदाकदा हस्तक्षेप हुनेबाहेक साधारण अधिकारक्षेत्रको विकल्पको रूपमा असाधारण अधिकारक्षेत्र आकर्षित हुँदैन । रिट भनेको निर्णयकर्ताले सही गलत के गर्यो भन्नेभन्दा पनि निवेदक प्रति बद्नियत वा पूर्वाग्रह राखेर सुनुवाइको मौका नदिई, अधिकारक्षेत्र नभएको वा अधिकारक्षेत्रको दुरूपयोग गरेर र कानूनले तोकेको प्रक्रियाको अवलम्बन नगरी काम कारवाही भए नभएको र भएमा सो शुद्ध गर्ने उपचार हो । यसैले यो मूलतः प्रक्रियात्मक procedural कानूनसँग सम्बन्धित रहन्छ । त्यो उपचार पनि साधारण अधिकारक्षेत्रको उपचार नभएमा वा त्यो अन्तिम भएमा मात्र आकर्षित हुने उपचार हो । प्रस्तुत मुद्दामा ती यावत् आधारभूत कुराको पालन भएको अवस्था छ । यी सबै कारणबाट प्रस्तुत रिट निवेदन ग्रहणयोग्य देखिन नआएकोले प्रत्यर्थीहरूसँग लिखित जवाफ माग गर्नु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल भदौ १३ गते रोज २ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति